वर्ष ३६ अंक ८४ असार, २०७४

लेखापरीक्षण

पत्रिका

A NEPALESE JOURNAL OF GOVERNEMT AUDITING



महालेखापरीक्षकको कार्यालय
सार्वजनिक लेखापरीक्षण
स्वर्ण जयन्ती २०१६ २०६६
राष्ट्रिय स्रोत साधनको सदुपयोग
Office of the Auditor General, Nepal

महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाण्डौ
नेपाल

संरक्षक



माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सम्पादक-मण्डल

संयोजक	श्री मोहदत्त तिमिल्सिना
सदस्य	श्री बाबुराम गौतम
सदस्य	श्री ईश्वर नेपाल
सदस्य	श्री पदमराज पौडेल
कार्यकारी सम्पादक	श्री चन्द्रकान्त भण्डारी
सह-सम्पादक	श्री रोशन दास

कम्प्युटर संयोजन/सेटिङ्ग
श्री विष्णुगोपाल डंगोल

ठेगाना :
सम्पादक मण्डल
लेखापरीक्षण पत्रिका
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं, नेपाल ।

Address :
Editorial Board
Nepalese Journal of Government Auditing
Office of the Auditor General
Babarmahal, Kathmandu, Nepal

छपाई प्रति : ७००

शूल्क: १ प्रतिको रु ५०/- ISSN Number: 2505-0893

विषय सूची

सि.नं.	शीर्षक	लेखक	पृष्ठ
	नेपाली खण्ड		
१	नेपालको सार्वजनिक सेवा प्रवाहमा आर्थिक पक्षले पारेको प्रभाव	श्री राममाया कुँवर	७
२	बौद्ध दर्शनको दृष्टिकोण र लेखापरीक्षण	श्री महेश्वर काफ्ले	१२
३	लेखापरीक्षकलाई गरिने कारवाहीमा विचारणीय पक्ष	सिए. वैकुण्ठ बहादुर अधिकारी	२०
४	महालेखा परीक्षकको कार्यालयको जवाफदेहिताका सैद्धान्तिक पक्ष	श्री घनश्याम पराजुली	२५
५	परिवर्तित सन्दर्भमा स्थानीय तहको लेखापरीक्षण	श्री रमेश ढकाल	३५
६	सार्वजनिक खरिद कानुनमा संशोधन र यसका प्रभावहरु	श्री टिकानाथ अर्याल	४५
७	नेपालको सार्वजनिक सेवाको प्रभावकारिताको स्थिति एक अध्ययन	श्री प्रकाश के.सी.	६३
८	सार्वजनिक खरिदसम्बन्धी कारोबारको भुक्तानी रकमको लेखापरीक्षण	श्री जनकराज गौतम	७२
९	लेखापरीक्षणमा बिल-भरपाईको चुनौती	श्री आनन्द श्रेष्ठ	८४
	English Section		
१०	Buddhism in Nepal	Mr. Maheshwor Kaphle	९१
११	IT Audit Matrix	Mr. Ram Chandra Poudel	९६
१२	Buddhism and Good Governance	Mr. Shalikram Ghimire	१०३
१३	An Analysis of Value Added Tax	Mr. Durga Prasad Panthi	११५
१४	Concept of Value Added Tax Code	Mr. Chet Nath Dahal	१२६
१५	कार्यालय गतिविधि		१३९
१६	महालेखा परीक्षकको कार्ययोजना अंश		१५५
१७	Photo Gallery		१६३

सम्पादकीय

नेपालको संविधान, २०७२ लागू भए पश्चात मूलुक संघीयता कार्यान्वयनको प्रक्रियामा अघि बढेको छ। यस क्रममा आवश्यक पर्ने कतिपय कानून र संरचना तयार भएका छन् भने कतिपय तयार हुने अवस्था छन। स्थानीय तहहरु निर्धारण भई निर्वाचन भएको छ। संघीयताको संरचनामा तोकिए बमोजिम सरकारका विभिन्न तहहरु रहने व्यवस्था छ। यसरी स्थापना हुने निकायहरुले संविधान प्रदत्त अधिकार बमोजिमको कार्य तथा सेवा प्रवाह गर्नु पर्दछ। यसरी शासन सत्ता सञ्चालन गर्न जनताबाट चुनिएका प्रतिनिधिहरुले कानून बमोजिम श्रोत साधन संकलन गर्ने, ती श्रोत साधनहरुलाई राष्ट्रिय, प्रादेशिक तथा स्थानीय प्राथमिकताको आधारमा वस्तु तथा सेवा प्राप्तीमा उपयोग गर्ने अधिकार पाएका हुन्छन्। यसरी जनताबाट प्राप्त भएको कानूनी, राजनैतिक, आर्थिक अधिकारहरु कानून बमोजिम विवेक सम्मत रुपमा जवाफदेहीढंगले पारदर्शी रुपमा भएको छ छैन भनी परीक्षण गर्ने, मूल्यांकन गर्ने र देखिएका व्यहोरा लेखा परीक्षण प्रतिवेदन मार्फत जनताका प्रतिनिधिहरुलाई जानकारी गराउने कार्य सर्वोच्च लेखापरीक्षण संस्थाले गर्दछ।

नेपालको संविधान बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको दृष्टिकोणवाट लेखापरीक्षण गर्ने जिम्मेवारी महालेखापरीक्षकलाई दिईएको छ। यस्तो महत्वपूर्ण जिम्मेवारीमा रहेको महालेखापरीक्षकको कार्यालयले आफ्ना काम कर्तव्यहरुलाई व्यवस्थित गर्न र उच्च गुणस्तर कायम गर्न आचार संहिता लागू गर्ने कर्मचारीहरुलाई सक्षम बनाउन लेखापरीक्षणसँग सम्बन्धित मानदण्डहरु, गाईड, म्यानुअल आदिलाई समय सापेक्ष अद्यावधिक गर्दै लैजाने र सो सम्बन्धमा व्यवस्थित रुपमा तालिम कार्यक्रमहरुको आयोजना गर्दै आएको छ। साथै राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा समय समयमा आयोजना हुने तालिम, गोष्ठी, सेमिनार तथा वैठकहरुमा सहभागी हुने मौका प्रदान गराउदै आएको छ। कार्यालयको महत्व र आवश्यकता अविछिन्न रुपमा रहन्छ भन्ने कुरा सदैव कायम राख्न आफ्नै कार्यालयले गरेका कार्यहरुलाई अझ बढी जवाफदेही, पारदर्शी रुपमा गर्ने र उदाहरणीय व्यवहार प्रदर्शन गर्न अत्यावश्यक हुन्छ। हाल संघियता सहितको संविधान लागू भएको र त्यसबाट कार्यालयको क्षेत्राधिकारमा वृद्धि भएको सन्दर्भमा र संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा कार्यालयले स्पष्ट दृष्टिकोणका साथ अघि बढ्नु पर्ने अवस्था छ।

हालै मात्र नेपालको संविधानको धारा २४० बमोजिम संवैधानिक परिषद्को सिफारिस र व्यवस्थापिका-संसदको संसदीय सुनुवाई विशेष समितिमा सुनवाई भई अनुमोदन पश्चात् राष्ट्रपतिबाट महालेखा परीक्षकको नियुक्ति भएको छ। नव नियुक्त माननीय महालेखापरीक्षकज्यूले आफ्नो ६ बर्षे कार्यकालको विशेष कार्य योजना समेत सार्वजनिक गरि सक्नु भएको छ। सार्वजनिक प्रशासनमा सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न उक्त कार्ययोजनाको कार्यान्वयनले मद्धत गर्नेछ।

सार्वजनिक प्रशासनमा सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न महत्वपूर्ण जिम्मेवारीमा रहेको महालेखापरीक्षकको कार्यालयले आफ्ना काम कर्तव्यहरुलाई व्यवस्थित गर्न र उच्च गुणस्तर कायम गर्न सांगठनिक सुधार गर्ने, आचार संहिता लागू गर्ने, कर्मचारीहरुलाई सक्षम बनाउन लेखापरीक्षणसँग सम्बन्धित मानदण्डहरु, गाईड, म्यानुअल आदिलाई समय सापेक्ष अद्यावधिक गर्दै लैजाने र सो सम्बन्धमा व्यवस्थित रुपमा तालिम कार्यक्रमहरुको आयोजना गर्दै आएको छ। साथै राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा समय समयमा आयोजना हुने तालिम, गोष्ठी, सेमिनार तथा वैठकहरुमा सहभागी हुने मौका प्रदान गराउदै आएको छ।

कार्यालयको महत्व र आवश्यकता अविछिन्न रुपमा रहन्छ भन्ने कुरा सदैव कायम राख्न आफ्नै कार्यालयले गरेका कार्यहरुलाई अझ बढी जवाफदेही, पारदर्शी रुपमा गर्ने र उदाहरणीय व्यवहार प्रदर्शन गर्न अत्यावश्यक हुन्छ। नयाँ संविधान लागू भएको र त्यसबाट कार्यालयको क्षेत्राधिकारमा वृद्धि भएको सन्दर्भमा र संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा कार्यालयले स्पष्ट दृष्टिकोणका साथ अघि बढ्नु पर्ने अवस्था छ। यी सबै परिप्रेक्ष्यमा कार्यालयले सुधारका कार्यक्रमहरु तर्जुमा गर्ने र कार्यान्वयन गर्दै आईरहेको छ।

लेखापरीक्षणलाई अझै बढी विश्वसनीय बनाउन कार्यमूलक लेखापरीक्षणमा बाह्य सरोकारवालाहरु तथा नागरिक समाजको बढ्दो सहभागिता गराउन शुरु गरिएको छ। यस क्रममा सरोकारवालाहरुसँग सम्बन्धमा अभिवृद्धि गर्न नयाँ सञ्चार रणनीति लागू गरिएको छ। लेखापरीक्षणमान, गाईड, म्यानुअल जस्ता मार्गदर्शन प्रदान गर्ने दस्तावेजहरुलाई अन्तर्राष्ट्रियमान र अभ्यास अनुरुप अद्यावधिक गर्ने प्रयासहरु भएका छन्। कार्यालयको कामलाई व्यवस्थित गर्न सूचना प्रविधिको बढ्दो प्रयोग आवश्यक हुने कुरालाई मनन गरी नेपाल लेखपारीक्षण व्यवस्थापन प्रणाली र विद्युतीय कार्यपत्र लागू गर्ने क्रममा रहेका छन्। कार्यालयको अन्तर्राष्ट्रिय सहभागिता बढाउन प्रयासहरु भएका छन्। कार्यालयले एसोसाई, आई.डी.आई. लगायत अन्य मुलुकका सर्वोच्च लेखापरीक्षण संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुमा अनुरोध भए बमोजिम कार्यालयका कर्मचारीहरुलाई श्रोत व्यक्तिको रुपमा सहभागी गराउदै आएको छ। साथै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरुले र अन्य सर्वोच्च लेखापरीक्षण संस्थाहरुले आयोजना गर्ने कार्यक्रमहरुमा सहभागीको रुपमा कर्मचारी मनोनयन गरी पठाउने गरिएको छ।

उपर्युक्त सुधारका कार्यहरुको फलस्वरुप कार्यालय आफ्नो संवैधानिक दायित्व निर्वाह गर्न सक्षम रहने छ भन्ने विश्वास लिएका छौं।

धन्यवाद।

नेपाली खण्ड

नेपालको सार्वजनिक सेवा प्रवाहमा आर्थिक पक्षले पारेको प्रभाव

✍ रामाया कुँवर

१. **विषय प्रवेश**: सार्वजनिक सेवा प्रदान गर्दा आफ्ना सरोकारवालाहरुको माग तथा आवश्यकताको आधारमा हुन सक्यो सकेन त्यसको यकिन गरेर मात्र सम्पादन गर्नुपर्दछ। प्रदान गरिएको सेवा गुणस्तरीय, भरपर्दो र टिकाउ हुने खालको हुनु जरुरी छ। सेवाको गुणस्तर भन्नु नै सेवाबाट जनस्तरमा पर्न गएका सकरात्मक असरले सरोकारवालाहरुको आवश्कता पूरा गरेको हुनुपर्दछ भन्ने हो। राज्यले प्रदान गर्ने सेवा वा वस्तु उत्पादन तथा वितरण गर्दा निश्चित विधि तथा प्रक्रियाको अवलम्वन गरेको हुनुपर्दछ। विधि तथा प्रक्रिया अवलम्बन, कार्यान्वयन तथा मूल्याङ्कन गर्ने निकायमा कार्यरत राष्ट्रसेवक तथा सेवा प्रदायकहरु स्वतन्त्र, स्वच्छ तथा आचरणयुक्त भए मात्र सेवा प्रदान गर्ने कार्यलाई प्रभावकारी तथा उच्चस्तरको बनाउन सकिन्छ। सेवा तथा वस्तुको उत्पादन तथा वितरण गर्दा विधि तथा प्रक्रियाको पालना गरिएको छ, सेवा प्रदायकले पालना गर्नुपर्ने पदीय आचरण पालन गरेको छ, सेवा प्रवाह गर्दा लाभ लागत प्रभावकारिता हेरिएको छ र दक्षतापूर्वक सम्पन्न भएको छ भनी यकिन गरेर सरोकारवालाहरुलाई आश्वस्तता प्रदान गर्न प्रक्रिया अपनाउँदै जानुपर्दछ।

२. **प्रतिबद्धता**: नेपालले सेवा प्रवाह गर्ने कार्यलाई थप प्रभावकारी गराउनुपर्ने र संयुक्त राष्ट्रसंघद्वारा घोषित सहश्राब्दी विकास लक्ष्य (२०००–२०१५) कार्यान्वयन र त्यसपछिको दिगो विकास लक्ष्य (२०१६–२०३०) हासिल गर्न प्रतिबद्धता गरेअनुसार तय गरिएका विकासका लक्ष्यहरुको आधारमा सेवा प्रवाह नीति यकिन गरिनुपर्दछ। दिगो विकास लक्ष्यले अपेक्षा गरेका सबै किसिमका गरिबी अन्त गर्ने, भोकमरी उन्मूलन, खाद्यान्न सुरक्षा, पौष्टिक आहारमा सुधार र कृषिमा दिगोपन प्रर्वद्धन गर्ने, स्वस्थ जीवनको सुनिश्चतता, समावेशी र समानुपातिक शिक्षाको सुनिश्चितता, लैङ्गिक समता तथा महिला सशक्तीकरण, खानेपानी तथा सरसफाई तथ दिगो व्यवस्था, सवैको लागि आधुनिक ऊर्जा, उत्पादनमूलक र दिगो आर्थिक विकास, सुरक्षित र दिगो शहरी बसोबास, दिगो उपभोग र उत्पादन वृद्धि, वातावरण परिवर्तन र त्यसका असर कम गर्ने, दिगो वन व्यवस्थापन गर्ने र दिगो विकासको लागि साझेदारीजस्ता सूचकहरु रहेका छन्। यी सूचक तथा लक्ष्यका आधारमा नेपालमा सार्वजनिक निकायले आफ्ना आफ्ना लक्ष्य तय गरी कार्यान्वयनमा ल्याउने प्रयास भइरहेको छ।

३. **संवैधानिक व्यवस्था**: नेपालको संविधान २०७२ मा जनताले राज्यबाट प्राप्त हुने सेवा सुविधामा उनीहरुको समान तथा सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने, उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको आवश्यकता परिपूर्तिका अवसर तथा लाभको विशेष व्यवस्था गर्ने र यसको लागि नागरिक सशक्तीकरण गरी सेवा प्राप्तिमा हुनसक्ने अनियमितता, भ्रष्टाचार, अव्यवस्थित व्यवस्था अन्त्य गरी प्रभावकारी सेवा प्रदान हुने लोककल्याणकारी राज्य व्यवस्था

स्थापना वातावरण तयार गर्ने विषय उल्लेख गरिएको छ। सेवा प्रवाहलाई प्रभावकारी तथा सर्वसुलभ, सहज पहुँचको लागि संघीय लोकतान्त्रिक शासन व्यवस्थाको अवलम्बन गरी सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने व्यवस्था समेत गरेको छ। वि.सं. २००४ सालदेखि सेवा तथा जनताको हितलाई सर्वोपरि ठानी राज्यले सोहीअनुसार आफ्नो दायित्व तथा त्यसको लागि नागरिकको कर्तव्यलाई व्यवस्थित गर्दै आएको छ। यसबाट नागरिकले तोकिएको मापदण्डको आधारमा सेवा प्राप्त गर्दै आएका छन्।

४. **सकरात्मक पक्षः** सेवा प्रवाहको क्षेत्रमा पछिल्लो समयमा सुधार हुँदै आएको छ। सार्वजनिक क्षेत्रबाट सेवाको स्तर सुधार गर्न प्रयास गरिएको स्वच्छ, पारदर्शी, गुणस्तरीय, छिटो छरितो सेवा वितरणको लागि प्रतिबद्धता जनाउँदै आएको र सोही आधारमा कार्य सम्पादन पनि हुदै आएको छ। जसमा देखिएका सुधारका प्रयासहरुमध्ये पहिले आउने सेवाग्राहीलाई पहिला नै सेवा उपलब्ध गराउने, नागरिक बडापत्रको व्यवस्था, घुम्ती सेवा व्यवस्थापन, संस्थागत व्यवस्था केन्द्रदेखि स्थानीय स्तरसम्म समान सेवा, जनशक्ति र स्रोतसाधनको कुशल व्यवस्था, गुनासो सुनुवाइसम्बन्धी प्रभावकारी व्यवस्था, विनाझन्झट सेवा प्रवाह गर्ने संस्थागत तथा नीतिगत व्यवस्था (सुशासन ऐन, नियम), कार्यविवरण र जिम्मेवारी किटान गर्ने व्यवस्था, पुरस्कारको व्यवस्था (कर्मचारी, कार्यालय), कार्यसम्पादनमा आधारित तलब प्रणालीको सुरुआत र समावेशी र प्रजातन्त्रिक चरित्रको परिपाटी बनाउने कानुनी अठोट रहेको छ।

५. **नकारात्मक पक्षः** हाल जनताले सेवा प्रवाहको क्षेत्रमा भएको सुधारका कदमले राहत भए तापनि सकारात्मक महसुस गरिएको केही कमजोरी तथा नकारात्मक पक्ष मेत देखा परेको अवस्था छ। व्यवहारिकरुपमा देखिएका यस्ता समस्याहरुलाई सुधार गर्ने प्रयासहरु नभएका भने होईनन्। तर पनि अझै सुधार हुन नसकेका क्षेत्रमा नागरिकमैत्री व्यवहार नदेखिनु, नीतिगत अस्पष्टता र अस्थिरता, जनशक्ति र स्रोतसाधनको अपर्याप्तता, जनअपेक्षा पूरा गर्ने सेवा नहुनु, सेवाको गुणस्तर कमजोर हुन, जटिल र प्रक्रियामुखी व्यवहार, सीमान्त वर्गको पहुँचमा कमी, भौतिक पूर्वाधारहरूको अभाव, जनशक्तिमा प्रोत्साहनको कमी र उत्तरदायित्वको भावना नहुनु, संघीय, प्रदेश तथा स्थानीय तहमा कर्मचारी व्यवस्थापनमा जटिलताले गर्दा थप चुनौती रहेको छ।

६. **सेवा सुविधाका सुधारका पक्षः** सार्वजनिक निकायहरुबाट प्रदान गरिने सेवा तथा सुविधा प्रभावकारी रुपमा सम्पादन तथा सञ्चालन भए नभएको निष्पक्ष एवं स्वतन्त्ररुपमा मूल्याङ्कन गरी त्यसबाट कुनै कमजोरी तथा सुधार गर्नुपर्ने ठाउँ देखिएमा सोहीअनुसार सुधार गरी सेवा प्रवाहलाई प्रभावकारी तथा फलदायी बनाउनु जरुरी छ। यसको लागि सार्वजनिक सेवा प्रदान गर्ने निकाय तथा संस्थामा कार्यरत कर्मचारीहरुको क्षमता तथा दक्षता अभिवृद्धि गर्नुपर्दछ। विभिन्न क्षेत्रमा

सुधारको आवश्कता रहेको देखिए तापनि विशेष गरी निम्न क्षेत्रमा सुधार गरी गुणस्तरीय सेवा प्रवाह हुने व्यवस्था हुनुपर्दछ:

- सेवाको लागि आवश्यक पर्ने सीपको लागि कर्मचारीहरुको क्षमता तथा दक्षतामा सुधार गर्नुपर्ने विषयहरुको पहिचान गरी सेवा प्रदान गर्ने कार्यमा योग्य जनशक्ति तयार गर्ने,
- सेवा प्रदायकलाई उत्प्रेरित बनाउने कार्य वातावरण तथा कार्य संस्कृतिको विकास गर्ने,
- कर्मचारीलाई आवश्यक तालिम दिलाई प्राप्त तालिमको आधारमा कार्य जिम्मेवारी दिने
- सेवाप्रति सरोकारवालाहरुले राखेका गुनासाहरुलाई सम्बोधन गर्ने क्षमताको विकास गराउने,
- संघीय व्यवस्थाबमोजिम राज्यले तय गरेका नीति, कार्यक्रम तथा प्रक्रियाको प्रभावकारी कार्यान्वयन गर्ने क्षमताको विकास गराउँदै जाने,
- कर्मचारीहरुको लागि आवश्यक तालिम, क्षमता विकास तथा दक्षता अभिवृद्धि गर्ने सम्बन्धी अध्ययन प्रतिवेदनमा उल्लिखित सुझावहरुको कार्यान्वयन गराउँदै जानुपर्ने,
- तालिम दिलाउने निकायहरु (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय) निकायहरुवीच समन्वय कायम गरी उच्चस्तरीय जनशक्ति उत्पादनमा जोड दिने,
- सेवा प्रवाहको विभिन्न प्रक्रियामा सूचना प्रविधिको प्रयोग विस्तार गरी तथ्यको सङ्कलन, विश्लेषण, प्रतिवेदन तथा सूचना प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक सीपको विकास गराउने,
- जनशक्ति योजना तर्जुमा तथा कार्यान्वयन,
- कर्मचारी पदस्थापन, तालिम र सरुवा नीतिलाई नतिजामुखी बनाउने,
- आर्थिक क्षेत्रका विषयमा सर्वसाधारणमा सूचना तथा जानकारी प्रवाह गर्ने,
- आर्थिक क्षेत्रमा क्षमता विकास तथा तालिम प्रदायक संस्थाहरुको क्षमता विकास तथा स्तरोन्नति गर्ने तथा आर्थिक क्षेत्र सम्बद्ध निकायहरुको क्षमता विकास योजना तयार गर्ने,
- सुशासन कानुनको पूर्ण परिपालना भए नभएको बारे अनुगमन गर्ने संयन्त्रलाई सक्रिय बनाई कार्यसम्पादनका क्रममा देखिएका कमी कमजोरीहरु कम गराउँदै लैजान बलियो तथा प्रभावकारी अनुगमन संयन्त्र बनाई क्रियाशील गराउने,
- सेवा व्यवस्थापन सुधारको लागि सूचना प्रविधि ई-गभर्नेन्सको उपयोग र सेवाको गुणस्तरमा निरन्तर सुधार गर्ने,
- सेवा प्रवाहमा जनसहभागिता र विकेन्द्रीकरण नीति अवलम्बन गर्ने,
- सेवा वितरणमा मूल्याङ्कन तथा तदनुरुप सुधार प्रणाली लागू गर्ने ।

७. **आर्थिक क्षेत्र:** विकासको एक सूचक मात्र नभै आर्थिक क्षेत्रले राष्ट्रिय समृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ। उत्पादनका साधनहरु (भूमि, पुँजी, श्रम, उद्यमशीलतामध्ये पुँजी अर्थात् आर्थिक स्रोतलाई अर्थतन्त्रका विविध पक्षहरुमा अहम् रुपमा लिने गरिन्छ। नेपालमा सेवा प्रवाहलाई आर्थिक क्षेत्रले प्रभाव पारेको हुँदा यी क्षेत्रको सुधार नभै सेवामा परिवर्तन हुने अवस्था देखिँदैन। यसको लागि आर्थिक क्षेत्रका मुख्य समस्या निम्न रहेको पाइन्छ।

- कुल गार्हस्थ उत्पादन करिब २४५० अर्ब रुपैयाँ मात्र भएकोले यसको आकार सानो र आयात निर्भरता रहेको,
- राजस्वको दायरा कमजोर तथा सीमित,
- स्वदेशी तथा वैदेशिक लगानीको वातावरण उत्साहजनक नहुनु र लगानी प्रभावकारी रुपमा हुन नसक्नु,
- ऊर्जा, यातायात, सञ्चार, बजार जस्तापूर्वाधार विकास न्यून हुनु,
- नीतिगत निरन्तरताको कमी वा राजनीतिक अस्थिरता,
- खर्च गर्न सक्ने क्षमता न्यून,
- बाह्य पक्षसँग हुने वार्ता तथा राष्ट्रिय स्वार्थलाई राष्टिय हित अनुकूल बनाउन नसकिनु,
- बचत परिचालन तथा वित्तीय उपकरणको कमी,
- वित्तीय स्थायित्व कमजोर र दीर्घकालीन वित्तीय योजना सुदृढ नहुनु,
- वित्तीय अनुशासन तथा व्यवस्थापकिय क्षमता सृदृढ हुन नसक्नु,
- आर्थिक कारोबारमा सूचना प्रविधिको प्रयोग भरपर्दो हुन नसकेको,
- जिम्मेवार वहन गराउने पक्ष कमजोर छ, कार्य संस्कृतिको अभाव,
- सार्वजनिक लेखापरीक्षणबाट प्रशासनिक सुधार गर्न नसकेको,
- खर्च व्यवस्थापनमा थालिएका सुधारले निरन्तरता पाउन नसक्नु,
- आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको,
- आर्थिक प्रशासनमा संसदले महत्व नदिनु,
- विगतका अनुभवहरु ग्रहण गरेर अघि बढ्न नसक्नु,
- योजना, कार्यक्रम र बजेट अझै पकेटमुखी हुनु,
- आर्थिक ऐन कानुन स्पष्ट नहुँदा प्रशस्त अनियमितता बढ्नु,
- तालुक कार्यालयले अन्तर्गतका निकायको रेखदेख नियन्त्रण गर्ने नगरेको,
- दक्ष सक्षम लेखा जनशक्तिको अभाव, लेखापरीक्षकमा समेत पेशागत दक्षताको अभाव।

८. **आर्थिक क्षेत्र सुधारका लागि सुझाव:** सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव पार्ने तत्वहरुमा आर्थिक तत्वले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। यस क्षेत्रको सुधारको लागि निम्न क्षेत्रको सुधार हुनु जरुरी छ।

- राजनीतिक स्थिरता र नीतिगत निरन्तरता कायम गरिनुपर्दछ,
- संघ, प्रदेश तथा स्थानीय तहमा स्रोत व्यवस्थापन प्रभावकारी तरिकाबाट हुनुपर्दछ,
- प्रभावकारी सुशासन व्यवस्था कार्यान्वयन हुनुपर्दछ,
- लगानी वातावरण निर्माण गरिनुपर्दछ,
- सहज श्रम सम्बन्ध बनाई श्रम गर्ने भयरहित वातावरण बनाइनुपर्दछ,
- राष्ट्रिय महत्वका उत्पादनहरुको पहिचान र विकास गरी निर्यात प्रवर्द्धनमा जोड दिनुपर्दछ,
- आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन हुनुपर्दछ,
- प्रशासनिक स्वायत्तता, विकास र कर्मचारी क्षमता विकास गरिनुपर्दछ,
- वैदेशिक सहायता लगानी प्रभावकारितामा जोड दिनुपर्दछ,
- बचत वृद्धि र बचत परिचालन रणनीति निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ,
- अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

९. **निष्कर्ष:** सार्वजनिक व्यवस्थापनको क्षेत्रमा प्रभावकारिता कायम राख्दै जनतामा गुणस्तरीय, पारदर्शी तथा प्रभावकारी सेवा प्रवाह गर्न विभिन्न सरकारी संयन्त्रको व्यवस्था गरिएकोमा त्यस्ता संयन्त्रहरुले चुस्त र दुरुस्तरुपमा काम गर्ने वातावरण हुनुपर्दछ। वित्तीय स्वतन्त्रता, स्पष्ट कानुन तथा दक्ष कर्मचारी भएको खण्डमा मात्र राज्यले आफ्ना जनतालाई मागबमोजिमको सेवा उचित समय र लागतमा उपलब्ध गराउनुपर्दछ।

सन्दर्भ सूची

- नेपालाको संविधान, २०७२
- लेखापरीक्षण ऐन, २०४८
- चौधौ योजना २०७३।७४–२०७५।२०७६
- आर्थिक सर्वेक्षण, २०७३।७४
- आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४
- www.intosai.org

बौद्ध दर्शनको दृष्टिकोण र लेखापरीक्षण

✍ **महेश्वर काफ्ले**

"असंयमी भ्रष्टाचारी भई राष्ट्रको अन्न खानुभन्दा आगो झैं रातो तातेको फलामको डल्लो खानु बेस, भ्रष्ट्राचारी दुराचारी भई सय वर्ष बाँच्नुभन्दा इमान्दार भई एक दिन बाँच्नु बेस"

- धम्मपद

१. **वित्तीय सुशासनः** सुशासन भनेको असल शासन हो। विधिको शासन, उत्तरदायी, जवाफदेही, पारदर्शी, खुला शासन प्रणाली हो, जहा) सरोकारवाला सबैको सहभागिता रहेको हुन्छ। शासनको तल्लो निकायसम्म अधिकार प्रत्यायोजनको व्यवस्था मिलाइएको हुन्छ भने वित्तीय सुशासनको आर्थिक नीतिहरुको कुशल सञ्चालन हो। स्रोत साधनको प्राप्ति, उपयोग तथा वितरणमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम गर्दै वितरण तथा बा)डफा)ड कुशलता (Allocation efficiency), सञ्चालन कुशलता (Operational efficiency) र व्यवस्थापकीय कुशलता (Managerial efficiency) का मापदण्डबाट अधिक लाभ (Profit maximization) तथा प्रतिफल (Rate of return) प्राप्त हुने व्यवस्था मिलाइएको हुन्छ। वित्तीय सुशासनका मुख्य आयामहरुलाई ३ भागमा विभाजन गर्न सकिन्छ। **मितव्ययिता** आयाम अर्न्तगत राज्य सञ्चालनका लागि आवश्यक पर्ने स्रोत साधनहरु मुख्यतः आन्तरिक राजस्व, वैदेशिक अनुदान, ऋण, आन्तरिक ऋण तथा सरकारको प्राथमिकता, नीति, कार्यक्रम अनुसार आवश्यक पर्ने स्रोत साधन न्यूनतम लागतमा सकलन गर्नु, सकलन लागत घटाउनु, स्रोत साधनको उपयोग गर्दा वस्तु तथा सेवाको गुणस्तरमा ह्रास आउन नदिई लागत घटाउनु, न्यूनतम लागतमा अधिकतम उत्पादन गर्नु आदि पर्दछन। **कार्यदक्षता** आयाम अर्न्तगत स्रोत साधनको उपयोग गर्ने क्रममा निर्गत (Input) को तुलनामा आगत (Output) अत्यधिक बनाउनु, विधि प्रक्रियाको सरलीकरण गर्नु, जिम्मेवारिता र जवाफदेहिता बहन गर्नु, निर्णयका तहहरु घटाउनु, गुणस्तरमा ह्रास आउन नदिई बस्तु तथा सेवाको उत्पादन बढाउनु वा त्यतिकै उत्पादनका लागि स्रोत साधनको उपयोगमा कमी ल्याउनु हो। **प्रभावकारिता** आयाम अर्न्तगत निश्चित उद्देश्य प्राप्ति गर्नु, आगत (Output) बढाउनु, समग्र पक्षको प्रभाव बढाउनु प्रभावकारिता हो। प्रभावकारिता पक्षले वास्तविक रुपमा परिवर्तनको अनुभूति गराउने भएकोले खर्चको सार्थक मूल्य प्राप्ति (Value of money) को सुनिश्चितता गर्दछ।

२. **कानुनी व्यवस्थाः** वित्तीय सुशासन कायम गर्न संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था गरेको पाइन्छ। नेपालको संविधान २०७२ अनुसार नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, राज्यका ३ अङ्गको कार्यविभाजन, आर्थिक कार्यप्रणाली तथा लेखापरीक्षणसम्बन्धी संवैधानिक निकायको व्यवस्था आदि सबै वित्तीय सुशासन कायम गर्ने सन्दर्भमा अपरिहार्य व्यवस्थाको रुपमा रहेको पाइन्छ। आवधिक योजनाको गरिबी न्यून गर्ने, क्षत्रिय सन्तुलन, दिगो

आर्थिक विकास, क्षेत्रगत लक्ष्य तथा स्रोत साधनको उचित उपयोग सम्बन्धी व्यवस्थाहरु वित्तीय सुशासन कायम गर्नेतर्फ परिलक्षित छन। सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४मा मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखि, जवाफदेही, पारदर्शी, भ्रष्टाचारमुक्त चुस्त प्रशासन, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यताहरुलाई आत्मसाथ गर्ने उद्देश्यसहित प्रशासन संचालन सम्बन्धी सामान्य व्यवस्था, जिम्मेवारी तथा कार्यविधि र उत्तरदायीत्व स्पष्ट गरेको छ। त्यस्तै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा राज्यको काम कारवाही लोकतान्त्रीक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्वेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुंचलाई सरल र सहज बनाउने उद्देश्यले सूचनाको प्रवाह, सार्वजनिक निकायको दायीत्व, सूचना प्राप्त गर्ने कार्यविधि आदि स्पष्ट गरेको छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा विकेन्द्रीकरणका माध्यमबाट प्राप्त प्रतिफलको सन्तुलित तथा समान वितरण, योजना तर्जुमा तथा संचालनमा जिम्मेवारी र अधिकार स्थानीय स्तरमा नै प्रदान गरी जिम्मेवारी र जवाफदेही वहन गर्न सक्ने गरी संस्थागत विकास गर्ने उद्देश्यले स्थानीय निकायको संरचना, कार्यविधि आदि स्पष्ट गरेको छ। कर्मचारीहरुको व्यवस्थापनका लागि निजामती सेवा ऐन, २०४९ ले निजामती सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउने उद्देश्यले संगठन संरचना, सेवाको गठन, कार्य प्रक्रिया, सेवा तथा सुविधा, संजाय र पुरस्कार जस्ता व्यवस्थाहरु स्पष्ट गरिएको छ। आर्थिक कार्यविधि ऐन, २०५५ मा संचित कोष वा सरकारी कोषको संचालन, बजेट तर्जुमा, निकासा खर्च, लेखा राख्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, लेखापरीक्षण गराई बेरुजू फछ्यौंट गर्ने आदि आर्थिक कार्यविधिहरु स्पष्ट गरिएको छ। सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विस्वसनिय बनाउन खरिद विधि, प्रक्रिया, संरचनागत व्यवस्था गरी खरिद व्यवस्थालाई जिम्मेवारी र जवाफदेहिता स्पष्ट गर्ने प्रयास गरिएको छ। त्यस्तै अन्य क्षेत्रगत ऐन नियम, निर्देशिका, मानदण्डले स्रोत साधनको महत्तम उपयोगलाई केन्द्र बिन्दुमा राखी कार्यविधिगत, प्रक्रियागत, प्रविधिगत र व्यबहारगत व्यवस्थाहरु गरिएका छन, जसबाट वित्तीय सुशासन र पारदर्शिता कायम गर्न सघाउ पुऱ्याउदँछ।

३. **बौद्ध दर्शन**: दर्शन भनेको चिन्तन, आदर्श र मान्यता हो, जुन विश्वास र सिद्धान्तमा आधारित हुन्छ। बौद्ध भनेको नियम, आस्था र संकल्प हो। त्यसैले समग्रतामा बौद्ध दर्शन भनेको बौद्ध धर्म सम्बन्धी नियम, आस्था वा संकल्प हो जुन आदर्श, मूल्य मान्यता एवं चिन्तनद्वारा व्याप्त भई सर्व स्वीकार्यता प्राप्त गरेको हुन्छ।बौद्ध दर्शनको अवलम्बनबाट आत्मशुद्धी, चित्त शुद्धी तथा हृदय शुद्धीको माध्यमबाट सकारात्मक सोचको प्रस्फुटन हुन्छ। त्यसैले भनिन्छ, सकारात्मक नियन्त्रणका माध्यमबाट सुख:, शान्तिको प्रवर्द्धन तथा मानव कल्याणमा उपयोग गर्नु नै बौद्ध दर्शन (Bauddha Shakyamuni taught methods to develop peace & happiness thought controlling the mind and these have been widely assoiled in human mankind is known as

Buddist Philosophy) हो । नेपालको लुम्बिनीमा जन्मनुभएका सिद्धार्थ गौतमले भारतको बुद्ध गयामा बुद्धत्व प्राप्त गर्नुभएको थियो । भगवान बुद्धले पालन गरेका ७ वटा धार्मिक र नैतिक नियमलाई सात धर्मको रुपमा व्याख्या गरेको पाइन्छ । बौद्ध धर्ममा आधारित भएपनि सो धर्मको पालनाबाट आत्म शुद्धि भई सद्विचार, सद्गुण एवं सद्बुद्धिको प्रस्फुटन हुने भएकोले २६०० वर्ष अघि प्रतिपादित नियम आजको २१ औं शताब्दीमा समेत उत्तिकै सान्दर्भिक छ । यस धर्मले अपरिहार्य रुपमा अङ्गीकार गरेको धर्म, संघ, शुद्धको त्रिसरणबाट एकता कायम राखेर बेलाबेलामा भेला हुने, एकमत भएर काम गर्ने, परम्परागत राज्य विधान र आचारसंहिताको उल्लंघन नगर्ने व्यवस्था गरेको छ । साथै वृद्ध, वृद्धाहरुको आदर सत्कार, पूजा, सम्मान र गौरव गर्ने, महिला वर्गको संरक्षण, सम्मान् गर्ने, राज्यभित्र र बाहिर भएका चैत्य, स्तुपा, देवस्थानहरुको सम्मान र संरक्षण गर्ने, राज्यमा आएका सन्त, महन्त, अरहन्तहरुको सुरक्षा सम्मान गर्ने रहेका छन ।

४. **वित्तीय सुशासन र बौद्ध दर्शनः** आर्थिक प्रशासन चक्र बजेट तर्जुमा, स्वीकृति, निकासा, लेखाङ्कन, प्रतिवेदन एवं लेखापरीक्षण व्यवस्थापनमा विधिसम्मत कार्यप्रणाली, असल अभ्यास एवं मान्य सिद्धान्तको पालनाबाट समग्र वित्तीय व्यवस्थापनमा पारदर्शीता, जवाफदेहिता, नतिजा उन्मुख, उपलव्धीमूलक, सूचना सञ्चारको अनुभूति नै वित्तीय सुशासन हो । बौद्ध दर्शनले समेत अहिंसा, सद्भाव, सहयोग, सम्मान्, संरक्षण, छलफल, समन्वय जस्ता पक्षहरुलाई जोड दिएको, व्यक्ति, समाज, संस्था वा राज्यले आफ्नो राज्यभित्र वा क्षेत्राधिकारभित्र समन्याय, सहयोग, सम्मान, संरक्षणबाट राष्ट्रिय सम्पत्तिको सदुपयोग गर्नुपर्ने, आय-व्ययको पारदर्शिता र जवाफदेहीतामा जोड दिएकोले वित्तीय सुशासनका आयाम र बौद्ध दर्शनको आयाममा समानता रहेको पाइन्छ । बौद्ध दर्शनको ७ अपरिहार्य धर्मलाई लेखापरीक्षण एवं सरोकारवालाहरुको सहभागिताको कसीमा दाँजेर हेर्दा देहायबमोजिम व्याख्या गर्न सकिन्छः

४.१. **एकता कायम गरी बेलाबेलामा भेला गर्नेः** यस दर्शनभित्र सरोकारवाला वर्ग, संगठन, संस्था, नागरिकको पहिचान गर्ने, सोको अभिलेख राख्ने, सञ्चार सम्पर्क गर्ने, भेला हुने तरिका, भेलाको एजेण्डा तय गर्ने, भेलामा छलफल गर्ने, निष्कर्ष निकाल्ने र सो निष्कर्षलाई निर्णयमा रुपान्तरण गर्ने कार्यले आपसी विश्वासमा अभिवृद्धि गराउने, समन्वय गर्ने, सञ्चार गर्ने, अपनत्व भावना जगाउने र राज्यलाई सत्मार्गमा अगाडि बढाउन प्रोत्साहन गर्दछ ।

४.२. **एकमत भएर काम गर्नेः** यस दर्शनले भेला हुने, छलफल गर्ने, सहमत असहमतका विचारहरु प्रस्फुटन गराउने, सवल र दुर्बल पक्षको विश्लेषण गर्ने, विचारहरुलाई स्थान दिने र अन्त्यमा सत्मार्गको पक्षमा उत्तम विकल्प छनौट गरी सबैको सहमतीमा एकजुट भएर काम गर्न अभिप्रेरित गर्दछ । यसले छलफललाई नै रोक्ने होइन कि छलफलबाट निस्केको निष्कर्षलाई सर्व स्वीकार्यतामा जोड दिन्छ ।

४.३. **राज्य विधान र आचारसंहिताको पालनाः** राज्य विधान अन्तर्गत राजस्व संकलन गर्ने, खर्च गर्ने, स्रोत साधनको अनुमान गर्ने, प्रशासनिक कार्य सञ्चालन गर्ने, जनताको कल्याणकारी कार्य गर्ने लगायतका कार्यहरु पर्दछन् । कल्याणकारी राज्यको अवधारणा यही दर्शनभित्र पर्दछ । राज्यले आम

नगरिकलाई सेवा सुविधा उपलब्ध गराउने र सो बापत नागरिकले राज्यलाई कर तिर्ने कार्य व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि राज्य विधानको आवश्यकतना पर्दछ। सो विधानको उद्देश्यमूलक अवलम्बनका लागि अभिप्रेरित गर्न आचारसंहिताको आवश्यकता पर्दछ। यो कार्यमा पारदर्शीता समेत आवश्यक पर्ने भएकोले लेखा राख्ने, हिसाब जँचाउने, हिसाब किताबको सार्वजनिकरण गर्ने, विधान उल्लंघन गर्नेलाई दण्ड जरिवाना गर्ने, जिम्मेवारी र जवाफदेहिता स्पष्ट गर्ने लगायतका कार्यहरु यस दर्शनभित्र पर्दछन्।

४.४. **वृद्ध वृद्धाहरुको सम्मान्, सत्कार र संरक्षण गर्ने:** मानव जीवनको चक्र जन्म - बालक, युवा, वयस्क, बृद्ध, मृत्युमध्ये बालकदेखि वयस्कसम्म ज्ञान, शिप सिक्ने, क्षमता विकास गर्ने, सोको उपयोग गरी राज्यलाई दिएको देनको क्षतिपूर्ति स्वरुप वृद्ध अवस्थामा राज्यले सम्मान् गर्ने, संरक्षण गर्ने कार्य गर्नुपर्दछ भन्ने मान्यता बौद्ध दर्शनले राखेको पाइन्छ। यसको मुख्य उद्देश्य भनेको अशक्तलाई सहयोग, संरक्षण र सम्मान् गर्नुपर्दछ र यसबाट राज्यको मान सम्मान् समेत बढ्दछ भन्ने हो।

४.५. **महिला वर्गको सम्मान्:** महिला वर्गको सम्मान गर्नु बौद्ध दर्शनको अर्को मान्यता हो। महिला भनेको जननी हुन्, घर, समाज, संस्था, राज्यको लागि महिलाको योगदान अपरिहार्य छ। स्वभावैले महिलाहरु कमजोर ठान्ने प्रवृत्तिले पुरुष सरह प्रगति गर्न नसकेको मान्यता स्वरुप आरक्षण, सकारात्मक विभेद, कोटा, अग्राधिकार जस्ता माध्यमहरुबाट सहयोग, समर्थन, सुझाव गर्ने प्रथाको विकास हुनुमा बौद्ध दर्शनको मान्यताले कार्य गरेको पाइन्छ।

४.६. **चैत्य, स्तुपा, देवस्थानको संरक्षण:** बौद्ध दर्शनको अर्को एक मान्यता भनेको देशभित्र वा बाहिर रहेका चैत्य, स्तुपा, देवस्थान, मठ मन्दिरको संरक्षण गर्नु हो। यस्ता धरोहरहरु राज्यका सम्पत्ति हुन्, यस्ता राज्यका सम्पत्तिहरुको संरक्षण गर्नुपर्दछ। यसबाट नै लोक कल्याण एवं देश विकासमा टेवा पुग्दछ।

४.७. **सन्त, महन्त र अरहन्तहरुको संरक्षण र सम्मान्:** गृहस्थ त्याग गरी वानप्रस्थ सन्त, महन्त, अहन्तको आफ्नो निजी स्वार्थ नहुने भएकोले यस्ता निजी स्वार्थ विहिनहरुको संरक्षण र सम्मान्ले राज्यको गरिमा बढ्ने र राज्यले यस्तो कार्य गर्नुपर्ने मान्यता बौद्ध दर्शनले राखेको पाइन्छ।

५. **लेखापरीक्षण र बौद्ध दर्शन** - प्राचिन कालमा वस्तु विनिमय युग, मौद्रिक प्रचलन, आय-व्ययको लेखाङ्कन व्यवस्था, हिसाब फरफारक गर्नेपर्ने व्यवस्था, जवाफदेहिता र पारदर्शीताको बढ्दो माग आदि सबै लेखापरीक्षण व्यवस्थाका जग हुन्। आय-व्ययको लेखाङ्कनका लागि विधी, नियम, तरिका, पद्धति निर्धारण गरिएको हुन्छ भने आयको स्रोत र संकलन गर्न सक्ने अधिकार एवं खर्चको आदेश एवं खर्च लेखाङ्कन गर्ने पद्धति, तरिका स्पष्ट गरिएकोमा सो बमोजिम आय-व्ययको लेखाङ्कन व्यवस्थापन गरिएको छ छैन भनी गरिने मूल्याङ्कन परीक्षण, जाँच नै लेखापरीक्षण हो। यस्तो लेखापरीक्षणको बौद्ध दर्शनसंग समेत अन्योन्याश्रित सम्बन्ध रहेको छ। बौद्ध दर्शनले राज्य सञ्चालनका लागि राज्य विधान र आचारसंहिता बनाउनु पर्ने, आय-व्ययको विवरण जनता समक्ष पेश गर्नुपर्ने, आय-व्ययको हिसाब राखी सार्वजनिकीकरण गर्नुपर्ने, विधान उल्लंघन गर्नेलाई

कारबाही गर्ने, आम्दानीको स्रोत र खर्चको विवरण यकिन गरी लगत स्रेस्ता राख्नुपर्ने, हिसाब किताबको जिम्मा लिनेले जवाफदेहिता र जिम्मेवारी बहन गर्नुपर्ने जस्ता कुराहरुले गर्दा लेखापरीक्षण व्यवस्थालाई बौद्ध दर्शनले महत्व दिएको देखिन्छ। बौद्ध दर्शनले सत्यतामा विश्वास गर्ने, कसैलाई दुःख दिन नहुने, सद्मार्गमा हिड्नुपर्ने, आचरणको पालना गर्नुपर्ने, विधिसम्मत् कार्य गर्नुपर्ने, खुला अवधारणालाई आत्मसाथ गर्नुपर्ने आदि जुन मान्यताहरु लिएको छ ती मान्यताहरु आर्थिक सुशासनका मान्यताहरु मिल्दा जुल्दा रहेका छन्। ती मान्यताको सत्यता पुष्टि गर्ने कार्य लेखापरीक्षणले गर्ने भएकोले बौद्ध दर्शनको दृष्टिकोणमा लेखापरीक्षण एक पारदर्शिता प्रबर्द्धन गर्ने औजार हो भन्न सकिन्छ।

६. **वित्तीय सुशासन प्रर्वद्धनमा संलग्न निकाय**: व्यवस्थापिका संसदले ऐन तर्जुमा गर्ने, बजेट पारित गर्ने, करका दरहरु पारित गर्ने, अर्थ मन्त्रालयले बजेट तर्जुमा गर्ने, बजेट कार्यान्वयन गर्ने, बजेट नियन्त्रण गर्ने, विषयगत मन्त्रालय र मातहत कार्यालयले बजेट कार्यान्वयन गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने, महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण गर्ने, महालेखा नियन्त्रक कार्यालयले संचितकोषको हिसाव राख्ने, आन्तरिक लेखापरीक्षण गर्ने, केन्द्रीय तहसिल कार्यालयले असुल उपर गर्ने बेरुजूको लगत राख्ने, असुल उपर गर्ने, कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी आदेश अनुसार भुक्तानी गर्ने, अभिलेख राख्ने, आन्तरिक लेखापरीक्षण गर्ने आदि रहेका छन। नेपाल सरकार (कार्य विभाजन) नियमावली बमोजिम विभिन्न क्षेत्रगत कार्य गर्न तथा निगरानी एवं नियमाक संस्थाको रुपमा स्थापना गरिएका निकायको लागि बजेट तथा खर्च व्यवस्थापन, लेखाङ्कन, प्रतिवेदन गर्ने कार्य लगायत अन्य कार्य व्यवस्थापनका लागि जवाफदेहिता र जिम्मेवारी स्पष्ट गरिएको हुन्छ। उक्त जवाफदेहिता र जिम्मेवारी पुरा गर्ने सन्दर्भमा सम्बन्धित निकाय पदाधिकारीबाट सद्विचार, सद्भाव, असल नियत, सदाचार, सत्कर्म, सत्मार्ग, कृतसंकल्पका साथ काम गर्नका लागि बौद्ध दर्शनको सास्वत पालनाको जरुरी हुन्छ र यसको पालनाबाट नै संस्थागत प्रभावकारिता अभिवृद्धि हुने विश्वास गर्न सकिन्छ।

७. **वित्तीय सुशासनमा लेखापरीक्षणको भूमिका**: सार्वजनिक वित्तीय उत्तरदायित्व प्रवर्द्धन गराउने उद्देश्यले महालेखापरीक्षकले कार्यसम्पादन गर्ने भएकोले आर्थिक तथा वित्तीय सुशासन कायम गराउन लेखापरीक्षणको भूमिका महत्वपूर्ण रहन्छ। सरकारी आर्थिक कारोबारमा पहुँच, लेखापरीक्षण, अभिलेखांकन, आलोचनासहितको प्रतिवेदन, सुधारका उपायको प्रस्तुतीकरण जस्ता कार्यबाट वित्तीय विश्लेषणका लागि आवश्यक तथयाकं, सूचना, जानकारी प्राप्त हुन्छ। जुन आर्थिक तथा वित्तीय नीति तर्जुमा, बजेट तर्जुमा तथा खर्चको प्राथमिकता निर्धारण गर्न सघाउ पुग्दछ। चालु तथा पुँजीगत खर्चको स्थिति, ऋण तथा सांवा व्याज भुक्तानी, वैदेशिक सहयोगको प्राप्ति तथा उपयोग, आन्तरिक ऋण, शेयर लगानी, प्रतिफल प्राप्तिको स्थिति सम्बन्धमा यथार्थ जानकारी गराई खर्चको सार्थक मूल्य (Value for money) प्राप्त भए नभएको, भविष्यमा अवलम्बन गर्नुपर्ने सुधारका उपायको बारेमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनबाट अवगत गर्न सकिन्छ। आयोजनाको छनौट, कार्यान्वयन मर्मत संभार र दिगोपना प्राप्त भए नभएको सम्बन्धमा

लेखापरीक्षण प्रतिवेदनमा विश्लेषण गरिने भएकोले आयोजनाको छनौट, प्राथमिकता क्रम निर्धारण, कार्यान्वयन एवं निर्माणमा लेखापरीक्षण प्रतिवेदनले पृष्ठपोषण (Feed back) प्रदान गर्दछ। सार्वजनिक पदाधिकारीहरुले सार्वजनिक खर्च गर्दा वा स्रोत उपयोग गर्दा प्रचलित कानुनको पालना गरे नगरेको, समयानुकूल ऐन नियमको सुधार वा संशोधन गरे नगरेको सम्बन्धमा महालेखापरीक्षकको कार्यालयले Watch dog को रुपमा कार्य गर्ने भएकोले वित्तीय अनुशासन कायम गराउन यसको भूमिका महत्वपूर्ण रहन्छ। लेखापरीक्षण कार्यले मुख्यत: आर्थिक कारोबारको मूल्यांकन गरी शुद्धता परीक्षण गर्ने, समालोचनात्मक प्रतिवेदनका साथै सुधारका लागि सुझाव दिने, वित्तीय बिवरण प्रमाणित गर्ने लगायतका कार्य गर्ने भएकोले लेखापरीक्षणमा संलग्न व्यक्तिको समेत भूमिका महत्वपूर्ण छ। यस्तो कार्यको कुसल व्यवस्थापनको लागि अभाव, प्रभाव र दवावबाट मुक्त रही निष्पक्ष, सन्तुलित र सकारात्मक सोचका साथ तनाव रहित वातावरणमा कार्य व्यवस्थापन गर्न बौद्ध दर्शनीय दृष्टिकोणको आवश्यकता पर्दछ।

८. **चुनौती:** लेखापरीक्षणको मूल मान्यता नै स्वतन्त्र जाँच, मूल्याङ्कन वा परीक्षण गर्नु हो, तर लेखापरीक्षण कार्यमा आन्तरिक वा बाह्य आँच आई स्वतन्त्रता कायम हुन नसकेमा लेखापरीक्षणको विश्वसनीयता समेत ह्रास हुने भएकोले स्वतन्त्रतापूर्वक लेखापरीक्षण कार्य व्यवस्थापन गर्ने कार्य निकै चुनौतीपूर्ण हुन पुगेको छ। आधुनिककालीन लेखापरीक्षण प्रणाली राष्ट्रिय अन्तर्राष्ट्रिय मानदण्ड, मार्गदर्शन, कार्यविधि आदिको अवलम्बनबाट लेखापरीक्षणमा सुधार आई उद्देश्यमूलक लेखापरीक्षण, गुणस्तरीय लेखापरीक्षण तथा लेखारीक्षणको प्रभावकारिता अभिवृद्धि भएको पाइन्छ तापनि लेखापरीक्षण साध्य होइन साधन हो, गन्तव्य होइन यात्रा हो, स्थिर होइन गतिशील हो, त्यसैले यसमा निरन्तर सुधारको आवश्यकता रहन्छ भने राष्ट्रिय अन्तर्राष्ट्रिय मानदण्डमा भएको परिवर्तन, कार्यविधि एवं मूल्याङ्कन औजारको प्रयोगमा हुने परिवर्तन, चरहरुको गतिशीलता, सूचनामा पहुँच, विश्लेषण क्षमता, भाषागत अस्पष्टता, तथ्याङ्कहरुको स्रोत र प्रयोग, समयसीमा, व्यवस्थापकीय एवं स्रोत साधनको सीमितता, क्षेत्रगत उद्देश्य, निष्पक्षता वा अन्तरङ्ग झुकाव आदिका कारणबाट लेखापरीक्षण कार्य प्रभावित भई गुणस्तरीय, सन्तुलित प्रतिवेदन तयार हुन नसक्नु लेखापरीक्षण व्यवस्थापनको प्रमुख समस्या हो। उक्त समस्याहरु प्राविधिक रुपले लेखापरीक्षणसँग सम्बन्धित भएकोले सोही अनुरुप व्यवस्थापन गर्नुपर्ने हुन्छ तापनि यसको सहज व्यवस्थापनका लागि बौद्ध दर्शनको ज्ञानले सहयोगी भूमिका खेल्दछ।

९. **लेखापरीक्षणका प्रमुख समस्या:** संवैधानिक रुपमा छुट्टै संगठन, कार्यगत स्वतन्त्रता, बजेटका लागि संसदको स्वीकृति आवश्यक नपर्ने, छुट्टै कर्मचारी सेवा शर्तसम्बन्धी नियमावलीको व्यवस्था जस्ता कुराहरु भए पनि महालेखापरीक्षकले आपनो काम, कर्तव्य र अधिकारको प्रयोग गरी कार्य गर्दा केही समस्याहरुको समेत सामना गर्नुपरेको पाइन्छ। कर्मचारीको क्षमता विकासका लागि तालिम, मार्ग निर्देशन प्रकाशन, उत्प्रेरणा, पुरस्कार आदिका लागि आर्थिक स्रोतको आवश्यकता पर्दछ भने कार्य वातावरण उपयुक्त बनाउन भौतिक स्रोतको आवश्यकता पर्दछ। तर पर्याप्त स्रोतको अभावका कारण उपर्युक्त कार्यहरु प्रभावकारी रुपमा हुनसकेको पाइदैन। कार्यमूलक

लेखापरीक्षणलगायत प्रतिपादित नवीन अवधारणाहरु जस्तै वातारणीय, सूचना प्रविधि, नैतिक, नतिजा उन्मुख लेखापरीक्षणका लागि दक्षता, सीप, ज्ञानको आवश्यकता पर्दछ। महालेखापरीक्षकको विभागमा कर्मचारीको क्षमता विकास सम्बन्धी कार्य प्रभावकारी रुपमा हुनसकेको छैन। एउटै संस्थामा एउटै प्रकृतिको कार्य गरिरहनुपर्ने भएकोले कर्मचारीहरु उत्साही, सिर्जनशील र उत्प्रेरित हुन नसेकेकै स्थिति छ। लेखापरीक्षण योजना, कार्यक्रम बनाउँदा लेखापरीक्षणबाट देखिएको व्यहोराहरुको फछ्यौंट गर्ने कार्यमा र सुधारका कार्यक्रम लागू गर्ने सम्बन्धमा महालेखापरीक्षकको कार्यालय र नेपाल सरकारका निकायबीच समन्वय, छलफल, अन्तरक्रिया पर्याप्त मात्रामा हुने गरेको पाइदैन। राजनैतिक अस्थिरता, संसदविहीनताको स्थिति, राजनैतिक प्रतिबद्धताको कमी जस्ता कारणबाट सार्वजनिक लेखा समितिको भूमिका प्रभावकारी हुनसकेको छैन। महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण प्रभावकारी रुपमा गर्ने र महालेखापरीक्षकको कार्यालयले कार्यमूलक लेखापरीक्षणमा जोड दिने सिफारिस प्रशासन सुधार आयोगको प्रतिवेदन, २०४८ ले गरेको थियो। अन्तर्राष्ट्रिय मान्यता इन्टोसाइको मार्गदर्शनमा पनि उक्त कुरा छ, तर महालेखापरीक्षकको कार्यालयल उक्त अवधारणा अवलम्बन गर्नसकेको छैन। लेखापरीक्षणबाट औंल्याइएका बेरुजूहरु समयमा फछ्यौंट नहुने, सुझावहरु कार्यान्वयन नहुने आदि कारणबाट एउटै प्रकृतिका बेरुजूहरु दोहोरिने समस्या रहेको छ। लेखा नगदमा आधारित रहेकोले यथार्थ कारोबार नदेखिने, बजेट तर्जुमाका नवीन अवधारणाहरु कार्यक्रम बजेट, कार्यसम्पादन बजेट, Planning programming budgetary system को कार्यान्वयन प्रभावकारी नभएकोले कार्यमूलक लेखापरीक्षणको प्रभावकारी कार्यान्वयन हुन कठिनाई देखिएको छ। उक्त समस्याहरु सामाधान गर्ने विविध पद्धतिहरुमध्ये सकारात्मक सोचको प्रयोग, सामूहिक छलफल, प्रभावकारी सञ्चार जस्ता पक्षहरु बौद्ध दर्शनसँग सम्बन्धित छन्।

१०. **सुधारका उपायः** उपर्युक्त बमोजिमका समस्याहरुमा केन्द्रित भई लेखापरीक्षण कार्यको प्रभावकारिता वृद्धि गरी वित्तीय सुशासन कायम गर्नका लागि उपलब्ध स्रोत साधन मितव्ययितापूर्वक उच्चतम उपयोग गर्ने, स्रोत साधन उपलब्ध गराई क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, कर्मचारीहरुलाई विभिन्न तालिमहरु उपलब्ध गराई दक्ष बनाउने, उत्प्रेरणा, पुरस्कार, मान्यता (Recognization) का माध्यमबाट उत्प्रेरित गर्ने, अन्य निकायसंगको सम्बन्धलाई विस्तार गर्ने, सार्वजनिक लेखा समितिको क्षमता अभिवृद्धि गर्ने, सहकार्य गर्ने, कार्यमूलक लेखापरीक्षणमा विशेष ध्यान दिने, पद्धतिगत र नतिजा उन्मुख लेखापरीक्षणमा जोड दिने, लेखाप्रणाली र बजेट तर्जुमा प्रणालीलाई वैज्ञानिक बनाउने, लेखापरीक्षका नवीन अवधारणाहरु क्रमशः कार्यान्वयन गर्दै जाने, अन्तर्राष्ट्रिय सम्पर्क एवं आवद्धताबाट बढीभन्दा बढी फाइदा लिने, रणनैतिक व्यवस्थापनको अवधारणाबाट लेखापरीक्षण कार्यलाई अघि बढाउने जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ। सुधार योजना तयार गर्ने, आन्तरिकीकरण गर्ने, स्वजागरण, अरुको सम्मान, द्वितर्फी सञ्चार तथा सकारात्मक सोचका साथ कार्य गर्न सकेमा समस्याको सहज

समाधान पत्ता लाग्न सक्तछ। तनावरहित स्थितिमा समस्याको पहिचान, विश्लेषण एंव समाधानको उपाय अवलम्बन गरेमा सफलताको नजिक पुग्न सकिन्छ। यस्तो प्रेरणाको स्रोत बौद्ध दर्शन नै हो।

११. **निष्कर्ष:** प्रजातान्त्रिक शासन व्यवस्था भएका देशमा जनताबाट उठाएको कर र जनताका नाममा लिएको आन्तरिक तथा वैदेशिक ऋण सही उपयोग भएको छ छैन भनी परीक्षण गर्नका लागि स्वतन्त्र लेखापरीक्षण संस्थाको स्थापना गरिन्छ र यस्तो संस्थाले दिएको प्रतिवेदन उपर सार्वभौम जनताकै प्रतिनिधिले मूल्यांकन गर्ने व्यवस्था मिलाएको हुन्छ। नेपालमा पनि स्वतन्त्र र संवैधानिक अंगको रुपमा महालेखापरीक्षकको कार्यालय र सार्वजनिक लेखा समिति गठन गरिएको छ। यस्ता संस्थाहरुको काम, कर्तव्य र अधिकार संविधान एवं ऐनमा स्पष्ट उल्लेख छ तापनि प्रभावकारी कार्यान्वयन भएको पाइदैन। स्रोत साधनको कमी तथा राजनैतिक अस्थिरता एवं प्रतिवद्धताका कमीका कारण उक्त संस्थाको कार्य प्रभावकारी हुनसकेको छैन। अत: वित्तीय सुशासनका आयामहरुलाई केन्द्रबिन्दुमा राखी विद्यमान संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाको पालना, जिम्मेवारी र जवाफदेहिताको प्रर्वद्धन, अनुगमन र सुपरिवेक्षण एवं सेवा प्रवाहमा प्रभावकारिता ल्याई उपलव्ध स्रोत साधनको उद्देश्यमूलक उपयोग गरी बौद्ध दर्शनको दृष्टिकोणबाट उपयोग गर्नुपर्ने आजको आवश्यकता हो।

<u>सन्दर्भ सामाग्री</u>

- पराग (अंक १,२,३), नेपाल राष्ट्रिय कर्मचारी संगठन, विभागीय समिति, अर्थ मन्त्रालय, काठमाडौं।
- बजेट बक्तव्य, आर्थिक बर्ष २०७४।७५, अर्थ मन्त्रालय, काठमाडौं।
- सार्वजनिक व्यवस्थापन, स्रोत सामग्री २०६९, सोपान मासिक डिल्लीबजार।
- त्रिवर्षीय योजना (२०७३।७४ – ७५।७६), राष्ट्रिय योजना आयोग।
- Article on Global Accounting Standard, From Vision to Reality at "The CPA Journal" by Paul Pacter (PHD), 2014.
- Mordern Buddhism, The path of campassion and wisdom, Volume 1 sutra, Volume 2 tantra and Volume 3 prays for daily practice, June 2017 (Free download e-Book)
- Website: Buddha Darshan and Google search – June, 2017

लेखापरीक्षकलाई गरिने कारवाहीमा विचारणिय पक्ष



✍ सिए.वैकुण्ठ अधिकारी, निर्देशक

पृष्ठभूमी: आर्थिक कारोवारको हिसाव किताव जांच गरी राय वा मन्तव्य सहितको प्रतिवेदन दिने कार्य लेखापरीक्षकले गर्दछ । लेखापरीक्षण आन्तरीक र वाह्य गरी दुई स्तरको हुन्छ । व्यवस्थापनकै अंगको रुपमा गरीने लेखापरीक्षण आन्तरीक हो भने व्यवस्थापनवाट स्वतन्त्र वाह्य निकायले गर्ने लेखापरीक्षण वाह्य वा अन्तिम लेखापरीक्षण हो । आन्तरीक भन्दा अन्तिम लेखापरीक्षणको कानुनी दायरा विस्तृत हुन्छ । कुनै निकायले गर्ने सेवा प्रवाह र अन्य कार्य मितव्ययीता, कार्यदक्षता, तथा प्रभावकारीताको दृष्टिकोणवाट गरीने लेखापरीक्षणलाई कार्यमूलक, व्यवस्थापन, कार्यसंचालन, व्यापक, मौद्रिकमुल्य लेखापरीक्षण जस्ता नामले संवोधन गरिन्छ । नियमितता र औचित्यको दृष्टिकोण पनि लेखापरीक्षकले अपनाउदछ । यस सम्वन्धि अधिकार नेपालको संविधानले सरकारी क्षेत्रको लेखापरीक्षण गर्ने राज्यको संवैधानिक अंगको रुपमा रहेको महालेखापरीक्षकलाई प्रदान गरेको छ । गैरसरकारी क्षेत्रको लेखापरीक्षण भने नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थावाट मान्यता प्राप्त लेखापरीक्षकले गर्दछ । लेखापरीक्षक वा निजका सहायक कर्मचारीले वद्नियतपूर्वक लेखापरीक्षण कार्य गरेमा सजायको भागीदार वन्नुपर्ने हुन्छ । वद्नियतपूर्वकको लेखापरीक्षण कार्य भ्रष्टाचार जन्य कसुर हो भन्ने कुरा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ ले उल्लेख गरेको विषय हो ।

लेखापरीक्षण गर्ने अधिकार प्राप्त व्यक्ति, कर्मचारी वा लेखापरीक्षकले वद्नियतपूर्वक कार्य गरेकोमा कानुनी कारवाही गर्दा उक्त कारवाही गर्ने तथा कारवाहीको लागि छानविन गर्ने निकाय वा व्यक्तिले लेखापरीक्षणमा वद्नियतपूर्वक कार्य भएको भनेर निक्यौंल गर्न सकिने गरी यथेष्ट प्रमाण जुटाउनु पर्ने हुन्छ । वद्नियत पूर्वकको कार्य गर्नेलाई एथेष्ट प्रमाणको आधारमा कानुनी कारवाहीको दायरामा ल्याउन सजिलो वनाउने, असल नियतले कार्य गर्नेलाई कुनै त्रुटी नगरीकन वा सामान्य त्रुटी गरेको कारणले अनावस्यक रुपमा झन्झट व्यहोर्न नपरोस भन्ने सोचलाई कार्यन्वयनमा ल्याउन सरलता प्रदान गर्ने, लेखापरीक्षण गर्ने व्यक्तिहरुमा सजगता र आत्मवल वृद्धि गराउने साथै लेखापरीक्षण सम्वन्धि नीति निर्माणकर्तालाई समेत सुझाव दिने मनसायले यो लेख तयार गरिएको छ ।

लेखापरीक्षण सम्वन्धि मानहरु: विस्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन इन्टोसाइ (INTOSAI or International Organization of Supreme Audit Institutions) र लेखा व्यवसायीहरुको अन्तर्राष्ट्रिय संगठन आइफ्याक (IFAC or International Federation of Accountants) ले लेखापरीक्षण र परीक्षकसंग सम्वन्धित आचरण, व्यवहार, सिद्धान्त र मान्यतालाई समेटेर लेखापरीक्षणमानहरु जारी गर्दछ । तिनै मानहरुवाट विश्वका लेखापरीक्षण कार्य निर्देशित हुन्छन । तर सम्वन्धित देसको कानूनमा

लेखापरीक्षण सम्वन्धमा स्पष्ट लेखिएको कुरा उक्त कानून अनुसार हुने र वांकी कुराहरु लेखापरीक्षण मान अनुसार हुनुपर्ने व्यहोरा स्वयम लेखापरीक्षण मानले स्वीकार गरेको हुन्छ। यो विश्वव्यापी मान्यता हो।

लेखापरीक्षण आश्वस्तता प्रदान गर्ने सेवा: लेखापरीक्षण नगरीएको भन्दा लेखापरीक्षण गरिएको वित्तिय विवरण तथा कारोवार प्रति सरोकारवालाहरु आश्वस्त हुन्छन्। यसैले लेखापरीक्षण गर्नुपरेको हो। लेखापरीक्षण गर्दा नमुना छनौटको आधारमा गरिने, लेखापरीक्षण गरिने निकायको व्यवस्थापनले अरु कसैले पत्ता लगाउन नसक्ने वा कठिन हुने गरी जालसांजी गरेको र त्यसलाई लुकाएको हुन सक्ने, लेखापरीक्षकले संकलन गरेका प्रमाणहरुको आधारमा मन्तव्य वा राय व्यक्त गर्ने तर ती प्रमाणहरु कुनै घटनाको निचोड दिने खालको भन्दा बढी मात्रामा आभाष दिने खालको हुने, लेखापरीक्षकको पेशागत ज्ञानको स्तर र सोचवाट उसका मन्तव्य वा राय प्रभावित हुन सक्ने जस्ता कारणले लेखापरीक्षकले प्रदान गरेको सेवावाट पूर्ण रुपको आश्वस्तता प्रदान हुन सक्दैन भन्ने मान्यता रहेको छ। तर लेखापरीक्षकले मनासिव माफिकको आश्वस्तता भने प्रदान गर्दछ। लेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा पत्ता लागेका व्यहोराहरु लुकाउनु हुदैन तर लेखापरीक्षणको कारणले जलसांजी र भ्रष्टाचारको पत्तो लाग्छ नै भन्ने ठोकुवा कदापी हुदैन। तैपनि जलसांजी र भ्रष्टाचार लगायत गम्भिर त्रुटी हुने अवस्थामा कमी ल्याई आर्थिक अनुशासनमा सुधार गरेर सुशासन कायम गराउन लेखापरीक्षणले ठुलो सहयोग गरेको विस्वव्यापी मान्यता रहेको छ।

आश्वस्तताको प्रकार र लेखापरीक्षकको जिम्मेवारी: आश्वस्तताको किसिम र त्यसमा लेखापरीक्षकले वहन गर्ने जिम्मेवारी यस प्रकार रहेको हुन्छ।

पूर्ण आश्वस्तता (Absolute Assurance): पूर्णरुपमा अनुसन्धान तथा विश्लेषण गरेर निकालिएको निचोड यथार्थपरक हुन्छ र त्यसलाई कसैले चुनौति दिन सक्ने अवस्था रहदैन भने त्यस्तो निचोड पूर्ण वा यथार्थ आश्वस्तता हो। तर लेखापरीक्षण सेवाले यसो गर्न नसक्ने विश्वव्यापी मान्यता रहेको चर्चा माथी गरीसकिएको छ। दीर्घकाल सम्मको गहिरो अनुसन्धान, विकास र विश्लेषणवाट निकालिएको निचोडले मात्र यस्तो आस्वस्तता प्रदान गर्न सक्ने अवस्था रहन्छ। यसवाट सतप्रतिशत सत्य यहि नै हो भन्ने सन्देश प्राप्त हुन्छ र सरोकारवालाले पनि सोही रुपमा उक्त सन्देशको ग्रहण गर्दछ। लेखापरीक्षणवाट यस्तो आश्वस्तता सम्भव छैन।

मनासिव आश्वस्तता (Reasonable Assurance): लेखापरीक्षण सेवावाट मनासिव माफिकको आश्वस्तता प्राप्त हुने विस्वव्यापी मान्यता रहेको छ। लेखापरीक्षण प्रतिको विस्वास र भरोसा अनि लेखापरीक्षक प्रतिको सम्मान यही मान्यतामा अडेको छ। पूर्ण भन्दा कम तर पनि अधिकतम आश्वस्तताको स्तरलाई मनासिव माफिकको आश्वस्तता भनिन्छ। जस्तो वित्तिय विवरणको लेखापरीक्षण गर्दा लेखापरीक्षकले प्रतिवेदनमा "हाम्रो विचारमा वित्तिय विवरणहरु सारभुत रुपमा सान्दर्भिक वित्तिय प्रतिवेदन मान अनुसार तयार गरिएका छन"। भन्ने जस्ता वाक्य प्रयोग गरेर मन्तव्य व्यक्त गर्दछ। यस्तो मन्तव्य वा रायवाट लेखापरीक्षणले मनासिव माफिकको आस्वस्तता मात्र प्रदान गर्न सकेको हुन्छ। यसो हुनुको कारणहरु माथि नै चर्चा भै सकेको छ।

सिमित आश्वस्तता (Limited Assurance): मनासिव आश्वस्तता भन्दा कम तर आश्वस्तता हुदै नभएको स्थिति भन्दा बढि आश्वस्तता हुनुलाई सिमित आस्वस्तता भनिन्छ। समालोचना वा पुनरावलोकन (Review) को कार्यवाट यस्तो आश्वस्तता प्रदान हुन्छ। पुनरावलोकनकर्ताले पुनरावलोकन गर्दा संकास्पद अवस्था रहेको महसुस गरेकोमा वाहेक लेखापरीक्षणमा झैं थप प्रमाण संकलन गर्नको लागि श्रम र समय लगायतका स्रोतसाधनको प्रयोग गर्दैन। वित्तिय विवरणको पुनरावलोकनकर्ताले आफ्नो प्रतिवेदनमा "वित्तिय विवरणहरु सारभुत रुपमा सान्दर्भिक वित्तिय प्रतिवेदन मान अनुसार तयार गरिएको अविस्वास गर्नुपर्ने अवस्थाहरु हाम्रो जानकारीमा आएनन्"। भन्ने जस्ता वाक्य प्रयोग गरेर मन्तव्य व्यक्त गर्दछ। यस्तो मन्तव्य वा रायवाट पुनरावलोकनकर्ताले सिमित आश्वस्तता मात्र प्रदान गर्न सकेको हुन्छ।

वेमनासिव आश्वस्तता: लेखापरीक्षकको वदनियत र गम्भिर लापरवाही वा हेलचक्रेई पूर्वकको कार्यवाट लेखापरीक्षण प्रतिवेदन प्रश्तुत हुँदा प्राप्त हुने आश्वस्तता वेमुनासिव आश्वस्तता हो। लेखापरीक्षण प्रतिवेदनमा लेख्नुपर्ने कुरा छुट्ने र नलेख्नु पर्ने कुरा लेखिने अवस्था हो। कार्यपालिका, व्यवस्थापिका र सामान्य नागरिक लगायतका सरोकारवालाहरुले लेखापरीक्षण सेवालाई गर्ने विश्वास र भरोसा अनि लेखापरीक्षकलाई गर्ने सम्मान प्रतिको वेइमानी पनि हो। यस्तो कार्य गर्नु भनेको लेखापरीक्षण सम्वन्धि अपराध हो र यस्तो स्थितिमा लेखापरीक्षकलाई प्रचलित कानून अनुसार कारवाही गर्नु जरुरी हुन्छ।

लेखापरीक्षकलाई कानूनी कारवाहीको व्यवस्था: भ्रष्टाचार निवारण ऐन २०५९ को परिच्छेद २ मा भ्रष्टाचारको कसुर र सजाय सम्वन्धि व्यवस्था छ। उक्त परिच्छेदको दफा १९ (१) मा सरकारी निकाय वा सार्वजनिक संस्थामा लेखापरीक्षण गर्ने अख्तियारी पाएको राष्ट्रसेवक वा अन्य व्यक्तिले वदनियतपूर्वक कारोवारमा नभएका कुरा देखाउने वा भएगरेका तथ्यहरु लोप गरी लेखापरीक्षण प्रतिवेदन तयार गरेमा ३ महिना देखि १ वर्षसम्म कैद र १० हजार देखि ५० हजार रुपैयासम्म जरिवाना हुने व्यवस्था छ। नीजि क्षेत्रको लेखापरीक्षण सम्वन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ को दफा १४ अनुसार लेखापरीक्षकले ऐन नियम र आचार संहिताको उलंघन गरेमा लेखा व्यवसायमा रोक लगाउने र पेशागत प्रमाण पत्र वा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाको सदस्यता रद्ध गर्ने प्रावधान छ। आयकर ऐन २०५८ को दफा १२७ मा झुट्टा वित्तीय वा कर लेखा प्रमाणित गर्ने वा गलत परामर्श दिनेलाई मतियारको रुपमा लिई कसुरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था छ। महालेखापरीक्षकले जारी गरेको सरकारी लेखापरीक्षकको आचारसंहिता २०७० को दफा ९ अनुसार महालेखापरीक्षकको कार्यालयका पदाधिकारी तथा कर्मचारीले निजामती सेवा ऐन २०४९, नियमाली २०५०, भ्रष्टाचार निवारण ऐन २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ लगायत अन्य प्रचलित कानूनमा भएका आचरण सम्वन्धि व्यवस्थाको पालना गर्नुपर्दछ। निजामती कर्मचारीले आचरण सम्वन्धी कुराहरु उलंघन गरेमा नसिहत दिने, तलव वृद्धि रोक्ने, वढुवा रोक्ने, सरकारी सेवावाट हटाउने जस्ता निजामती सेवा ऐनको परिच्छेद ९ मा उल्लेखित प्रावधानहरु नेपाल लेखापरीक्षण सेवाका निजामती कर्मचारीलाई पनि स्वत लागू हुन्छन।

लेखापरीक्षणमा वदनियत, लापरवाही र त्रुटी: लेखापरीक्षकले सेवाग्राहीसंग रिसवत लिने वा पेशागत मर्यादा विपरित आर्थिक लाभ लिने वा अन्य कुनै स्वार्थ सिद्ध गर्ने जस्ता कार्य गरी गलत प्रतिवेदन तयार पार्ने,

लेखापरीक्षणको सिलसिलामा देखिएका जालसांजी, गम्भिर त्रुटी र कानून विपरितको कार्यहरु गुपचुप राख्ने जस्ता कार्यहरु वदनियत पूर्वकका कार्य हुन । लेखापरीक्षकको कुनै गलत मनसाय नभए तापनि सामान्य वुद्धि तथा पेशागत विवेक प्रयोग नगरी, आफ्नो क्षमताले नभ्याउने कार्य स्विकार गरी, गुणस्तरयुक्त कार्य गर्नमा ध्यान नपुऱ्याई, लेखापरीक्षण योजनामा उल्लेख गरेका मुख्य विषय वस्तु छुटाई लेखापरीक्षण प्रतिवेदन गलत तयार गरेमा तथा अन्य कुनै कानुन वा मानदण्ड वा सामान्य सिद्धान्तको पालनामा चुकेको जस्ता अवस्थामा लापरवाही पूर्वकको कार्य हुनजान्छ । लेखापरीक्षकले लेखापरीक्षण योजना तथा सामान्य सिद्धान्तमा उल्लेखित मुख्य कुरामा सारभुत रुपमा फरक नपर्ने गरी कार्य गरेको तर प्रक्रियागत रुपमा गल्ती भएको छ भने त्यो सामान्य त्रुटी हो ।

वदनियतपूर्वको कुनै कार्य भन्दा लापरवाही पूर्वकको कार्यको नकरात्मक असर वढी हुने अवस्था पनि रहन सक्दछ । परिमाणात्मकरुपमा सामान्य त्रुटीहरु धेरै भएमा त्यसको नकरात्मक असर कुनै लापरवाही पूर्वकको कार्यको जति नै वा सो भन्दा वढी हुने अवस्था पनि रहन सक्दछ । संक्षेपमा के भन्न सकिन्छ भने कुनै गम्भिर प्रकृतिको नकारात्मक कार्य भएको अवस्थामा उक्त कार्य गर्नुको पछाडी गलत मनसाय थियो भनेर पुष्टी भएमा त्यस्तो कार्य वदनियत पूर्वक हुन्छ । अन्यथा लापरवाही पूर्वक भएको मानिन्छ । अति न्युन असर पुऱ्याउने खालका वा सारभुत रुपमा खासै असर नपुऱ्याउने खालका सानातिना लापरवाहीको कारणले हुने गल्तीलाई भने सामान्य त्रुटी गरेको मानिन्छ । कुन कार्यलाई लापरवाही वा कुन कार्यलाई वदनियत पूर्वक भएको मान्ने भन्ने विषय वस्तुपरक नहुन सक्छ । यसको निर्क्यौल सम्वन्धित विषय वस्तु, परिस्थीति र निर्णयकर्ताको सोचबाट प्रभावित हुनसक्छ । यसमा पेशागत विवेकको प्रयोग गर्नुपर्ने हुन्छ ।

लेखापरीक्षकवाट हुने वदनियत तथा लापरवाहीको निर्धारण र कारवाही: लेखापरीक्षण अर्धप्राविधिक (Semi technical) प्रकृतिको कार्य हो । लेखापरीक्षकले के कस्तो कार्य गर्न छुटाएमा वा नचाहिदो कार्य गरेमा वदनियत पूर्वक गरेको वा लापरवाही पूर्वक गरेको मान्ने ? के कस्तो कार्यलाई लेखापरीक्षकको सामान्य त्रुटी मान्ने ? भन्ने विषयको निर्क्यौल गर्न लेखापरीक्षणको कानुनी, सैदान्तिक र व्यवहारीक ज्ञानको जरुरी पर्दछ । यस्तो ज्ञान भएको अनुसन्धानकर्ताले लेखापरीक्षण सम्वन्धी अपराधको आरोप छानविन गर्दा सही निर्क्यौल प्राप्त हुन सक्ने देखिन्छ । अन्यथा ठिक किसिमले लेखापरीक्षण गर्ने व्यक्ति सामान्य त्रुटी गरेकै कारण कारवाहीमा पर्न सक्ने र लेखापरीक्षण सम्वन्धी अपराध गर्ने व्यक्तिले उन्मुक्ति पाउने संभावना प्रवल रुपमा रहन्छ ।

वदनियत पूर्वकको लेखापरीक्षण कार्यलाई मात्र भ्रष्टाचार ऐन अन्तर्गत कसुर मानिएको छ । लापरवाही पूर्वकको कार्य गर्नेलाई भने आचरण पालना नगरेको सम्वन्धमा निजामती कर्मचारी भएमा निजामती सेवा ऐन तथा नियमावली अन्तर्गत र पेशावाला लेखापरीक्षक भएमा नेपाल चार्टर्ड एकाउन्टेन्टस ऐन तथा नियमावली अन्तर्गत छानविन गरी कानुनी कारवाही गर्नुपर्ने हुन्छ । लेखापरीक्षकले सामान्य त्रुटी गरेको अवस्थामा भने खासै कानुनी कारवाही हने व्यवस्था छैन तर त्रुटी सच्याउने कार्य हुनु भने स्वभाविक मानिन्छ । लेखापरीक्षण ऐन २०४८ को दफा १०ख मा महालेखापरीक्षकले जारी गरेको मानदण्ड, नीति, निर्देशन, निर्देशिका तथा लेखापरीक्षण योजना बमोजिम कर्तव्य पालनाको सिलसिलामा असल नियत साथ

सम्पन्न गरेको लेखापरीक्षण कार्यबाट हुन गएको कुनै पनि क्षति वा अन्य कुनै प्रकारको त्रुटिको लागि महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरु व्यक्तिगत रुपमा जिम्मेवार नहुने कानुनी व्यवस्था रहेको छ ।

निष्कर्षः लेखापरीक्षण आश्वस्तता प्रदान गर्ने सेवा हो । यसवाट पूर्ण रुपको आश्वस्तता नभै मनासिव माफिकको आश्वस्तता प्रदान हुन्छ । अन्तर्राष्ट्रिय स्तरमा इन्टोसाइ र आइफ्याकले तयार गरेको लेखापरीक्षण मानवाट विश्वभरका लेखापरीक्षण सेवा निर्देशित हुन्छन । तर लेखापरीक्षण मान भन्दा माथी सम्वन्धित देशको कानून हुन्छ । कानूनमा स्पष्ट लेखिएका कुरा कानून वमोजिम र वांकी सवै कुराहरु लेखापरीक्षण मान अनुसार पालना गर्नुपर्ने हुन्छ । लेखापरीक्षणमा गुणस्तर, विश्वास र व्यवसायिकता अभिवृद्धिको लागि वदयितपूर्वक र लापरवाहीपूर्वक कार्य गर्ने लेखापरीक्षकलाई कानूनी कारवाही गर्नु महत्वपूर्ण हुन्छ । यसको लागि सम्वन्धित ऐन नियमहरुमा व्यवस्था भएको पनि पाइन्छ । वदयितपूर्वकको कार्य र लापरवाहीपूर्वकको कार्य दुवैमा सजायको किसिम भने फरक फरक हुन्छ । सामान्य त्रुटी गरेको अवस्थामा त्रुटी सच्याउने खालको कार्य वाहेक कुनै दण्ड सजाय हुने व्यवस्था गरेको पाइदैन । कर्मचारीले असल नियतले गरेको लेखापरीक्षण कार्यसँग सम्वन्धित कुनै क्षती वा त्रुटीको लागी तिनीहरुलाई व्यक्तिगत रुपमा जिम्मेवार बनाउन मिल्दैन । लेखापरीक्षण गर्दा हुने सामान्य त्रुटी, लापरवाही र वदनियत वा असल नियत पूर्वकको कार्य के कस्तो अवस्थालाई भन्ने ? त्यसको निर्क्यौल गर्न पेशागत, सैदान्तिक र व्यवहारिक ज्ञानको जरुरी पर्दछ । लेखापरीक्षकलाई कानूनी कारवाही गर्ने सवालमा यी व्यहोराहरु विचारणिय छन ।

सन्दर्भ सामग्रीः

१) नेपालको संविधान, २०७२
२) लेखापरीक्षण ऐन, २०४८
३) भ्रष्टाचार निवारण ऐन, २०५९
४) आयकर ऐन, २०५८
५) नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३
६) सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय मान, तह १, २, ३ र ४

महालेखा परीक्षकको कार्यालयको जवाफदेहिताका सैद्धान्तिक पक्ष

घनश्याम पराजुली
निर्देशक

सार संक्षेप

जिम्मेवार पदाधिकारीले सम्पादन गरेको वा नगरेको कामका सम्बन्धमा जवाफ दिने कार्य सार्वजनिक जवाफदेहिता हो । महालेखा परीक्षकको कार्यालयले आफ्नो कार्यप्रणाली र अभ्यासलाई उदाहरणीय बनाउन पारदर्शिता र जवाफदेहिताका सिद्धान्तहरु पालना गर्नुपर्दछ । महालेखा परीक्षक नेपालको संविधान एवं प्रचलित कानुनबमोजिम संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनुपर्दछ । महालेखा परीक्षकको कार्यालयले आफ्ना कानुनी अधिकार एवं जिम्मेवारीलाई पूर्ण तथा वस्तुगत तवरले पूरा गर्न लेखापरीक्षण योजना बनाउने, लेखापरीक्षण कार्य सम्पादन गर्ने, लेखापरीक्षण प्रतिवेदन जारी गर्ने र प्रतिवेदन कार्यान्वयनको अनुगमन गर्नुपर्दछ । यसका लागि कार्यालयले जवाफदेहिता, पारदर्शिता र इमान्दारिता वृद्धि, नागरिक, संसद र सरोकारवालाप्रति जवाफदेही रहने, उदाहरणीय कार्यमार्फत नमुना संगठन बन्ने गरी लेखापरीक्षण कार्यविधि अवलम्बन गर्नुपर्दछ ।

परिचय

पारदर्शिता र जवाफदेहिता सुशासनका महत्वपूर्ण अंग हुन् । पारदर्शिताले भ्रष्टाचार नियन्त्रण, शासन व्यवस्थामा सुधार एवं जवाफदेहिता प्रवर्द्धनमा सहयोग गर्दछ । महालेखा परीक्षकको कार्यालयका सम्बन्धमा स्वतन्त्रता, जवाफदेहिता र पारदर्शिता अत्यावश्यक तत्व हुन जसले संस्थालाई विश्वसनीय र उदहरणीय संस्था बनाउँछन ।

International Organisation of Supreme Audit Institution, INTOSAI ले सार्वजनिक जवाफदेहितालाई निम्नानुसार परिभाषित गरेको छ:

The obligations of persons or entities, including public enterprises and corporations, entrusted with public resources to be answerable for the fiscal, managerial and program responsibilities that are conferred on them, and to report to those that have been conferred these responsibilities on them.

पारदर्शिता र जवाफदेहितालाई एक अर्कामा छुट्याउन कठिन हुन्छ । जवाफदेहिता अन्तर्गत कानुनी एवं संगठनात्मक संरचना, रणनीति, कार्यविधि र कार्य योजनाहरु पर्दछन् जसको माध्यामबाट संस्थाले आफ्नो कानुनी दायित्व पूरा गर्ने, कार्य सम्पादनमार्फत लेखापरीक्षणको प्रभावको मूल्याङ्कन एवं अनुगमन गर्ने, आफ्ना साधन र स्रोतको साथै सार्वजनिक कोषको प्रयोगमा रहेका नियमितता र कार्य दक्षताको प्रतिवेदन गर्ने तथा संस्थाका पदाधिकारी एवं कर्मचारीलाई जवाफदेही बनाउँछ । त्यस्तै पारदर्शिताले संस्थाको स्तर,

अधिकारक्षेत्र, रणनीति, क्रियाकलाप, वित्तीय व्यवस्थापन, कार्य सञ्चालन र कार्य सम्पादनको उचित समयमा विश्वसनीय, स्पष्ट र सान्दर्भिक प्रतिवेदन सार्वजनिक गर्न प्रेरित गर्दछ ।

परम्परागत रुपमा कर्मचारी मन्त्रीप्रति, मन्त्री संसदप्रति र संसद जनताप्रति उत्तरदायी हुने प्रचलन रहेकोमा हाल कर्मचारी सोझै जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने मान्यताको विकास भएको छ ।

विकासक्रम

सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको सन् १९७१ मा क्यानाडामा भएको सातौं महाअधिवेसनले व्यवस्थापन वा सञ्चालन लेखा परीक्षण (Management or Operational Auditing) अन्तर्गत वित्तीय उत्तरदायित्व, व्यवस्थापकीय उत्तरदायित्व र कार्यक्रम उत्तरदायित्वको लेखापरीक्षणका सम्बन्धमा निर्णय गरेको पाइन्छ । संगठनको सन् २०१० मा भएको महाअधिवेसनले सार्वजनिक उत्तरदायित्वसम्बन्धी अलग मानदण्ड स्वीकृत गरेकोमा सन् २०१३ मा भएको महाअधिवेसनले संस्थाको उत्तरदायित्व पालना गरी सरोकारवालाहरुप्रति संवेदनशील हुनुपर्ने गरी थप मानदण्ड स्वीकृत गरेको छ ।

सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एसियाली संगठनले सन् १९८५ मा The Role of Supreme Audit Institutions in promoting public Accountability विषयमा सर्वोच्च लेखापरीक्षण संस्थाको भूमिकाको बारेमा विस्तृत व्यवस्था गरेको पाइन्छ ।

परम्परागत रुपमा सर्वोच्च लेखापरीक्षण संस्था संसदप्रति र संसद जनताप्रति जवाफदेही हुनुपर्ने प्रचलन रहेकोमा हाल सर्वोच्च लेखापरीक्षण संस्था सोझै जनताप्रति जवाफदेही हुनुपर्ने माग बढ्दै गएको छ ।

किसिम

सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनले उत्तरदायित्वलाई निम्नानुसार वर्गीकरण गरेको छ:

क. प्राप्ति वित्तीय उत्तरदायित्व: यस अन्तर्गत वित्तीय इमान्दारिता तथा कानुनहरुको पालना एवं पूर्ण रुपमा गर्नुपर्ने खुलाशाहरु समावेश हुन्छन् ।

ख. व्यवस्थापकीय उत्तरदायित्व: यस अन्तर्गत सार्वजनिक कोष, सम्पत्ति, मानव संसाधन र अन्य साधनहरुको प्रयोगमा मितव्ययिता र कार्यदक्षता ल्याउन जोड दिइन्छ ।

ग. कार्यक्रम उत्तरदायित्व: यस अन्तर्गत न्युनतम लागतमा अधिकतम नतिजा हासिल गर्दै सरकारी कार्यक्रम एवं क्रियाकलापहरुका लक्ष्य प्राप्ति भए नभएको सम्बन्धमा जोड दिइन्छ ।

सिद्धान्त

सर्वोच्च लेखापरीक्षण संस्थालाई पारदर्शी एवं जवाफदेही बनाउन निम्न सिद्धान्तहरुको अवलम्बन गर्ने प्रचलन रहेको छ:

क. संस्थाले कानुनी संरचना अनुरुप आफ्ना कर्तव्यहरु निर्वाह गर्नुपर्दछ । कानुनी संरचनामा संस्थाको अधिकार, कार्यक्षेत्र, जिम्मेवारी, पदाधिकारीको नियुक्ति र बर्खास्ती, कार्य सञ्चालन र वित्तीय

व्यवस्थापन, प्रतिवेदनको सार्वजनिकीकरण, संस्थाको काम कारबाहीमा निगरानी गर्ने संयन्त्र, सूचनामा पहुँच र सूचनाको गोपनीयताका सम्बन्धमा उल्लेख भएको हुनुपर्दछ ।

ख. संस्थाले आफ्नो कानुनी अधिकार, जिम्मेवारी, संगठन संरचना, गन्तव्य र रणनीतिहरु सार्वजनिक गर्नुपर्दछ । त्यस्तै सरोकारवालाहरुसंगको सम्बन्ध, पदाधिकारीको नियुक्ति, पुनर्नियुक्ति, अवकाश र बर्खास्तीका शर्तहरु समेत सार्वजनिक गर्नुपर्छ । यसरी सार्वजनिक गर्दा आफ्नो देशको भाषाको अतिरिक्त अन्तर्राष्ट्रिय भाषामा समेत गर्नुपर्दछ ।

ग. संस्थाले लेखापरीक्षणमान, प्रक्रिया र विधिहरु वस्तुगत एवं पारदर्शी रुपमा अवलम्बन गर्नुपर्दछ । यस्ता मान एवं विधिहरु सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय मान अनुरुप हुनुपर्दछ । संस्थाले पालना गरेका मान एवं विधिहरु तथा पालनाको अवस्था उल्लेख गर्नुपर्छ । संस्थाले लेखापरीक्षणबाट राय प्रदान गरेका आधारहरु लेखापरीक्षण गराउने निकायलाई दिनुपर्दछ । त्यस्तै लेखापरीक्षणका उद्देश्य, पद्धति र नतिजाहरु समेत दिनुपर्छ । आफ्ना नतिजा एवं निष्कर्षहरुउपर लेखापरीक्षण गराउने निकायलाई प्रतिक्रिया एवं सुझाव दिने अवसर दिनुपर्दछ । लेखापरीक्षणको क्रममा दिइएका सुझावहरु लेखापरीक्षण गराउने निकायले कार्यान्वयन गरेको अवस्थाको अनुगमन गर्ने संयन्त्रको स्थापना गर्नुपर्दछ । लेखापरीक्षणको अनुगमन प्रक्रियाअन्तर्गत लेखापरीक्षण गराउने निकायहरुले गरेका सुधार एवं सुधार गर्ननसकेका कारणहरु विश्लेषण गर्नुपर्दछ । संस्थाले लेखापरीक्षण क्रियाकलाप एव प्रतिवेदन प्रणालीको स्वतन्त्र रुपमा लेखाजोखा गर्न गुणस्तर आश्वस्तता प्रणालीको कार्यान्वयन गर्नुपर्दछ ।

घ. संस्थामा रहेका सबै तहका पदाधिकारीले इमान्दारिताका मानदण्डहरु (आचारसंहिता) पालना गर्नुपर्दछ । यस्तो आचारसंहिता अन्तर्राष्ट्रिय रुपमा प्रचलित अभ्यास अनुरुपको हुनुपर्दछ । संस्थाले कार्य सम्पादन गर्दा स्वार्थ बाझिने गरी गर्नु हुन्न । संस्थाले यस्तो आचारसंहितालाई सार्वजनिक गर्नुपर्दछ ।

ङ. संस्थाले आफ्नो कार्य सेवा करारको माध्यामबाट गराएको भएमा पारदर्शिता र जवाफदेहिताका सिद्धान्त पालना गर्नुपर्दछ । यस्ता सिद्धान्त विपरीत सेवा करारमा लिनु हुन्न । सेवा करारमा लिँदा स्वार्थ नबाझिने गरी स्वतन्त्रता र इमान्दारिता कायम हुने गरी लिनुपर्दछ ।

च. संस्थाले मितव्ययी, कार्यदक्ष, प्रभावकारी र कानुनबमोजिम कार्यसम्पादन गर्नुपर्छ र यसको प्रतिवेदन सार्वजनिक गर्नुपर्छ । संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलगायत उचित व्यवस्थापकीय अभ्यासहरु अवलम्बन गर्नुपर्छ । संस्थाका वित्तीय विवरण बाह्य स्वतन्त्र लेखापरीक्षण वा संसदीय पुनरावलोकन गराई सार्वजनिक गर्नुपर्छ । संस्थाले आफुले सम्पादन गरेका सबै क्षेत्र समेट्ने गरी कार्य सम्पादन प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्छ । कार्य सम्पादन गर्न आवश्यक सीप र दक्षता कायम राख्नुपर्दछ । संस्थाले कार्य सम्पादन गर्न प्राप्त बजेट एवं सोको उपयोगका सम्बन्धमा सार्वजनिक गर्नुपर्दछ । संस्थाले उपयोग गरेको बजेटको कार्यदक्षता र प्रभावकारिता मापन गरी सार्वजनिक गर्नुपर्दछ । संस्थाका वित्तीय व्यवस्थापन एवं प्रतिवेदन प्रणालीको पुनरावलोकन गर्ने संयन्त्र स्थापना

गर्नुपर्दछ। संस्थाले सम्पादन गरेको कामले विधायक, सर्वसाधारण एवं अन्य सरोकारवालालाई पुऱ्याएको योगदानको लेखाजोखा गर्न कार्य सम्पादनका सूचकहरु प्रयोगमा ल्याउनुपर्दछ। संस्थाको काम कारबाहीले सर्वसाधारण जनतामा परेको प्रभावका बारेमा बाह्य पृष्ठपोषण गराउनुपर्दछ।

छ. संस्थाले लेखापरीक्षणबाट प्राप्त नतिजा एवं निष्कर्षको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ। यस्तो प्रतिवेदनमा सुझाव कार्यान्वयनको अवस्था अनुगमन गरी सो समेत उल्लेख गर्नुपर्दछ। संस्थाले सरकारको बजेट कार्यान्वयन, वित्तीय अवस्था, कार्य सञ्चालन प्रक्रिया, उपलब्धिहरु समेत उल्लेख गरी लेखा परीक्षणको समग्र प्रभावको प्रतिवेदन गर्नुपर्दछ।

ज. संस्थाले आफ्ना क्रियाकलाप र लेखा परीक्षण नतिजाहरु सञ्चार माध्यम, वेभसाइट र अन्य माध्यमहरु मार्फत उचित समयमा सञ्चार गर्नुपर्दछ। लेखापरीक्षणको नतिजाका सारांशलाई आफ्नो देशको भाषाको अतिरिक्त अन्तर्राष्ट्रिय भाषामा समेत सार्वजनिक गर्नुपर्दछ। संस्थाका प्रतिवेदनहरु सर्वसाधारण जनताले बुझ्ने गरी प्रस्तुत गर्नुपर्दछ।

झ. संस्थाले आफ्नो कार्य सम्पादनको गुणस्तर र विश्वनीयता सुदृढ गर्न बाह्य तथा स्वतन्त्र सल्लाह लिनुपर्दछ। कार्य सम्पादनको बारेमा स्वतन्त्र बाह्य पुनरावलोकन गराउनुपर्दछ। लेखापरीक्षणमा प्राविधिक सल्लाह लिन बाह्य विशेषज्ञको सेवा लिनुपर्दछ। यस्ता बाह्य सल्लाह एवं पुनरावलोकनका प्रतिवेदनलाई सार्वजनिक गर्नुपर्दछ।

पालनाका उपाय

सर्वोच्च लेखा परीक्षण संस्थाले आफ्नो जवाफदेहिता पालना गर्न निम्न उपायहरु अवलम्बन गर्ने प्रचलन रहेको छ।

क. सर्वोच्च लेखापरीक्षण संस्थाले आफ्नो स्वतन्त्रताको संरक्षण गर्न प्रयत्नशील रहनुपर्दछ। आफ्नो अधिकार क्षेत्र अनुरुप कार्य सम्पादन गरी काम कारबाहीको प्रतिवेदन गर्नुपर्छ। संस्थाले वित्तीय एवं प्रशासनिक स्वायत्ततालाई कायम राख्नुपर्दछ।

ख. सार्वजनिक निकायले प्राप्त साधन स्रोतको जवाफदेहीपूर्वक उपयोग गरेको आश्वस्त पार्न लेखापरीक्षण कार्य सम्पादन गर्नुपर्दछ।

ग. सार्वजनिक निकायका पदाधिकारीलाई लेखापरीक्षणका नतिजा एवं सुझावउपर सुधारात्मक कदम चाल्न प्रेरित गर्नुपर्दछ।

घ. सर्वोच्च लेखापरीक्षण संस्थाले लेखा परीक्षणको परिवर्तित वातावरण एवं समसामयिक जोखिम उपर सचेत रहनुपर्दछ। यसका लागि सरोकारवालाहरुका अपेक्षा विचार गरी कार्य योजना तयार गरी कार्य सम्पादन गर्नुपर्दछ।

ङ. सरोकारवालालाई प्रभावकारी रुपमा सुसुचित गराउनुपर्दछ। यसका लागि संस्थाको भूमिका एवं जिम्मेवारी जानकारी दिने, सरोकारवालामा सचेतना जागृत गराउने, निरन्तर अन्तरक्रिया गर्नुपर्दछ। त्यस्तै सरोकारवालाको सन्तुष्टिका बारेमा पृष्ठपोषण लिनुपर्दछ।

च. सार्वजनिक क्षेत्रको विश्वसनीय स्रोतको रुपमा कार्य सम्पादन गरी मार्गदर्शन दिनुपर्दछ।

छ. कार्य सम्पादन गर्दा जवाफदेहिता र पारदर्शिताको मर्म अनुरुप गर्नुपर्दछ।

ज. संस्थाभित्र सुशासनको मर्म अनुरुपको कार्य वातावरण सिर्जना गर्नुपर्दछ।

झ. संस्थाले आचारसंहिताको पालना गर्नु गराउनुपर्दछ।

ञ. संस्थाले सेवा प्रवाह एवं सोको गुणस्तरमा सर्वोत्कृष्ट रहन प्रयत्नशील रहनुपर्दछ।

ट. संस्थाले कार्य सम्पादनको क्रममा प्राप्त अनुभवहरुको आधारमा क्षमता सुदृढ बनाउने, अनुभवको आदान प्रदानको माध्यमबाट कार्य सम्पादनमा सुधार गर्दै लानुपर्दछ।

महालेखा परीक्षकको कार्यालयले गरेको व्यवस्था

महालेखा परीक्षकको कार्यालयले नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा रहेको छ। महालेखा परीक्षकको कार्यालयले जवाफदेहिता वहन गर्नको लागि निम्न व्यवस्थाहरु कार्यान्वयन गरेको छ:

क. नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा अन्य प्रचलित कानुनअनुसार लेखापरीक्षण कार्य सम्पादन गर्ने गरेको छ। जस्मा लेखापरीक्षणको क्षेत्र, अधिकार, जिम्मेवारी, महालेखा परीक्षकको नियुक्ति एवं सेवाका शर्त, प्रतिवेदन प्रस्तुति, संसदीय छानबिन तथा सूचनामा पहुँचका बारेमा उल्लेख छ।

ख. महालेखापरीक्षकले इन्टोसाईद्वारा प्रतिपादित लेखापरीक्षणका आधारभूत सिद्धान्त, लेखापरीक्षण मार्गदर्शन र असल अभ्यास प्रचलन एवं अभ्यासको अनुसरण गरी लेखापरीक्षण जोखिम मूल्याङ्कन पश्चात् पहिचान भएका विषयहरुको अवलम्बन गर्ने गरेको छ।

ग. कार्यालयले आफ्नो वेभसाइट (www.oagnep.gov.np) मा अधिकार क्षेत्र, दूरदृष्टि (जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने), गन्तव्य
(सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने), मूल्य मान्यता (निष्ठा, स्वतन्त्रता, व्यवसायिकता, पारदर्शिता, जवाफदेहिता), संगठनात्मक संरचना, रणनीतिहरु नेपाली एवं अंग्रेजी भाषामा सार्वजनिक गरेको छ। कार्यालयले अन्तरक्रिया, गोष्ठी, पत्रकार सम्मेलनमार्फत कार्य प्रणालीका बारेमा सरोकारवालाहरुलाई जानकारी दिने गरेको छ। सूचनाको हकसम्बन्धी ऐनअनुसार सूचना अधिकारी तोकी निजमार्फत सूचनाहरु उपलब्ध गराउने गरेको छ।

घ. कार्यालयले विभिन्न मानदण्ड, मार्गदर्शन (सरकारी लेखापरीक्षण नीति मानदण्ड, सरकारी लेखापरीक्षण सञ्चालन मार्गदर्शन, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, महालेखा परीक्षकको लेखापरीक्षणसम्बन्धी निर्देशन एवं परिपत्र, आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन, सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन, राजस्व लेखापरीक्षण मार्गदर्शन, जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका, जोखिममा आधारित लेखापरीक्षण निर्देशिका) हरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यस्ता मानदण्ड एवं मार्गदर्शनहरु वेभसाइटमार्फत सार्वजनिक गरेको छ। लेखापरीक्षण प्रतिवेदन तयार गर्दा सम्बन्धित निकायहरुबाट प्रतिक्रिया लिने गरेको छ। लेखापरीक्षण कार्यको गुणस्तर मूल्याङ्कन गर्न गुणस्तर आश्वस्तता निर्देशिका जारी गरी मूल्याङ्कन संयन्त्र खडा गरी नियमित रुपमा पुनरावलोकन गरिरहेको छ।

ङ. कार्यालयले सरकारी लेखापरीक्षकको आचारसंहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याएको एवं सार्वजनिक गरेको छ। यसको पालनाको अनुगमन गर्ने संयन्त्र एवं कार्यविधि तर्जुमा, आचारसंहिताको घोषणा एवं सुपरिवेक्षणको व्यवस्था गरेको छ।

च. कार्यालयले आफ्ना जनशक्तिले सम्पादन गर्न नभ्याउने कार्यहरु सहायक नियुक्त गरी लेखापरीक्षण गर्ने गरेको छ। सहायक नियुक्तिको विवरण कार्यालयको वेभसाइटमार्फत सार्वजनिक गर्ने गरेको छ।

छ. कार्यालयले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम कार्य सम्पादन प्रतिवेदन वार्षिक रुपमा तयार गरी सार्वजनिक गर्ने गरेको छ।

ज. कार्यालयको कार्य सम्पादनको बारेमा इन्टोसाईले तयार गरेको कार्य सम्पादन मापन संरचना (SAI PMF) अनुरुप भारतका सर्वोच्च लेखापरीक्षण संस्थाबाट बाह्य पुनरावलोकन गरी सोको प्रतिवेदन सार्वजनिक गरेको छ

झ. लेखापरीक्षण कार्य सम्पादन पश्चात वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपतिसमक्ष पेस गर्ने बित्तिकै सार्वजनिक गर्ने गरेको छ।

ञ. काम कारबाहीको सम्बन्धमा सल्लाह दिन १५ सदस्यीय लेखापरीक्षण सल्लाहकार समितिको व्यवस्था गरिएको छ।

ट. कार्यालयले वार्षिक लेखापरीक्षण योजना, वार्षिक कार्यतालिका, रणनीतिक योजना (२०१६-२०२०), कार्य सञ्चालन योजना (२०१६-२०२०), महालेखा परीक्षकको कार्ययोजना (२०७४-२०७९) सार्वजनिक गरेको छ।

ठ. कार्यालयले कार्यमूलक लेखापरीक्षण योजना चरणमा जोखिम पहिचान गर्न, कार्यान्वयन चरणमा सूचनाको स्रोतको रुपमा सहभागि गराउन र प्रतिवेदन स्थानीय स्तरमा सम्प्रेषण गर्न महालेखा परीक्षकको स्वतन्त्रता कायम राख्ने गरी सरोकारवालाको सहभागिता बढाउन मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याएको छ।

ङ. कार्यालयले लेखापरीक्षण सम्पन्न पश्चात् सबै लेखापरीक्षण टोली समेटिने गरी प्रत्येक वर्ष ५० फाइलको गुणस्तर पुनरावलोकन गर्ने गरेको छ र यस्तो कार्य सञ्चालन गर्न स्वार्थ बाझिने व्यवहार नहुने गरी मूल्याङ्कन टोली गठन गर्ने गरिएको छ ।

ढ. कार्यालयले लेखापरीक्षणको गुणस्तर, विश्वसनीयता, विशेषज्ञता र निष्पक्षता तथा इमान्दारिताका सम्बन्धमा सरोकारवालासँग पृष्ठपोषण लिने गरेको छ ।

जवाफदेहीता पालनाका नतिजा

महालेखा परीक्षकले नेपालको संविधानको धारा २४१ मा संघीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्ने र धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। महालेखा परीक्षकले संविधान र लेखापरीक्षण ऐनद्वारा प्रदत्त कानुनी आधार अनुरुप लेखापरीक्षण गरी पेस गरेको प्रतिवेदनअनुसार नेपालमा जवाफदेहिता पालनाको अवस्था निम्नानुसार देखाएको छ:

क. **कारबाही गर्नुपर्ने समष्टिगत रकम**: सरकारी कार्यालय एवं अन्य संगठित संस्था, समिति, जिल्ला विकास समितिको बेरुजूको साथै लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनु दिनुपर्ने वैदेशिक सहायतालगायतका सम्बन्धमा आर्थिक वर्ष २०५९।६० देखिको कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकमको अवस्था निम्न रहेको छ:

(रु. लाखमा)

सि.नं.	विवरण	चवन्नौं	त्रिपन्नौं	बाउन्नौं	एकाउन्नौं	पचासौं
१	सरकारी कार्यालयको बेरुजू	१६७४९२७	११२५१५५	९०९७६२	७३६८८३	६६२६३८
२	अन्य संस्था, समिति र जि.वि.स.को बेरुजू	५४३९९८	५०४०४९	४५८०८०	४१७४३२	३७४५१८
३	लेखापरीक्षण बक्यौता	५३०६४	५७४१२	४६४३३	२५१५१	३१६४८
४	राजस्व बक्यौता	१३२१८१८	१२८२३३७	१०७९०२२	९३३६२५	७३१६८६
५	सोधभर्ना लिन बांकी वैदेशिक अनुदान	२२५१७७	२१२६९१	१७२३०२	२०७७५९	१६०८८३
६	सोधभर्ना लिन बाँकी वैदेशिक ऋण	१४३३७२	८३०५१	४५०८८	८९५८८	६०६५८
७	जमानत बसी दिलाएको ऋणको सांवा व्याज	२०५	२०५	२०५	२०५	२०५
	जम्मा	३९६२५६१	३२८५२३८	२७३१२३०	२४३०९८१	२०४२५७४

ख. **सार्वजनिक जवाफदेहिताको अवस्थाः** सार्वजनिक जवाफदेहिताको परिपालना सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षणबाट देखिएका व्यहोरा संक्षिप्त रुपमा निम्नानुसार रहेका छन्:

बजेट अनुशासन	**सार्वजनिक खरिद व्यवस्थापन**
• प्राविधिक, वस्तुगतलगायतका सबै वैदेशिक सहायता बजेटमा समावेश नगरेको, • कानुन प्रतिकूल रकमान्तर गरेको, • वर्षान्तमा रकम ट्रान्सफर गरी खर्च देखाएको, • पुँजीगत खर्च अपेक्षा गरे अनुरुप नबढेको, • बजेटको महत्वपूर्ण हिस्सा अनुदानले ओगट्ने अनुदानको अनुगमन नगरेको, • समयमा शोधभर्ना प्राप्त नगरेको, • चालु र पुँजीगत खर्चको प्रतिवेदन यथार्थपरक नभएको ।	• लागत अनुमान यथार्थपरक तयार नहुँदा भेरिएशनबाट काम थप गर्ने, • ठेक्का व्यवस्था समयमा नहुने, • टुक्रे लागत तयार गरी सोझै खरिद गर्ने, • ठेक्काको काम म्यादभित्र सम्पन्न नहुने, • पूर्व निर्धारित क्षतिपूर्ति असुल नगर्ने, • नपाउने मूल्यवृद्धि भुक्तानी दिने, • दावी भुक्तानी दिएको ।
आयोजना व्यवस्थापन	**राजस्व प्रशासन**
• राष्ट्रिय गौरवका आयोजनाहरु योजनाबद्ध तवरले सञ्चालन नभएको र प्रगति न्यून रहेको, • आयोजना कार्यान्वयन कार्य योजना तयार नगरेको, • परामर्शदाताको निर्भरता रहेको, • आयोजनाबाट अपेक्षित उपलब्धि हासिल नभएको, • वैदेशिक सहायताको न्यून उपयोग भएको, • लक्ष्यअनुसार प्रगति नभएको, • मापदण्डबेगर कन्टिन्जेन्सी खर्च गरेको, • अन्तरनिकाय समन्वय नभएको ।	• ठूलो रकमको कारोबार गरेपनि कर चुक्ता नगरेको, • नपाउने मूल्य अभिवृद्धि कर क्रेडिट लिएको, • समानुपातिक क्रेडिट कट्टी नगरेको, • फरक भन्सार दरबन्दी लगाएबाट कम महसुल उठेको, • राजस्व छुटको उपयोग सुनिश्चित नभएको, • करदाताले यथार्थ कारोबार नदेखाएबाट घटी कर असुल भएको, • पुँजीगत लाभकर छल्ने प्रवृत्ति बढेको, • कर फछ्यौंट आयोग गठन गरी बक्यौता राजस्व मिनाहा दिएको ।
आन्तरिक नियन्त्रण एवं कारोवारको यर्थातता	**स्रोत साधनको संरक्षण एवं उपयोग**
• जिम्मेवार व्यक्तिबाट अनुगमन निरीक्षण नभएको, • आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, • सरकारी लेखामानअनुरुप लेखा नराखेको एवं सञ्चित कोषको लेखामा प्रतिविम्बित नभएको, • बचत रकम सञ्चितकोषमा दाखिला नभएको, • आन्तरिक नियन्त्रण प्रणाली सबल नभएको ।	• सरकारी सम्पत्तिको एकीकृत अभिलेखा नभएको, • सरकारी वन एवं जग्गा अतिक्रमण भएको, • सरकारी सम्पत्ति उपयोगविहीन रहेको, • प्राकृतिक स्रोतको उपयोगबाट समुचित प्रतिफल प्राप्त नभएको ।

संस्थान सञ्चालन	जिम्मेवारी बहन
• अधिकांश संगठित संस्था नोक्सानीमा रहेको, • आन्तरिक नियन्त्रण कमजोर रहेको • समयमा लेखापरीक्षण नगराएको एवं प्रतिवेदन उपर प्रतिक्रिया नदिएको, • निष्क्रिय संस्थामा प्रशासनिक खर्चको लागि ऋण लगानी गरेको • रोयल्टी नवीकरण दस्तुर असुल नगरेको ।	• जिम्मेवार पदाधिकारीले तोकिएको समयभित्र कारबाही गरी बेरुजू फछ्र्यौट नगरेको, • कतिपय वैदेशिक सहायताको लेखापरीक्षण नगराएको • संसदीय समितिको निर्णय कार्यान्वयन तथा अनुगमन नभएको, • बेरुजूलगायत कारबाही गरी असुल फछ्र्यौट तथा टुङ्गो लगाउन बाँकी रु. ३ खर्ब ९६ अर्ब २५ करोड टुङ्गो नलगाएको ।

;[]t\| dxfn]/f k/LIfssf] r jGgf]Fjflif{s k|t j]bg .

सुधारका क्षेत्र

कार्यालयलाई अझ प्रभावकारी र जवाफदेही बनाउन देहायका विषयमा ध्यान दिनु जरुरी देखिन्छ ।

क. कार्यसम्पादनमा स्वतन्त्रता एवं प्रभावकारिता ल्याउन वित्तीय र प्रशासनिक अधिकार थप गर्नुपर्दछ ।

ख. लेखापरीक्षणसम्बन्धी सूचना (लेखापरीक्षण प्रतिवेदन) सरोकारवालालाई प्रवाह गर्ने कार्यविधि किटान हुनुपर्दछ ।

ग. सर्वोच्च लेखापरीक्षण संस्थाहरुका लागि अन्तर्राष्ट्रियमान अनुरुप मानदण्डहरु तर्जुमा तथा अद्यावधिक गर्नुपर्ने र कार्यान्वयन गर्न निर्देशिका तयार गर्नुपर्दछ ।

घ. कार्यालयमा प्रतिवेदनमार्फत दिइएका सुझावहरुको कार्यान्वयन अवस्थाको अनुगमन गर्न अनुगमन संयन्त्र स्थापना हुनुपर्दछ ।

ङ. गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।

च. लेखापरीक्षण गर्न सहायक नियुक्ति गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तर्जुमा हुनुपर्दछ ।

छ. कार्यसम्पादन गर्न दक्ष जनशक्तिको विकास गर्ने, महालेखा परीक्षकमा टिकाउने, तालिम र विकासका अवसर प्रदान हुनुपर्दछ ।

ज. बाह्य पुनरावलोकन प्रतिवेदनमा उल्लेख भएका सुझाव कार्यान्वयन हुनुपर्दछ ।

झ. लेखापरीक्षण सल्लाहकार समितिको कार्य क्षेत्रगत शर्तहरु कानुनमा उल्लेख गर्नुपर्दछ ।

ञ. यलष्लिभ ाभभमदबअप, यलष्लिभ गुनासा गर्न पाउने व्यवस्था हुनुपर्दछ ।

ट. सरोकारवालाबाट निरन्तर रचनात्मक सहयोग, विद्यमान लेखापरीक्षणका क्षेत्रका लागि सुझाव दिने तर सोही विषयमा प्रतिवेदन गर्दा असहमति जनाउने प्रक्रियाको अन्त्य हुनुपर्दछ ।

ठ. प्रतिवेदन कार्यान्वयन, संसदीय समितिमा छलफल, संसदीय अनुगमन (कार्यालयको लेखा राख्ने, लेखापरीक्षक नियुक्ति गर्ने) मा प्रभावकारिता हुनुपर्दछ ।

ङ. सरोकारवालाहरुको अपेक्षालाई सम्बोधन गर्ने गरी लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन गर्ने संयन्त्रको व्यवस्था हुनुपर्दछ ।

ढ. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह अनुरुप कार्यालयको पुनर्संरचना हुनुपर्दछ ।

ण. महालेखा परीक्षकको आर्थिक कारोबार एवं काम कारबाहीको लेखापरीक्षण सार्वजनिक लेखा समितिले नियुक्त गरेको स्वतन्त्र लेखापरीक्षकबाट गराउने प्रणालीको अवलम्बन हुनुपर्दछ ।

निष्कर्ष

सार्वजनिक काम कर्तव्य भएका व्यक्ति वा संस्थाले सम्पादन गरेका काम वा नगरेका कामका विषयमा सार्वजनिक रुपमा जवाफ दिने कार्यअन्तर्गत महालेखा परीक्षकले आफ्नो संवैधानिक भूमिका अनुरुप कार्य सम्पादन गर्नुपर्ने, अधिकार क्षेत्र अनुरुप सूचना उपलब्ध गराउने, कार्यप्रणाली पारदर्शी हुनुपर्ने, कार्य सम्पादनका बारेमा सरोकारवालालाई जानकारी दिनुपर्छ । यसका लागि महालेखा परीक्षकले लेखापरीक्षणको गुणस्तरमा सुधार, कानुनी सुधार, संगठनात्मक क्षमता अभिवृद्धि, लेखापरीक्षणको प्रभाव बढाउने, आन्तरिक काम कारबाहीमा सुधार गर्ने, रणनैतिक योजना, कार्य सञ्चालन योजना, सञ्चार रणनीति एवं कार्य योजनाको कार्यान्वयन, सार्वजनिक लेखा समिति एवं अन्य संसदीय समिति तथा सरोकारवालाहरुसँगको सहभागिता बढाई सम्बन्ध सुधार गरी लेखापरीक्षणबाट गरिएका अपेक्षा अन्तर(Audit expectation gap) घटाउने, कार्यमूलक लेखापरीक्षणमा समसामयिक विषयवस्तु छनौट गरी गहन अध्ययन, नेपालको नमुना संगठनको विकास गर्नुपर्ने देखिन्छ । यसका लागि सूचना प्रविधिमैत्री नैतिकवान सक्षम कर्मचारी, सूचना प्रविधिमैत्री कार्य वातावरण, सरोकारवालासँग नजिक रहने संरचना, सरोकारवालाहरुको रचनात्मक सहयोग, प्रतिवेदन कार्यान्वयनको निरन्तर अनुगमन तथा बाह्य एवं स्वतन्त्र विषयविज्ञहरुसँग लिइने सल्लाहमा निरन्तरता दिनु जरुरी छ ।

सन्दर्भ सामग्री

१. नेपालको संविधान, कानुन किताब व्यवस्था समिति
२. लेखापरीक्षण ऐन, २०४८, कानुन किताब व्यवस्था समिति
३. महालेखा परीक्षकको कार्यालयका विभिन्न प्रकाशनहरु
४. www.issai.org
५. महालेखा परीक्षकको चवन्नौं वार्षिक प्रतिवेदन २०७३, महालेखा परीक्षकको कार्यालय बबरमहल, काठमाडौं

परिवर्तित सन्दर्भमा स्थानीय तहको लेखापरीक्षण



✍ **निर्देशक, रमेश ढकाल**

१. **पृष्ठभूमि -** नेपालको संविधानले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न एवं राष्ट्रलाई समृद्धशाली बनाउन लोकतान्त्रिक शासनप्रणाली अङ्गीकार गरेको छ। त्यस्तै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न राज्य संघीय शासनप्रणालीमा आबद्ध भएको छ। नागरिकहरुले राज्यबाट प्राप्त गर्ने सेवा, सुविधा एवं समष्टिगत अधिकारलाई केन्द्रीकृत प्रणालीबाट विकेन्द्रित प्रणालीमा परिवर्तन गरी अधिकारको संरक्षण र उपयोगको दिशा निर्देश संविधानले गरेको छ। फलस्वरुप विकासलाई समृद्धिको मार्गमा प्रस्तुत गर्न राज्यको संरचना ३ तहमा विभाजन भएको छ। संघीय, प्रदेश र स्थानीय तहको राजनैतिक प्रणालीको प्रारुपनै संविधानको कानुनी व्यवस्था हो। प्रतिफलको न्यायोचित वितरण गर्न, क्षेत्रीय सन्तुलनसहितको समावेशी आर्थिक विकास गर्न, स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन गर्न र स्थानीय जनसहभागिता अभिवृद्धि गरी सामुदायिक विकास गर्ने मूल नीतिगत व्यवस्था संविधानले अपनाएको छ। राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानुनबमोजिम गर्न पाउने अधिकार सुनिश्चित हुन पुगेको छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने पक्ष मूल कानुनबाट प्रदत्त भएको अवस्था छ।

राज्यको संरचना, राज्यशक्तिको बाँडफाँड, आर्थिक अधिकारको प्रयोग र राजस्व स्रोतको बाँडफाँडसम्बन्धी विषयमा संलग्न हुने आर्थिक गतिविधि कानुनसम्मत गरियो या गरिएन, स्रोत साधनको परिचालनमा वित्तीय जवाफदेहिता र आर्थिक अनुशासन अपनाइयो या अपनाइएन, संरचनाको राजस्व एवं व्ययको स्थिति आलोचनामुक्त छ छैन आदि जस्ता संवेदनशील विषयलाई नागरिक र सरोकारवाला समक्ष आश्वस्तता दिलाउन महालेखा परीक्षकको व्यवस्था भएको छ। राज्यको स्रोत साधनको प्राप्ति एवं उपयोग मितव्ययी, दक्ष र प्रभावकारी हुन जरुरी पनि छ। सो प्रक्रियालाई आवश्यक निगरानी, नियन्त्रण, आलोचना र सुझावको लागि सर्वोच्च लेखापरीक्षण संस्था महालेखा परीक्षकको व्यवस्था र लेखापरीक्षण विषय एक कोशेढुङ्गाको रुपमा रहेको हामीले लिन सक्छौ। वस्तुपरक ढङ्गबाट लेखापरीक्षणका मूल्य मान्यता अगाडि बढाई आर्थिक कारोबारको अवस्था र स्थितिलाई विश्लेषण गरी प्रतिवेदन गर्ने जिम्मेवारी महालेखा परीक्षकमा रहेको छ।

२. **कानुनी आधार -** संविधानले सबै सरकारी कार्यालयलगायत संघीय, प्रदेश एवं स्थानीय तहको कानुनबमोजिम लेखापरीक्षण गर्ने अधिकार महालेखा परीक्षकलाई सुम्पेको छ। ती कार्यालयको

लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्ने मूल्य मान्यता र सिद्धान्त समेत निश्चित गरेको छ। संघीय कोष, प्रदेश कोष र स्थानीय कोषलगायत सबै संवैधानिक निकाय तथा सरकारी कार्यालय, सरकारको स्वामित्व भएका संगठित संस्था समेतको लेखापरीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्थाले लेखापरीक्षणको विगतको दायराभन्दा फराकिलो बनाएको छ। त्यस्तै लेखापरीक्षण ऐनले समेत परीक्षण गर्ने आधार, परीक्षणको तरिका, परीक्षणका विषयवस्तुहरु, प्रतिवेदन एवं सामयिक परीक्षणका कुरालाई समेत थप व्याख्या गरी लेखापरीक्षणलाई कानुनी मान्यता प्रदान गरेको छ। लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै इकाई मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्शाउन, त्यसमा आलोचना गर्न र रायसहितको प्रतिवेदन संविधानको धारा २९४ बमोजिम प्रतिवेदन पेश गर्नसक्ने कानुनी व्यवस्था छ ।

वित्तीय उत्तरदायित्वको स्थितिलाई मजबुत पार्न, वित्तीय जवाफदेहितालाई प्रवर्द्धन गर्न, सुशासनको सुदृढीकरण गर्न र दिगो तथा प्रणालीगत सुधारमार्फत समग्र वित्तीय व्यवस्थापनलाई अनुशासनको कडीमा ल्याउन महालेखा परीक्षकको भूमिका विगतदेखि रहँदै आएकोमा भूमिकामा थप वृद्धि भएको छ। सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनीयता र अनुशासन प्रवर्द्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य हो। सार्वजनिक साधन स्रोतको परिचालनामा अदक्षता र हानि-नोक्सानी रोक्न होस् वा कार्यसम्पादन प्रणालीमा विद्यमान कमजोरीबाट परेको असरबारे जानकारी दिएर होस् कानुनी रुपमानै महालेखा परीक्षकको भूमिका महत्वपूर्ण छ।

३. **विगतको व्यवस्था र देखिएका समस्या -** विगतमा राज्यको शासनप्रणाली केन्द्रीकृत थियो र राज्यबाट प्रदान हुने सबै किसिमका स्रोत साधनको परिचालनमा उपभोग गर्ने नागरिकका अधिकार सीमित र पहुँचयोग्य थिएनन्। नागरिकका अधिकारलाई राज्यबाट प्राप्त हुने सेवा सुविधालाई पहुँचयोग्य बनाउन केन्द्रीकृत शासनप्रणालीलाई परिवर्तन गरी संघीय शासन प्रणालीको प्रारुपमा देशको शासन व्यवस्था अपनाउने पद्धति शुरुवात भएको छ। सेवा सुविधालाई सरलीकृत र सहजीकरण गर्न स्थानीय स्वायत्त शासन ऐनलाई विगतमा कार्यान्वयनमा ल्याइए तापनि जनताका अधिकार र आफैमाथि शासन गर्ने प्रकृया वलियो बन्न सकेन। स्वायत्त शासनका सबै क्रियाकलापमा राज्यको हस्तक्षेप बढी नै रह्यो। समावेशी विकास, सुयोग्य सेवा प्रवाह र आर्थिक विकासका गतिविधिमा राज्यले खासै उपलब्धि हासिल गर्न सकेन। आयको असमान वितरणले विकासलाई क्षेत्रीय सन्तुलनको मजबुतिपना कायम नगरेबाट विगतको व्यवस्थालाई परिवर्तन गरिएको छ। उल्लिखित चुनौती तथा समस्या हल गर्न राज्यको स्वरुपमा परिवर्तन गरी जनतालाई राज्यका क्रियाकलापमा सहभागी हुन उत्प्रेरित गरेको अवस्था सिर्जना भएको छ। राज्यको समग्र व्यवस्थापनमा नागरिकलाई सहभागी गराउन राज्य संरचना परिवर्तन गरी जनप्रतिनिधिको

माध्यमबाट नेतृत्व प्रदान समेतको व्यवस्था अपनाई नतिजामुखी राजनीतिक प्रणाली स्वीकार हुन पुगेको छ। सोबाट आर्थिक कार्यप्रणालीमा परिवर्तन आएको छ।

४. **परिवर्तिन कानुन र अपेक्षागत सन्दर्भ -** मूल कानुनमा परिवर्तन भएको कारण राज्य अन्तर्गत गठन हुने संरचनामा आर्थिक कारोबारलाई चनाखोपूर्ण रुपमा सञ्चालन र सोबाट नतिजामुखी उपलब्धि हासिल गरिएको हुनुपर्दछ। कानुनमा परिवर्तन भएपछि गठित निकायले कानुनको भावना अनुरुप अपेक्षा गरेको पद्धति र प्रक्रियालाई अगाडि बढाउनुपर्ने हुन्छ। तीन तहको राज्य संरचना र स्वतन्त्र सरकारको परिकल्पनाअनुसार सोसँग सम्बन्धित क्रियाकलापलाई पारदर्शी र जवाफदेही बनाउन आवश्यक हुन्छ। अपेक्षा गरिएको र वास्तविक रुपमा कार्यान्वयनमा ल्याइएका आर्थिक प्रशासनका प्रारुपमा सोहीबमोजिम सम्बन्धित निकायहरुको पुनरावलोकन आवश्यक छ। राज्यको प्रारुपअनुसार तीन तहमध्ये १ केन्द्र, ७ प्रदेश र ७४४ स्थानीय तहको गठन भएको छ। स्थानीय तहको गठन पश्चात् सोको प्रशासन सञ्चालन र जनप्रतिनिधिको चयनको क्रम चलिरहेको अवस्था छ। परिवर्तित कानुनबमोजिम अपेक्षापूर्ण प्रारुपको कार्यान्वयनको क्रममा सर्वोच्च लेखापरीक्षण संस्थाले पनि आफ्नो उद्देश्य पूरा गर्न सोही अनुरुपको संगठनात्मक संरचनामा परिवर्तन गरी समय सान्दर्भिक प्रक्रियालाई कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको छ।

५. **प्रणालीगत संरचना र सेवाको प्रवाहीकरण -** अबको कार्यदिशा प्रणालीगत रुपमा विकास भएका संरचनामा नै रही सेवाको प्रवाहीकरण गरिनु हो। महालेखा परीक्षकको कार्यालयले पनि लेखापरीक्षण कार्यको सेवा प्रवाहीकरण गर्न प्रणालीगत संरचनामा पुग्नुपर्ने देखिन्छ। संघ, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण गरी राय प्रस्तुत गर्ने कार्यमा मार्ग निर्देशित गर्नुपर्ने हुन्छ। तहअनुसारको सेवा प्रवाहीकरणमा भएका कारोबारको पारदर्शिता लाई मध्यनजर गरी वस्तुपरक मूल्याङ्कनलाई जोड दिनुपर्ने देखिन्छ। विगतमा महालेखा परीक्षकको लेखापरीक्षण सेवाको प्रवाहीकरण स्थानीय निकायहरुमा पुग्न सकेको थिएन। कानुनबमोजिम गठित निकायमा कोष तथा बजेटको प्रत्यक्ष पहुँच प्रवाह हुने क्रमले आर्थिक अनुशासन कायम राख्न र पारदर्शिताको नतिजामा सर्वसाधारण तथा सरोकारवालाई आस्वस्तता दिन लेखापरीक्षणको प्रवाहीकरणलाई फराकिलो बनाउन आवश्यक देखिएको छ। प्रत्येक स्थानीय तहका नागरिकले आफ्नो आर्थिक गतिविधिबारेमा जानकारी पाउन सक्नुपर्दछ। सो अनुरुपको व्यवस्थालाई मूर्तरुप दिन लेखापरीक्षणक सेवा प्रवाहीकरणलाई मजबत र फराकिलो बनाउन पनि जरुरी देखिएको छ।

६. **स्थानीय तह गठनको आधार र कार्यान्यन पक्ष -** राज्यको समग्र विकासमा स्थानीय तहको महत्वपूर्ण जिम्मेवारी रहने कुरा सन्देहरहित छ। राजनीतिक पद्धति र संविधानको मान्यताभित्र रहेर स्थानीय तहले राष्ट्र निर्माणको कार्यलाई गतिशील तुल्याउन अपरिहार्य हुन गएको छ। स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा रहने व्यवस्था छ। संविधान र अन्य कानुनको अधीनमा रही गाउँपालिका र

नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा स्थानीय तहको हुने व्यवस्था छ ।

स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीतिसँग प्रतिकूल नहुने गरी वस्तु तथा सेवाको ओसार-पसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई कर लगाउने, प्राप्त रकम स्थानीय सञ्चितकोषमा जम्मा गर्ने एवं राजस्व र व्ययको अनुमान गरी खर्च गर्ने स्वायत्त अधिकार स्थानीय तहमा रहेको संविधानले नै निर्दिष्ट गरेको छ । यसबाट स्थानीय तहमा सुशासन एवं आर्थिक अनुशासनको मान्यता स्थापित गर्नको लागि जनप्रतिनिधिको तहनै बढी जिम्मेवारी रहेको छ । बजेटको बाँडफाँड, परिचालन एवं उपलब्धिमा स्थानीय तहको पारदर्शिता र जवाफदेहिता महत्वपूर्ण विषय हो । आर्थिक क्रियाकलापलाई कुनै दल विशेषप्रति नभएर जनताप्रति समर्पित गरी जनअपेक्षा अनुरुप विकासका कार्यलाई अगाडि बढाउनुपर्ने हुन्छ । स्थानीय तहको अनुशासन कायम राख्न निकायले कानुन तर्जुमा मात्र गरेर पुग्दैन, यसको लागि उचित कार्यान्वयन पक्षको जरुरी हुन्छ । कार्यान्वयन तहमा रहने जनप्रतिनिधिले आर्थिक अनुशासन कायमगर्न गम्भीर हुनुपर्ने देखिएको छ ।

वर्तमान अवस्थामा बजेट विनियोजनको स्थती हेर्दा बजेटको उच्चतम परिचालनबाट नागरिकका मागहरु सम्बोधन गर्ने परिस्थिति सिर्जना हुन पुगेको छ । अब ठूलो मात्राको बजेट गाउँ गाउँ पुग्ने अवस्थाले स्थानीय तहको विकासमा नयाँ फड्को मार्ने आशा जनताले लिएका छन् । विकासलाई नागरिक केन्द्रित गर्न निर्वाचित प्रतिनिधिको भूमिका महत्वपूर्ण रहेको छ । स्थानीय तहले प्राप्त गर्ने आय तथा कोषबाट गर्ने खर्चको उपलब्धिलाई असल अनुशासनमा बाँधिन पनि आवश्यक छ । खर्च गर्दा कानुनी प्रावधानहरु अवलम्बन नगर्ने, योजना छनौट तथा सोमा गरिने खर्च र उपलब्धि इमान्दारिपूर्ण नरहने, कार्यक्रम एवं कार्यान्वयनको मार्गलाई उपलब्धिमूलक नबनाइने, आवश्यकताको आधारमा रही स्रोत तथा साधनको परिचालनमा दक्षता नदेखिने, आय तथा व्ययका समग्र नतिजाउपर अनुगमन तथा मूल्याङ्कनका सीमाहरुलाई जनमैत्री नबनाइएकोले विगतमा आर्थिक अनुशासनले निश्चित गन्तव्य तय गर्न नसकेको स्थिति देखिएको थियो ।

आगामी दिनहरुमा अब स्थानीय तहले समग्र रुपमा आवश्यकतालाई सहजीकरण तथा सरलीकरण गरेर सेवा प्रवाहलाई मूर्तरुप दिन आवश्यक छ । तथापि स्थानीय तहले आर्थिक अनुशासनलाई उच्च विन्दुमा राख्न वजेटको उचित वाडफाड अनुगमन, खर्चको प्रमाणिकता, सार्वजनिक लेखापरीक्षणको प्रभावकारिता, वित्तीय उत्तरदायित्व एवं वित्तीय जवाफदेहितालाई मूलमन्त्रको रुपमा लिई समग्र अनुशासनलाई मार्ग प्रशस्त गर्न आवश्यक देखिन्छ ।

७. **सुधार प्रक्रिया तथा कार्यवातावरण -** विगतमा आर्थिक पारदर्शीतामा विभिन्न चुनौतीहरु देखापरे तथापि ती चुनौतीहरुलाई समन्वय गरी अगाडि बढाउन प्रतिबद्धताको कमी रह्यो। हामीले यसतर्फ विचार गरी सुधार गर्नुपर्ने देखिएको छ।

हाम्रो शासन व्यवस्थामा विगतदेखि विकासका क्रियाकलापमा संलग्न सबै पक्षको स्थितिमा के आर्थिक अनुशासन कायम थियो ? उपलब्धिमा के आर्थिक अनुशासनले प्रमुखता पाएको थियो ? के हामी पारदर्शी र अनुशासित मुलुक हौ ? के हामीले सम्पादन गरेका क्रियाकलापमा आर्थिक अनुशासनले निश्चित मार्ग तय गर्न सकेको थियो ? यी सबै प्रश्नको जवाफ दिन सजिलै हामी असमर्थ छौ। त्यसैले अबको हाम्रो गन्तव्य बजेटको परिचालन, खर्चको उपादेयता र उपलब्धिलाई उत्तरदायित्व वहन गरी वित्तीय जवाफदेहिता पूरा गरिनु हो। यी सबै समग्र रुपलाई आर्थिक अनुशासनको घेरामा लिन सक्छौ। त्यसैले अबको जनताको प्रमुख माग पनि आर्थिक पारदर्शिता कायम राखी राज्यलाई समृद्धशाली बनाउनु हो। यसको मूर्तरुप कार्यान्वयन गर्न गठित स्थानीय तह एउटा कोशेढुङ्गाको रुपमा स्थापित हुन पुगेको छ।

८. **स्थानीय निकायमा देखिएका विगतका व्यहोरा** - जनताका आवाज नसुन्ने, मागमा आधारित योजना तथा कार्यक्रमलाई मैत्रीपूर्ण बाटोमा दिशाबोध नगर्ने, तजबिजी निर्णय गर्ने, निर्णयलाई पारदर्शी नबनाउने, आम्दानी तथा खर्चमा कानुनी प्रक्रिया पूरा नगर्ने, कानुनी प्रक्रिया पूरा गरेकोमा पनि रीत नपुऱ्याउने, स्रोत साधनको मूलमा नै निष्ठापूर्ण व्यवहार नअपनाउने, सल्लाह तथा सुझावलाई विवेकशील आधारमा आत्म केन्द्रित नगर्ने, सम्पादन गरेका सूचकलाई नागरिकमाथि छलफल नगर्ने, अनुगमनलाई ध्यान नदिने जस्ता चुनौती देखापरेको थिए। चुनौतीहरुलाई सामना गर्न असल अभ्यास अपनाउनुपर्ने तर्क र आलोचना महालेखा परीक्षकका प्रतिवेदनहरुमा औल्याएको देखिन्छ। गठित स्थानीयतहले यसबाट पाठ समेत सिक्नुपर्ने देखिन्छ।

९. **नेतृत्व र अपेक्षा** -आर्थिक अनुशासनको परिचय भनेको मूलतः कुशल स्थानीय नेतृत्वनै हो। उद्यमशील क्षमता, सोचनीय क्षमता र कार्यप्रतिको अभिप्रेरणा नेतृत्वमा रह्यो भने आर्थिक क्रियाकलापले पारदर्शिताको बाटो चयन गर्न सक्दछ। फलस्वरुप स्थानीय तहको हरेक व्यवस्थापकीय क्रियाकलापमा आमुल रुपमा सुधार हुन गई राज्यले लिएको आर्थिक उद्देश्य तथा दीर्घकालीन नीतिहरुलाई कार्यान्वयनमा ल्याउन सघाउ पुग्ने अपेक्षा गर्न सकिन्छ। यसको लागि आर्थिक बोध, सहयोगी भावना, कार्यको गाम्भीर्यता, वर्तमानको यथार्थता, कार्यमूल्याङ्कन र आत्म नियन्त्रणप्रति सजग रहनुपर्दछ। तबमात्र स्थानीय तह सवल भई आर्थिक अनुशासनलाई बढवा दिन सकिन्छ।

१०. **लेखापरीक्षणको लागि असल अभ्यासको आधार** :सहभागितामूलक प्रक्रियाको अवलम्बन, उपभोक्ता समितिको गठन तथा अनुगमन, पूर्वाधारको संरक्षण र व्यवस्थापन, स्थानीय तह भित्रको लगत र संरक्षण, विकास कार्यको व्यवस्थापन र नियमन, सबै वडाहरुको आय तथा व्ययको बिषय शिर्षक

अन्तर्गतको विवरण, समष्टिगत आय व्यय विवरण, आन्तरिक नियन्त्रणको व्यवस्था, आन्तरिक लेखापरीक्षण, विभिन्न ऐन नियम तथा कार्यविधिहरुमा तोकिएका व्यवस्थाहरुको अनिवार्य रुपमा अवलम्बन लेखापरीक्षणको असल अभ्यासका आधार हुन ।

त्यस्तै आर्थिक बर्षको अन्त्यमा कार्यक्रम संचालन गर्ने प्रक्रियालाई नियन्त्रण, चौमासिक कार्य लक्ष्य बमोजिम बजेट र खर्च प्रक्रियाको तादाम्यता, समयमै ठेक्का व्यवस्थापन, प्रतिस्पर्धात्मक खरिद, उपभोक्ताबाट व्यहोरिएको रकम, कार्यक्रम अनुरुप खर्च गर्ने स्थिति, योजनाको ममर्त संभारको जिम्मेवारी, कार्यक्रम र बजेटमा भएको व्यवस्थाको अनुपातिक खर्च, श्रोतहरुको पहिचान, आयको अभिलेख, वातावरणीय सन्तुलन जस्ता असल अभ्यासलाई कार्यान्वयनमा ल्याउन स्थानीय तहको जिम्मेवारी महत्वपूर्ण छ । यसले लेखापरीक्षणको लागि असल अभ्यासको आधार खडा गर्ने हुन्छ ।

११. **वित्तीय आयोगको दायित्व :-** चालू खर्च भनौ वा प्रशासनिक खर्चको जोहो प्रत्येक स्थानीय तहले उठाई व्यवस्थापन गर्नुपर्ने र खर्चको सीमा समेत आयोगबाट तोक्नु पर्ने अवस्था हुन्छ । प्रशासनिक खर्च व्यवस्थापनमा स्थानीय तह स्वयं प्रोत्साहित समेत हुनु अनिवार्य छ । सबै खर्च केन्द्रिय सरकारको भरमा पर्ने अर्थात वित्तीय आयोगबाट लिने परिपाटी बसाइयो भने यसले राम्रो संकेतको थालनी नगर्ने हुन्छ । श्रोतको आधार नै छैन भन्ने कुरामा वित्तीय हस्तान्तरण आयोगले निश्चित गरेर अख्तियारीमा समेत खुलाउने व्यवस्थाले राम्रो मार्ग पहिचान गर्न सक्छ । राजश्व उठाउन नसक्ने हैसियतलाई खर्च गर्ने अनुदानको अख्तियारीमा व्यहोरा खुलाइएन भने खर्चमा मितव्ययीता कायम नरहन सक्छ । यस सन्दर्भमा वित्तीय आयोगको भूमिका अर्थपूर्ण रहेको छ ।

१२. **पदिय दायित्व र कार्यसम्पादन** : - स्थानीय तहको आर्थिक प्रशासनमा रहने कर्मचारीहरुले पनि प्रचलित ऐन कानूनको सिद्धान्त बमोजिम आफनो कर्तव्यबाट विचलित नभई कार्यलाई अगाडी बढाउनुपर्ने हुन्छ । यसो हुन सक्यो भने मात्र स्थानीय तहको आर्थिक प्रशासन उपलब्धिमुलक भई जनताको केन्द्रविन्दु बन्न सक्दछ । यथासम्भव छरितो एवं कार्य सम्पादनलाई मितव्ययी तुल्याउन सदैव स्थानीय सरकार प्रयत्नशील समेत हुनुपर्छ । विगतमा देखिएको ढिलासुस्ती र कामको दोहोरोपना हटाई आर्थिक कारोबारलाई पारदर्शी र अर्थपूर्ण किसिमबाट सञ्चालन गरियो भने स्थानीय तहको सुशासनमा लेखा तथा लेखापरीक्षणले सरोकारवालालाई सूसुचित गराउन थप बल पुर्याउँछ । फलस्वरुप कार्यसम्पादन स्तर उपलब्धीमूलक हुन पुग्दछ ।

१३. **वित्तीय उत्तरदायित्व र जवाफदेहिता -** स्थानीय तहको आर्थिक कार्यप्रणालीलाई जनचाहना अनुरुप सञ्चालन गर्न वित्तीय उत्तरदायित्व, आर्थिक अनुशासन र प्रणालीगत सुधार महत्वपूर्ण विषय हो । प्रत्येक पटक सरकार गठन हुँदा आर्थिक अनुशासनलाई विशेष महत्व दिएको पाइन्छ । यसै क्रममा विगत वर्षदेखिका नीति तथा कार्यक्रमहरुबाट पनि आर्थिक अनुशासनसम्बन्धी सरकारी वचनबद्धता स्पष्ट हुन्छ । तर यसको कार्यान्वयन पक्ष भने खासै प्रभावकारी भएको पाइँदैन ।

स्थानीय तहको प्रशासनलाई सुदृढ गरी अनियमितता नियन्त्रणका लागि आर्थिक अनुशासन कायम नगर्नेउपर कडा कारबाही गर्ने, प्रशासनिक झन्झटबाट जनतालाई मुक्त तुल्याइनुपर्ने, स्वविवेकीय कार्यपद्धितलाई न्यून गरी स्थानीय प्रशासनलाई पद्धतिमा आधारित गराउने, कर प्रणालीलाई व्यवस्थित गर्नुपर्ने, कार्यप्रगतिलाई नतिजासँग तुलना गरी व्यवस्थापन गरिनुपर्ने जस्ता सुधारात्मक

उपायहरु अवलम्बन गरिनु जरुरी हुन्छ । सोबाट आर्थिक अनुशासन कायम हुन गई राज्यले लिएको आर्थिक नीति तथा उद्देश्य पूरा हुने निश्चित गर्न सकिन्छ ।

१४. **संघीय व्यवस्थामा महालेखा परीक्षक –** वित्तीय जवाफदेहिताको प्रवर्द्धन, सुशासनको अभिवृद्धि, दिगो तथा प्रणालीगत सुधारमार्फत समग्र वित्तीय व्यवस्थापनको सुदृढीकरण सुनिश्चित गर्न संविधानले महालेखापरीक्षकको व्यवस्था गरेको देखिन्छ । एकात्मक शासन प्रणालीको स्वरुपमा संघीय शासन प्रणालीलाई नेपालको नयाँ संविधानले प्रतिस्थापन गरेको छ । संविधानले संघीय, प्रदेश र स्थानीय तहको सरकारको व्यवस्था गरेको छ । स्थानीय तहको चुनाव भइरहेको अवस्थाले संविधानको कार्यान्वयन पक्ष द्रुततर रुपमा अगाडि बढेको छ । संविधानले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालनद्वारा आर्थिक वृद्धि हासिल गर्न तथा उपलब्धिको न्यायोचित वितरण गर्न स्वतन्त्र रुपमा विभिन्न तहको व्यवस्था गरेको छ । स्वतन्त्र सरकारको आ-आफ्नै आर्थिक क्रियाकलाप हुने र सो क्रियाकलापको स्वतन्त्र मूल्याङ्कन तथा विश्लेषण गरी प्रतिवेदन दिने कार्यलाई सोही अनुसार कार्यान्वयन गर्नुपर्ने अवस्था देखापरेको छ ।

वित्तीय जवाफदेहिता प्रवर्द्धनमा महालेखा परीक्षकको कार्यालयले स्थापनाकाल वि.सं.२०१६ देखि नै सार्वजनिक स्रोत साधनको परिचालनमा अदक्षता र हानि नोक्सानी रोक्न विभिन्न सुझाव प्रदान गर्दै आएको देखिन्छ । यसका साथै आर्थिक प्रशासन सञ्चालनमा कानुनसम्मत कार्य गर्न जिम्मेवार पदाधिकारीलाई अभिप्रेरित गर्न पनि गहन रुपले सहयोग पुऱ्याउँदै आएको छ । प्रभावकारिता मूल्याङ्कन गर्न होस् या कमजोरीबाट परेको असरबारे जानकारी गराउने होस् दुवै पक्षमा महालेखा परीक्षकको भूमिका उत्तिकै छ । राज्यले बनाएका नीति प्रक्रिया तथा कार्य मापदण्डमा देखिएका नियन्त्रण गर्नुपर्ने तत्वलाई विभिन्न सुझाव प्रदान गरी वित्तीय प्रशासनलाई जवाफदेही बनाउन अग्रसर पनि रहँदै आएको अवस्थालाई इन्कार गर्न सकिँदैन ।

आर्थिक कारोबार गर्ने निकायहरुको स्थिति संघीय स्वरुपमा परिवर्तन भएको छ । उक्त परिवर्तीत अवस्थालाई मध्यनजर राखी कार्य अगाडि बढाउनुपर्ने मुख्य भूमिका महालेखा परीक्षकको हो । विद्यमान अवस्थामा कानुन र आमजनताले चाहे अनुरुपको प्रतिवेदन अपेक्षाकृत हुन सकेको देखिँदैन । तथापि शासन प्रणालीको प्रारुप पनि परिवर्तन भएको छ । संरचना, समय, लागत, सीपयुक्त जनशक्ति, सञ्चार, सूचना, प्रमाण र निष्ठा जस्ता चुनौति र समस्याका कारण आशा गरे अनुरुप नतिजा दिन नसके तापनि आर्थिक प्रशासनको नियन्त्रणको पाटोमा जवाफदेहिताको प्रवर्द्धन नभएको भन्न पनि सकिँदैन । तथापि लेखापरीक्षणको तरिका, विधि र प्रक्रियामा जनशक्तिलाई परिवर्तीत कारोबारमा चनाखो र दक्ष बनाउन सकियो भने जवाफदेहिता प्रवर्द्धनमा थप बल पुग्ने देखिन्छ । यसको लागि कार्यालयको भौतिक तथा प्रेरणात्मक वातावरणमा संघीय, प्रान्तीय र स्थानीय शासनमा लेखापरीक्षणलाई ठोस रुपले सुधार गर्नु पनि आवश्यक हुन्छ ।

मूलरुपमा शासन प्रणालीमा विभिन्न स्वरुपको वित्तीय क्षेत्रमा जवाफदेहिता प्रवर्द्धन गर्न महालेखा परीक्षकको व्यवस्था पनि एक हो । राज्यले गठन गरेका अन्य सरकारी निकायहरुलगायत अन्य संवैधानिक अङ्गको तुलनामा वित्तीय जवाफदेहिताको प्रवर्द्धनमा महालेखा परीक्षकको भूमिका विगतदेखि रहँदै आएको छ । नेपालको मूल कानुन संघीय, प्रदेश र स्थानीय तहको लेखापरीक्षण

गरी जिम्मेवार व्यक्तिले वित्तीय जवाफदेहिता पूरा गरे नगरेको स्थितिलाई जनता सामु पुऱ्याउन जिम्मेवारीपूर्ण कार्य महालेखा परीक्षकलाई सुम्पेको छ। संविधान, वित्तीय कानुनहरु र लेखा तथा लेखापरीक्षणको मूल्य मान्यता, सिद्धान्त र असल व्यवहारलाई कार्यान्वयनमा ल्याई स्रोत एवं साधनको परिचालन, विकासका क्रियाकलाप एवं प्रवाहित सेवामा रहेका वित्तीय कमजोरी र आर्थिक अनियमितता पहिचान गरी जनता सामु ल्याउन महालेखा परीक्षकको स्थान कानुनद्वारा नै स्पष्ट छ।

राज्यको बनावट संघीय शासन प्रणालीमा परिवर्तन भएको छ। महालेखा परीक्षकले मूलतः संघीय, प्रान्तीय र स्थानीय तहका कारोबारको छुट्टाछुट्टै प्रतिवेदन उपलब्ध गराउनुपर्ने बाध्यकारी व्यवस्था संविधानले सुम्पेको छ। सोबाट राज्यका आर्थिक गतिविधिलाई सरोकारवालामा सूचित गराउन होस् या आर्थिक कारोबारको नतिजाप्रतिको समालोचनात्मक टिप्पणी होस् महालेखा परीक्षकले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने स्थिति छ। संघीय शासन प्रणाली अनुरुप तीनै तहमा भए गरेका आर्थिक परिसूचक, बजेट व्यवस्थापन, ऋण एवं सहायता, कोष तथा लेखा प्रणाली, राजस्व, आयोजना व्यवस्थापन, खरिद व्यवस्थापन, सरकारी सम्पत्तिको संरक्षण तथा उपयोग, कार्यक्रमहरुको कार्यान्वयन, लगायतका क्षेत्रहरुलाई गम्भीरतापूर्वक ध्यान दिई आफ्नो भूमिका बलियो बनाउनुपर्ने देखिएको छ। यसको लागि महालेखा परीक्षकले आवश्यक पर्ने जनशक्ति, संगठन र सोसँग सम्बन्धित स्रोत परिचालनको उत्तम व्यवस्थापनको भूमिका पालना गर्न जिम्मेवारी समेत थप भएको छ। स्रोत परिचालन, वितरण, व्यवस्थापन, लेखापरीक्षण र प्रतिवेदनको परिवर्तित अवस्थामा रुपान्तरण गरी संविधानले प्रदत्त गरेका अधिकारको समायोजन एवं समन्वय गर्नु महालेखा परीक्षकको भूमिका अझ बढी रहेको छ।

१५. **स्थानीय तहको लेखापरीक्षण र आधारभूत पक्ष :** नेपालको संविधानले व्यवस्था गरेका राजनीतिक संरचनाहरुको गठन र त्यसको कार्यान्वयन पक्षलाई गतिशिलता प्रदान गर्ने क्रम जारी छ। आम जनताको अपेक्षा अनुरुप स्थानीय स्तरको स्वशासित विकास र समृद्धिलाई प्राथमिकतामा राखी स्थानीय तह गठन भएका छन्। श्रोत र साधनहरु निर्णय गर्ने प्रक्रिया र शक्ति पनि स्थानीय तहमा हस्तान्तरण भएको छ। २० बर्ष पछि स्थानीय तहको चुनाव भएको छ। स्थानीय चुनाव र विकासको राजनीतिमा पनि आ आफनै आग्रहहरु देखापरेका छन्। स्थानीय तह गठन पश्चात् सोको संचालन र सामान्य पूँजीगत खर्च व्यवस्थापनको लागि रकम निकासा भईसकेको अवस्था छ। बजेटको महत्वपूर्ण अंश स्थानीय तहमा प्रवाहित भईसकेको छ। निर्वाचित प्रतिनिधिले भौतिक पूर्वाधार, पर्यटन, सामाजिक सुरक्षा, यूवा खेलकूद, कृषि, संचार, शिक्षा, स्वास्थ्य र सुशासनका बिषयलाई पहिलो प्राथमिकतामा राखी कार्य गर्नुपर्ने जिम्मेवारी रहेको छ।

विकास प्रक्रियामा आम्दानी र खर्चको महत्वपूर्ण भूमिका रहन्छ। आर्थिक कारोबारको नतिजालाई समिक्षात्मक टिप्पणी गर्ने काम लेखापरीक्षण बाट हुने व्यवस्था कानूनमा नै गरिएको छ। संघीय, प्रदेश र स्थानीय तहको श्रोत साधनको प्राप्ती एवं उपयोग मितव्ययी, दक्ष र प्रभावकारी छ छैन एवं श्रोत साधनको परिचालन गठित निकायहरुले जवाफदेही ढंगबाट सम्पादन गरेका छन् या छैनन् मुल्यांकन गरी लेखापरीक्षणको माध्यमबाट प्रतिवेदन गर्ने जिम्मेवारी संविधानले महालेखापरीक्षकलाई सुम्पेको अवस्था छ। आर्थिक बर्ष २०७४।०७५ मा नै बजेटको अधिक अंश

स्थानीय तहमा जाने हुँदा आर्थिक कारोबारसँग सम्बन्धित जनचासो सम्बोधन गरी प्रतिवेदन गर्ने कार्यमा संरचनात्मक परीक्षणका तौर तरिका र वित्तिय विवरणको आश्वस्ततालाई गम्भीर रुपमा उत्तरदायित्व पुरा गर्ने कार्यमा सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकलाई थप चुनौती समेत बढ्न गएको छ। आर्थिक बर्ष २०७४।०७५ मा ०७३।०७४ मा सम्पादन भएका सबै आर्थिक कारोबार लगायत चालू स्थानीय निकाय र स्थानीइ तह दुवैको लेखापरीक्षण गर्नुपर्ने रहेको छ। कानून बमोजिम स्थानीय तहको गठन अगावै स्थापना भएका नगरपालिका र गाउँ विकास समितिको लेखापरीक्षण सर्वोच्च लेखापरीक्षण संस्थाबाट सम्पादन गर्ने व्यवस्था थिएन। स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम यसभन्दा अघि तत्कालीन जिल्ला विकास समितिको कार्यालयको मात्र लेखापरीक्षण गर्ने व्यवस्था थियो। एकै आर्थिक बर्षमा संवैधानिक व्यवस्था अनुरुप संरचना परिवर्तन हुँदा कानूनले व्यवस्था गरेको र नगरेको आर्थिक कारोबारको परीक्षणलाई कसरी सम्पादन गर्ने हो सोको नीतिगत र कानूनी व्यवस्था आवश्यक भैसकेको अवस्था छ।

संविधानले स्थापना हुने गाँउपालीका नगरपालीका र जिल्ला सभालाई स्थानीय तहको ब्याख्या भित्र समावेश गरेको छ। यी सबै निकायको कार्यकारीणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही गाउँ कार्यपालीका वा नगर कार्यपालिकामा निहित हुने ब्यवस्था छ। संविधानको धारा २१४ वमोजिम स्थानीय तहको कार्यकारीणी अधिकार अनुसूचि ८ र ९ मा ब्यवस्था भएको छ। संविधान र अन्य कानूनको अधिनमा रही गाउँपालीका र नगरपालिका को शासन ब्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा स्थानीय तहको हुने गरी निश्चित गरेको छ। संविधानको भाग १८ मा स्थानीय ब्यवस्थापिका र भाग १९ मा स्थानीय आर्थिक कार्य प्रणालीको व्यवस्था भएको छ। संविधानको धारा २२९ ले स्थानीय तह अन्तर्गत संचित कोष रहने र कोषवाट खर्च गर्ने ब्यवस्था समेतलाई अवलम्वन गरेको छ। धारा २४१ ले स्थानीय तहको लेखापरीक्षण गर्ने गरी माहालेखा परीक्षकलाई अधिकार प्रदान गरेको छ।

संविधानले स्थानिय तहको लेखापरीक्षण महालेखा परीक्षकबाट गर्ने ब्यवस्था अनुरुप जनशक्तिको परिचालन, कार्यालय ब्यवस्थापन, तालीम, संचालन सामाग्रीको ब्यवस्थापन श्रोत साधनको उपलब्धता, मार्ग निर्देशिका, लेखापरीक्षणको तरिका क्षेत्र, पद्धति, सिमा, विधि, प्रतिवेदनको स्वरुप, प्रेतिवेदन दिने प्रणाली, सुपरीवेक्षण ब्यवस्था, लेखापरीक्षण योजना, प्रतिवेदनको ढाँचा जस्ता विभिन्न पक्षलाई ध्यान दिई अगाडी वढनुपर्ने आवस्यकताा छ। सर्वोच्च लेखापरीक्षण गर्ने संस्था र स्थानीय तहले पुरा गर्नुपर्ने आधारभूत पक्षलाई देहायको तालीकामा प्रस्तुत गरिएको छ।

सर्वोच्च लेखापरीक्षण संस्थाले पुरा गर्नुपर्ने आधारभूत पक्ष	**स्थानीय तहले पुरा गर्नुपर्ने आधारभूत पक्ष**
• स्थानीय तहको लेखापरीक्षण मार्ग निर्देशिका	• स्थानीय कोषको समष्टिगत आर्थिक विवरण
• स्थानीय तहको लेखापरीक्षणमा आवस्यक पर्ने थप जनशक्ति समेतको सर्भेक्षण	• कोष संचालनको एकाउण्डटीङ्ग म्यानुअल,
• प्रदेश तथा स्थानीय तहमा कार्यालय ब्यवस्थापन	• कोषको आन्तरिक लेखापरीक्षण,

• भौतिक श्रोत साधनको व्यवस्थापन	• आन्तरिक नियन्त्रण प्रणाली को आश्वस्तता,
• स्थानीय तहको लेखापरीक्षण मा तालीम तथा प्रशिक्षण	• स्थानीय तहको नाममा हुने निर्णय वा आदेश र तत्सम्वन्धि अधिकार पत्रको प्रमाणीकरण
• प्रतिवेदन प्रणालीको व्यवस्था एवं स्वरुप र ढाचाँ	• स्थानीय आर्थिक नीति
• कार्यको बाँडफाँड अधिकार प्रत्यायोजन, सुपरीवेक्षण को नीतिगत प्रावधान	• खर्च सम्वन्धि स्थानीय कानून
• लेखापरीक्षणको विधि तरिका र कार्यप्रक्रीयाको छनौट	• राजस्व र व्ययको अनुमान
• लेखापरीक्षणको सिमा क्षेत्र र पद्धत्तिको किटान	• वजेट वाँडफाँड
• प्रतिवेदन दिने र संपरीक्षण व्यवस्था	• कारोवारको लेखाङ्कन बाट बन्ने एकिकृत स्वीकृत वित्तिय विवरण
• स्थानीय निकायको बाँकी लेखापरीक्षणको स्थिति सम्वन्धि व्यवस्था	• प्रगति प्रतिवेदनहरु, मासिक प्रतिवेदनहरु
• लेखापरीक्षणको लागि आवस्यक लजिष्टीक म्यानेजमेन्ट आदि	• लेखा र लेखाङ्कनका आधार, व्यवस्थापन प्रतिनिधित्व को आधार

निश्कर्ष - संविधानले स्थानीय तह सम्वन्धि व्यवस्थामा गरेको प्रावधानमा संलग्न हुने सवै निकायले अ-आफ्नो भूमिकालाई कार्यान्वयनमा ल्याउन जरुरी भइसकेको अवस्था छ । संवैधानिक अंग महालेखा परीक्षलकले पनि संविधानले निर्दिष्ट गरेको अधिकार भित्र रही लेखापरीक्षण र प्रतिवेदनको कार्यसम्पादन गर्नुपर्ने हुन्छ । यसका लागि स्थानीय तहको समग्र आर्थिक पाटोमा पुरा गर्नुपर्ने आधारभूत पक्षलाई सवै निकायले ध्यान दिनुपर्ने देखिएको छ । आधारभूत पक्षलाई हृदयगंम गरी अगाडी वढ्न सकेमा संविधानको कार्यान्वयन पक्षले मुर्तरुप लिन सक्दछ ।

सन्दर्भ सामग्री

- www:oagnep.gov.np
- नेपालको संविधान, २०७२

सार्वजनिक खरिद कानुनमा संशोधन र यसका प्रभावहरु

✍ *टीकानाथ अर्याल*
लेखापरीक्षण अधिकारी

१. विषय प्रवेश

सुशासन, सार्वजनिक जवाफदेही, वित्तीय अनुशासन र भ्रष्टाचार नियन्त्रण कुनै पनि लोकतान्त्रिक राज्यको उच्च प्राथमिकताको विषयभित्र पर्दछ। नेपालको सन्दर्भमा सर्व सञ्चित कोषबाट गरिने कुल खर्चमध्ये करिब ७० प्रतिशत खर्च सार्वजनिक खरिदमा हुने खर्चले ओगट्ने गरेको तथ्यलाई मध्यनजर गर्दा सार्वजनिक खरिदको प्रभावकारी व्यवस्थापन गर्न सकिएमा प्रतिस्पर्धा, पारदर्शिता र जवाफदेही वृद्धि हुन गई जनताले तिरेको करबाट हुने खर्चको प्रभावकारितामा वृद्धि हुने कुरामा विश्वस्त हुन सकिन्छ। सरकारी खर्चको प्रभावकारितामा जनविश्वास अभिवृद्धि हुन्छ र सुशासन कायम गर्न सहयोग गर्दछ।

सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई प्रभावकारी, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन राज्यले खरिद कानुन (ऐन, नियम, कार्यविधि) तर्जुमा गरी लागू गरेको हुन्छ। यसै परिप्रेक्ष्यमा नेपालमा पनि सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने अभिप्रायले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को तर्जुमा भएको देखिन्छ। सार्वजनिक निकायले निर्माण कार्य गराउँदा मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा त्यस्तो खरिदको व्यवस्थापन क्षमता अभिवृद्धि गरी उत्पादक, बिक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न तर्जुमा भएको उक्त ऐनले सबै सरकारी निकायहरु, स्थानीय स्वायत्त निकायहरु, अर्ध सरकारी संस्थान, समिति, बोर्ड लगायतलाई समेटेको हुनाले यसको स्वरुप छाता ऐन (Umbrella Act) को रुपमा रहेको छ।

सार्वजनिक खरिदलाई प्रतिस्पर्धी, मितव्ययी र प्रभावकारी बनाई यसबाट अपेक्षित उपलब्धि हासिल गर्न खरिद कानुनको तर्जुमा मात्र पर्याप्त हुँदैन। यसको प्रभावकारी कार्यान्वयन, समय सापेक्ष सुधार, संशोधन र पुनरावलोकनको पनि त्यति नै खाँचो पर्दछ। यसै सन्दर्भमा २०७३।३।३० मा सार्वजनिक खरिद ऐन, २०६३ को पहिलो संशोधन र २०७३।९।०४ देखि लागू हुने गरी सार्वजनिक खरिद नियमावली, २०६४ मा चौथो संशोधन भएको छ। यस लेखमा उल्लिखित संशोधनका प्रमुख पक्षहरु र यसबाट पर्न सक्ने अपेक्षित सकारात्मक/नकारात्मक प्रभाव वा असरहरु औँल्याउने प्रयास गरिएको छ।

२. संशोधनका प्रमुख पक्ष र अपेक्षित प्रभावहरु

२.१ **एकरुपता –** साबिकमा ऐनको दफा ३ को उपदफा (१) पछि (१क) थप गर्दै प्रचलित कानुनबमोजिम दर्ता भएको संस्था (सार्वजनिक कोषको उपयोग गर्ने) ले पनि सरकारी कोष प्रयोग गरी खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने व्यवस्था पहिलो संशोधनद्वारा थप भएको छ। यसबाट सार्वजनिक कोषको प्रयोग गर्ने सबै प्रकारका संस्थाहरुले सार्वजनिक खरिद ऐन, नियमावलीको परिधिभित्र रही खरिद कारबाही गर्नुपर्ने भई सार्वजनिक खरिदमा एकरुपता, पारदर्शिता र मितव्ययिता प्रवर्द्धन हुने अपेक्षा गर्न सकिन्छ।

२.२ **लागत अनुमान –** ऐनको दफा ५ को उपदफा (१) मा साबिकमा लागत अनुमान तयार गर्न आवश्यक नपर्ने खरिदको सीमा रु. २५ हजार रहेकोमा पहिलो संशोधनबाट निर्माण कार्यको हकमा बाहेक रु.१ लाखसम्मको खरिदको लागि लागत अनुमान आवश्यक नपर्ने व्यवस्था भएको छ। यस व्यवस्थाअनुसार निर्माण कार्य गर्दा, गराउँदा जतिसुकै रकमको भए तापनि लागत अनुमान तयार गर्नुपर्ने तर मालसामान खरिदको हकमा रु.१ लाखसम्म लागत अनुमान आवश्यक नपर्ने भई आकस्मिक तथा अन्य सानातिना खरिद कारबाहीमा सहजता आउने देखिन्छ।

२.३ **जटिल र विशेष प्रकृतिका संरचना –** ऐनको दफा ५ पछि दफा ५क थप भई सार्वजनिक निकायले दफा ४ बमोजिम तयार गरिने मालसामान, निर्माण कार्य र सेवाको विवरण र दफा ५ बमोजिमको लागत अनुमान दफा १४ बमोजिमको अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था दफा ५क (१) मा थप भएको छ। तर सुरुङ मार्ग, रेल मार्ग, केबलकार मार्ग तथा विशेष प्रकृतिका सडक मार्गजस्ता जटिल र विशेष प्रकृतिका संरचनाको ड्रइङ, डिजाइन तथा स्पेसिफिकेसन विभागीय प्रमुखबाट नै गराउनुपर्ने व्यवस्था नियमावलीको ५क.बाट थप भएको छ।

२.४ **प्राविधिक/परामर्शदाता जिम्मेवार हुने –** एक पटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन शुरुको लागत अंकमा २५ प्रतिशतभन्दा बढी फरक परेमा वा त्रुटिपूर्ण डिजाइन वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुनबमोजिम भागीदार हुने व्यवस्था ऐनको दफा ५ को उपदफा (२) मा गरिएको छ। यस व्यवस्थाबाट पर्याप्त अध्ययन, सर्वेक्षण बेगर ड्रइङ, डिजाइन तथा लागत अनुमान तयार गर्ने अनि आयोजना कार्यान्वयनका क्रममा पटक पटक डिजाइन परिवर्तन, भेरिएसन एवं म्याद थप गर्ने प्रवृत्ति एवं अवस्थामा कमी आउने अपेक्षा गर्न सकिन्छ।

२.५ **थप खरिद विधिको व्यवस्था –** मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्ने सम्बन्धमा साबिकमा ऐनको दफा ८ को उपदफा (१)(क) मा क्रम संख्या १ देखि ६ सम्म क्रमशः अन्तर्राष्ट्रिय स्तरमा खुला बोलपत्र (ICB), राष्ट्रिय स्तरमा खुला बोलपत्र (NCB), सिलबन्दी दरभाउपत्र, सोझै खरिद, उपभोक्ता समिति र अमानतमध्ये कुनै एक विधि अपनाई खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा

ऐनको यस संशोधनबाट सोका अतिरिक्त देहाय अनुसारका ४ (क्र.सं. ७ देखि १० सम्म) खरिद विधि थप भएको छः–

- **एकमुष्ट दर विधि (Lump Sum Contract) –** प्रत्येक इकाईको परिमाण र लागत अनुमानको कुल अंकभन्दा के, कति घटी वा बढी प्रतिशतमा काम गर्ने हो, सो कबोल गरी बोलपत्र पेस गर्ने विधि ।
- **उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा खरिद (Catlog Shopping) –** कुनै मालसामान निर्माण गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर र सुविधाका आधारमा तय गरेको बिक्री मूल्य सम्बन्धित कम्पनीको वेबसाइट वा कागजात (ब्रोसर) मा सार्वजनिक गरेपछि समान स्तरको मालसमान उत्पादन गर्ने कम्पनीले तोकेको मूल्यमा प्रतिस्पर्धा गराई गरिने खरिद विधि ।
- **सीमित बोलपत्रदाताले भाग लिने खरिद विधि (Limited tendering) –** कुनै मालसामान, निर्माण कार्य वा सेवा खरिदमा उत्पादक, आपूर्तिकर्ता वा सेवा प्रदायक सीमित मात्र भएमा त्यस्तो उत्पादक आपूर्तिकर्ता वा सेवा प्रदायक बीच मात्र प्रतिस्पर्धा गराई गरिने खरिद विधि ।
- **नयाँ लिने, पुरानो दिने विधि (Buy Back Method) –** निश्चित समयपछि औचित्यहीन हुने वा जनस्वास्थ्य वा वातावरणीय दृष्टिले लिलाम गर्न वा भण्डारण गरिराख्न नमिल्ने वा प्रयोग गर्न नहुने अवस्थामा मालसामान वा मेसिनरी औजार तोकिएबमोजिम मूल्याङ्कन गरी सम्बन्धित उत्पादक वा आपूर्तिकर्तालाई फिर्ता गरी नयाँ लिने विधि ।

ऐनमा थप गरिएको उल्लिखित खरिद विधिको प्रक्रिया/कार्यविधि सम्बन्धमा नियमावलीको नियम ३१ पछि ३१क देखि ३१घ सम्म थप गरी देहायअनुसारको व्यवस्था गरेको छः–

(क) एकमुष्ट दर विधि (Lump Sum Contract) बाट गरिने खरिदको कार्यविधि

- कुनै योग्यता आवश्यक नपर्ने रु. २ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य गर्नु पर्दा लागत अनुमान सार्वजनिक गरी राष्ट्रिय स्तरको खुला बोलपत्रद्वारा एकमुष्ट विधिको आधारमा प्रतिस्पर्धा गराई खरिद गर्न सकिने ।
- बोलपत्रदाताले बिड गर्दा कुल लागत अनुमानमा निश्चित प्रतिशत घटी वा बढी प्रतिशतमा काम गर्ने एकमुष्ट दर कबोल गरी बोलपत्र पेस गर्नुपर्ने ।
- यस्तो खरिद विधि बहुवर्षीय सम्झौता गर्नुपर्ने गरी खरिद कारबाहीमा प्रयोग गर्न नसकिने ।

(ख) उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा खरिद (Catlog Shopping) को कार्यविधि

- सार्वजनिक निकायले हेभी इक्विपमेन्ट, सवारीसाधन, औजार, मेसिनरी, उपकरण, एक्स-रे, एम्.आर. आई.जस्ता स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने उपचारजन्य यन्त्र वा यस्तै अन्य

यान्त्रिक मालसामान त्यस्तो समानस्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा आधिकारिक बिक्रेतालाई कम्तीमा ७ दिनदेखि बढीमा १५ दिनसम्मको लिखित सूचना दिई प्रतिस्पर्धा गराई खरिद गर्न सक्ने,

- सूचना प्राप्त भएपछि त्यस्तो मालसामान बिक्री गर्न चाहने उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताले उत्पादनको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न गरी निवेदन दर्ता गराउनुपर्ने, यसको लागि जमानत आवश्यक नपर्ने,
- दर्ता भएका उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताले पेश गरेको स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) हेरी समान स्पेसिफिकेसन र गुणस्तर भएका उत्पादनहरुको उत्पादक वा आधिकारिक बिक्रेताको सूची तयार गरी सोको आधारमा खरिद गरिने मालसामानको परिमाण खोली उत्पादक वा आधिकारिक बिक्रेताबाट तोकिएको मूल्य र सुविधामध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरणसहितको आर्थिक प्रस्ताव माग गर्नुपर्ने,
- प्रस्ताव मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही प्रस्तावदाता छनौट गर्नुपर्ने,
- एकमुष्ट दर विधि जस्तै यो खरिद विधि पनि बहुवर्षीय सम्झौतामा प्रयोग गर्न नसकिने ।

(ग) सीमित बोलपत्रदाताले भाग लिने खरिद (Limited tendering) को कार्यविधि

- सीमित मात्रामा उपलब्ध भएको वा हुने मालसामान, निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा खरिद गर्नु परेमा त्यस्तो प्रकृतिको आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकहरु ३ वा सोभन्दा कम संख्यामा उपलब्ध भएको अवस्था यकिन गरी त्यस्ता आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकहरुबीच प्रतिस्पर्धा हुने गरी १५ दिनको सूचनाद्वारा बोलपत्र वा प्रस्ताव माग गरी खरिद गर्न सकिने,
- यो खरिद विधि पनि बहुवर्षीय सम्झौतामा प्रयोग गर्न नसकिने,
- यस विधिबाट खरिद गर्नु पर्दा एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने ।

(घ) नयाँ लिने, पुरानो दिने खरिद (Buy Back Method) को कार्यविधि

- सार्वजनिक निकायले आफ्नो स्वामित्वमा रहेको कुनै सवारीसाधन, औजार, मेसिनरी उपकरण, यन्त्र, रसायन, मलखाद, विषादि वा यस्तै प्रकृतिका अन्य मालसामानको उत्पादक कम्पनीले तोकेको ग्यारेन्टी वा वारेन्टीको समयावधि पूरा भएपछि मर्मत, सम्भार गरी सञ्चालनमा ल्याउँदा लागत प्रभावकारी नहुने र त्यस्तो उत्पादक कम्पनीले तोकेको मापदण्ड अनुरुपको परिमाण नदिने वा पुनः प्रयोग गर्न नमिल्ने वा औचित्यहीन हुने र त्यस्ता मालसामान

जनस्वास्थ्य वा वातावरणीय दृष्टिले भण्डारण गरिराख्न वा लिलाम गर्न समेत उपयुक्त नहुने अवस्था भएमा त्यस्तो अवस्थाको यकिन गरी पुरानो मालसामान सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेता वा आपूर्तिकर्ताबाट सट्टा पट्टा गरी लिन सक्ने,

- त्यसरी सट्टा पट्टा गर्दा त्यस्तो मालसामानको उत्पादक वा आधिकारिक बिक्रेता वा आपूर्तिकर्तासँग पुरानो मालसामानको मूल्याङ्कन प्रस्ताव लिई नयाँ मालसामानको निर्धारित बिक्री मूल्यम पुरानो मालसामानको मूल्याङ्कित रकम कट्टा गरी खरिद सम्झौता गरी खरिद गर्नुपर्ने,
- यस नियमबमोजिम खरिद गरिने नयाँ मालसामान मान्यता प्राप्त संस्थाबाट गुणस्तर प्रमाणित भएको हुनुपर्ने,
- यो खरिद विधि पनि बहुवर्षीय सम्झौतामा प्रयोग गर्न नसकिने ।

(ङ) **स्वदेशी बोलपत्रदाताहरुबीच मात्र प्रतिस्पर्धा गराई गरिने खरिद –** ऐनको दफा ११ को उपदफा (२) बमोजिम एक चरणको खुला बोलपत्र आह्वान गर्दा रु.२ करोडभन्दा बढी र रु.१ अर्बसम्मको लागत अनुमान भएको निर्माण कार्यको खरिदमा ऐनको दफा १५ को अवस्था (अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गर्नुपर्ने अवस्था) मा बाहेक राष्ट्रिय स्तरको बोलपत्रको माध्यमद्वारा स्वदेशी बोलपत्रदाताहरुबीच मात्र प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने व्यवस्था समेत संशोधित नियमावलीको नियम ३१ङ मा थप भएको छ । साथै यस्तो खरिदमा प्राविधिक र आर्थिक प्रस्ताव २ अलग अलग खाममा राखी पेस गर्न लगाउनुपर्ने, सर्वप्रथम प्राविधिक प्रस्ताव खोली ऐनको दफा २३ र नियमावलीको नियम ५९, ६०, ६२ र ६३ बमोजिम परीक्षण गरी सारभूत रुपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नुपर्ने, प्राविधिक प्रस्तावमा असफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव नखोली फिर्ता गर्नुपर्ने र प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोली नियम ६१, ६४ र ६५ बमोजिम आर्थिक प्रस्ताव तथा विशेष मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र छनौट गर्नुपर्ने व्यवस्था छ ।

यस व्यवस्थाले स्वदेशी उद्योगधन्दा तथा व्यवसाय प्रवर्द्धनमा सघाउ पुग्ने अपेक्षा गर्न सकिन्छ ।

(च) **संयुक्त उपक्रम (JV) बाट सहभागी हुनुपर्ने –** रु.१ अर्बभन्दा माथि रु.५ अर्बसम्मको लागत अनुमान भएको निर्माण कार्यको अन्तर्राष्ट्रिय स्तरको बोलपत्रमा सहभागी हुन चाहने विदेशी फर्म, संस्था वा कम्पनीले स्वदेशी फर्म, संस्था वा कम्पनीसँग ज्वाइन्ट भेन्चर गरी सहभागी हुनुपर्ने व्यवस्था गरिएको छ । यसबाट निश्चित सीमासम्मको अन्तर्राष्ट्रिय स्तरको बोलपत्रमा पनि स्वदेशी निर्माण व्यवसायीको सहभागिता सुनिश्चित गरी नेसनल प्रिफेरेन्ससहित स्वदेशी उद्योग, धन्दा प्रवर्द्धन गर्न थप टेवा दिएको छ ।

२.६ **परामर्श सेवाको लागत अनुमान –** साबिकमा परामर्श सेवाको लागत अनुमानको ढाँचा नतोकिएकोमा नियमावलीको चौथो संशोधनबाट नियम १२ मा उपनियम (३) पछि (४) थप गरी

परामर्श सेवा र अन्य सेवाको लागत अनुमान अनुसूची–१क बमोजिमको ढाँचामा तयार गर्नुपर्ने व्यवस्था गरिएको छ । जस अन्तर्गत जनशक्तिको पारिश्रमिक, भ्रमण, आवासलगायतका शोधभर्ना हुने खर्च, तालिम, गोष्ठी, छपाई, मसलन्दलगायतका फुटकर खर्चसमेतको कुल लागतमा कार्यालय व्यवस्थापन खर्च (ओभरहेड वा शिरोभार खर्च) बापत अधिकतम ५ प्रतिशत थप गरी कुल लागत अंक कायम गर्न सकिने व्यवस्था गरिएको छ ।

साबिकमा परामर्श सेवाको लागत अनुमान तयार गर्ने सन्दर्भमा सार्वजनिक निकायहरुले फरक फरक मापदण्ड अपनाउने गरेको (ओभरहेड उल्लेख गरी कतिपयले १५ प्रतिशतसम्म थप लागत समावेश गर्ने गरेको) मा हाल संशोधित यस व्यवस्थाबाट उक्त कार्यको लागत अनुमानको तयारीमा रहेको अन्यौलता हट्न गई एकरुपता आउने र परामर्श सेवाको लागतमा समेत न्यूनता आउने देखिन्छ ।

२.७ **लागत अनुमान स्वीकृतिको सीमा वृद्धि –** नियमावलीको नियम १४ को उपनियम (१) र (२) मा भएको संशोधनबाट निर्माण कार्य र परामर्श सेवाको लागत अनुमान स्वीकृत गर्ने सीमा देहायअनुसार कायम गरेको छ:–

२.७.१ **निर्माण कार्य/मालसामान तथा अन्य सेवा**को लागत अनुमानको सीमा तथा स्वीकृत गर्ने अधिकारी देहाय अनुसार छ :–

क्र.सं.	स्वीकृत गर्ने अधिकारी	संशोधित लागत अनुमानको सीमा (रु.)	साबिकको लागत अनुमानको सीमा (रु.)
१	राजपत्रांकित तृतीय श्रेणीको कार्यालय प्रमुख	१ करोडसम्म	५० लाखसम्म
२	राजपत्रांकित द्वितीय श्रेणीको कार्यालय प्रमुख	५ करोडसम्म	१ करोडसम्म
३	राजपत्रांकित प्रथम श्रेणीको कार्यालय प्रमुख	१० करोडसम्म	३ करोडसम्म
४	विभागीय प्रमुख	१० करोडभन्दा बढी	३ करोडभन्दा बढी

२.७.२ **परामर्श सेवा**को लागत अनुमानको सीमा तथा स्वीकृत गर्ने अधिकारी देहायअनुसार छ:–

क्र.सं.	स्वीकृत गर्ने अधिकारी	संशोधित लागत अनुमानको सीमा (रु.)	साबिकको लागत अनुमानको सीमा (रु.)
१	राजपत्रांकित तृतीय श्रेणीको कार्यालय प्रमुख	१० लाखसम्म	१ लाखसम्म
२	राजपत्रांकित द्वितीय श्रेणीको कार्यालय प्रमुख	२५ लाखसम्म	५ लाखसम्म
३	राजपत्रांकित प्रथम श्रेणीको कार्यालय प्रमुख	५० लाखसम्म	१० लाखसम्म
४	विभागीय प्रमुख	५० लाखभन्दा बढी	१० लाखभन्दा बढी

लागत अनुमान स्वीकृतिको सीमा वृद्धिबाट सार्वजनिक खरिद प्रक्रियामा शीघ्रता, सहजता आउने र जिम्मेवारी एवम् जवाफदेहितामा अभिवृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

२.८ **मू.अ.कर बीजकको सीमा –** नियमावलीको नियम १९ को उपनियम (२) मा आयकर र मूल्य अभिवृद्धि कर दर्ता नभएका फर्मसँग खरिद गर्न सक्ने सीमा रु.५ हजार रहेकोमा चौथो संशोधनबाट उक्त सीमा रु.२० हजार पुऱ्याइएको छ । यस्तो सीमा वृद्धिले सानातिना खरिद कार्य केही सहज भए तापनि सार्वजनिक खरिद कारोबारमा संलग्न हुन चाहने व्यक्ति वा फर्महरु मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने बाध्यतालाई खुकुलो पारेको छ ।

२.९ **निर्माण व्यवसायीको योग्यताको आधार –** नियमावलीको नियम २६ को उपनियम (१) अन्तर्गत सार्वजनिक निर्माणसम्बन्धी खरिद कारबाहीमा भाग लिने बोलपत्रदाता वा पूर्वयोग्यता प्रस्तावदाताको योग्यताको आधार निर्धारण गर्दा उक्त उपनियमको खण्ड (क) देखि (च) सम्मका कुरालाई विचार गरी निर्धारण गर्नुपर्ने खरिदको सीमा साबिकमा रु.६० लाखभन्दा बढी रहेकोमा यस संशोधनबाट रु २ करोडभन्दा बढी गरिएको साथै सोही नियमको उपनियम (३) पछि (४) थप गरी "रु.२ करोडसम्मको लागत अनुमान भएको विद्युत गृह, टर्वाइन, पुल, सुरुङ मार्ग, रेल मार्ग, रज्जु मार्ग, केबलकार मार्ग, बहु तले भवन वा सडक मार्गजस्ता जटिल वा विशेष प्रकृतिका संरचनालगायत सम्बन्धित सार्वजनिक निकायबाट तोकिएको अन्य संरचनाको निर्माण कार्यको लागि ऐनको दफा १०(५) बमोजिम योग्यता निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ । यसबाट उल्लिखित सीमा सम्मको खरिद प्रक्रिया सरल र छिटो छरितो हुने अपेक्षा गर्न सकिन्छ ।

२.१० **थप कार्य सम्पादन जमानत –** ऐनको पहिलो संशोधनबाट दफा १३(२) (बोलपत्रसम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने कुराहरु) अन्तर्गत खण्ड (ढ) पछि (ढ१) देखि (ढ४) सम्म थप भएको छ । जस अन्तर्गत खण्ड (ढ१) मा बोलपत्रदाताले लागत अनुमानभन्दा १५ प्रतिशतसम्म कम अंक कबोल गरेमा कबोल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशतभन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५ प्रतिशतभन्दा जति रकमले घटी कबोल गरेको छ सो को ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था भएको छ ।

उदाहरणका लागि रु.१ करोड लागत अनुमान भएको कुनै निर्माण कार्य कुनै निर्माण व्यवसायीले १५ प्रतिशत घटी अर्थात् रु.८५ लाख कबोल गरेमा सोको ५ प्रतिशतले हुने रु.४ लाख २५ हजार कार्य सम्पादन जमानत राखे पुग्छ तर सोभन्दा घटेर कबोल गरेको अवस्था जस्तैः यदि रु.७० लाख कबोल गरेको अवस्थामा रु.१५ लाख (रु.८५ लाख र ७० लाखको फरक) को ५० प्रतिशतले हुने रु.७ लाख ५० हजार थप कार्य सम्पादन जमानत र रु.७० लाखको ५ प्रतिशतले हुने रु.३ लाख ५० हजारसमेत जम्मा रु.११ लाख (करिब १५.७१ प्रतिशत) को कार्य सम्पादन जमानत राख्नुपर्दछ । साबिकमा रु.७० लाख कबोल गर्ने निर्माण व्यवसायीले सो को ५ प्रतिशतले हुने रु.३ लाख ५० हजारमात्रको जमानत राखे पुग्ने व्यवस्था थियो । यसरी सार्वजनिक खरिद कारबाहीमा

भाग लिने निर्माण व्यवसायी, आपूर्तिकर्ता वा सेवा प्रदायकले कबोल गरेको न्यूनताको मात्राअनुसार कार्य सम्पादन जमानत राख्नुपर्ने रकम वृद्धि हुँदै जाने व्यवस्थाले सार्वजनिक खरिदसम्बन्धी ठेक्का कार्यहरुमा अस्वस्थ प्रतिस्पर्धा भई लागत अनुमानभन्दा अत्यन्त न्यून अंक कबोल गर्ने, मोबिलाइजेसन पेश्की लिने र लामो समयसम्म कार्य शुरु नगर्ने, तोकिएको मापदण्ड र गुणस्तर कायम नगर्ने, पटक पटक म्याद थप गर्नुपर्ने अवस्था सिर्जना हुने यद्यपि ठेक्काका कार्यहरु अधुरै रहने जस्ता विद्यमान विसंगतिहरुमा कमी आउने अपेक्षा गर्न सकिन्छ ।

२.११ **पूर्व योग्यता र बोलपत्र कागजात दस्तुर –** साबिकमा पूर्वयोग्यता कागजातको दस्तुर लागत अनुमानको सीमा उल्लेख नगरी त्यस्तो कागजात तयार गर्न लागेको खर्चको आधारमा रु.१ हजारदेखि १५ हजारसम्म रहेकोमा नियमावलीको नियम ३४(१) को संशोधनबाट रु.२ करोडदेखि रु.१० करोडसम्मको लागि रु.५ हजार, रु.१० करोडदेखि २५ करोडसम्मको लागि रु.१० हजार र रु.२५ करोडभन्दा माथि लागत अनुमान भएको पूर्व योग्यता कागजातको लागि रु.१५ हजार दस्तुर तोकिएको छ ।

त्यस्तै बोलपत्रसम्बन्धी कागजातको दस्तुर साबिकमा रु.१ हजारदेखि रु.१० हजारसम्म रहेकोमा नियम ४८(१) को संशोधनबाट रु.२० लाखदेखि २ करोडसम्मको लागि रु.३ हजार, रु.२ करोडदेखि १० करोडसम्मको लागि रु.१० हजार र रु.२५ करोडभन्दा माथिको बोलपत्रको लागि रु.२० हजार दस्तुर तोकिएको छ ।

२.१२ **बोलपत्रदाता जिम्मेवार हुने –** नियमावलीको नियम ४५ को खण्ड (क) देखि (ज) सम्म उल्लिखित कागजातका अतिरिक्त बोलपत्रसाथ पेस गरिएका कागजातको वैधताको विषयमा सम्बन्धित बोलपत्रदाता जिम्मेवार हुने विषय (खण्ड झ) र सार्वजनिक निकायले आवश्यक ठानेका अन्य कागजात पेस गर्नुपर्ने विषय (खण्ड ञ) चौथो संशोधनबाट थप भएको छ ।

२.१३ **लागत अनुमान खुलाउनुपर्ने सीमा –** बोलपत्र आह्वानको सूचनामा लागत अनुमान रकम खुलाउनुपर्ने सीमा साबिकमा रु.६० लाख रहेकोमा नियम ४९ को संशोधनबाट रु.२ करोड पुऱ्याइएको छ ।

२.१४ **बोलपत्र फिर्ता वा संशोधन –** यस सम्बन्धमा नियम ५८ मा देहायअनुसारको व्यवस्था राखी साबिकमा रहेको व्यवस्था प्रतिस्थापन गरिएको छः–

- विद्युतीय बोलपत्र वा प्रस्तावको हकमा त्यस्तो बोलपत्र वा प्रस्ताव पेस गर्ने अन्तिम समयावधिसम्म विद्युतीय माध्यमबाट फिर्ता वा संशोधन गर्न सकिने,
- विद्युतीय बाहेक अन्य तरिकाबाट बोलपत्र वा प्रस्ताव पेश गर्ने बोलपत्रदाताले आफूले पेस गरेको बोलपत्र वा प्रस्ताव फिर्ता लिन वा संशोधन गर्न चाहेमा अन्तिम समय समाप्त हुनुभन्दा २४ घण्टा अगावै सिलबन्दी खाममा निम्न कुरा खुलाई फिर्ता वा संशोधनका लागि निवेदन दिनुपर्नेः–

(क) बोलपत्र वा प्रस्तावको विषय

(ख) बोलपत्र वा प्रस्ताव आव्हान गर्ने सार्वजनिक निकायको नाम, ठेगाना

(ग) संशोधन गरिएको वा फिर्ता माग गरिएको विषय

- त्यस्तो निवेदन एक पटक मात्र दिन पाइने,
- त्यस्तो निवेदन तथा एक पटक संशोधन भइसकेको बोलपत्र वा प्रस्ताव फिर्ता लिन नसकिने
- जुन माध्यमबाट बोलपत्र वा प्रस्ताव पेस गरिएको हो, सोही माध्यमबाट मात्र फिर्ता वा संशोधन गर्न सक्ने ।

२.१५ **बोलपत्र स्वीकृत गर्ने अधिकारी –** बोलपत्र स्वीकृत गर्ने सीमामा नियम ६७(१) मा देहायअनुसार संशोधन गरी सीमा वृद्धि भएको छः–

क्र.सं.	बोलपत्र स्वीकृत गर्ने अधिकारी	संशोधित सीमा (रु.)	साबिकको सीमा (रु.)
१	राजपत्रांकित तृतीय श्रेणीको कार्यालय प्रमुख	३ करोडसम्म	१ करोडसम्म
२	राजपत्रांकित द्वितीय श्रेणीको कार्यालय प्रमुख	७ करोडसम्म	३ करोडसम्म
३	राजपत्रांकित प्रथम श्रेणीको कार्यालय प्रमुख	१५ करोडसम्म	७ करोडसम्म
४	विभागीय प्रमुख	१५ करोडभन्दा बढी	७ करोडभन्दा बढी

२.१६ **परामर्श सेवा –** नियमावलीको नियम ७० मा भएको संशोधनअनुसार परामर्श सेवा खरिदको लागि सूचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्ने सीमा रु.१० लाख रहेकोमा संशोधनबाट रु.२० लाख पुऱ्याइएको साथै साबिकमा रु.३ करोडभन्दा बढी रकमको परामर्श सेवाको लागि अन्तर्राष्ट्रिय स्तरको आशयपत्र माग गर्नुपर्ने व्यवस्था रहेकोमा सोको सीमा रु.१० करोड पुऱ्याइएको छ । त्यस्तै नियम ७० को उपनियम (२) पछि (२क) थप गरी रु.२० लाखभन्दा बढी रु.१० करोडसम्म लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नु पर्दा राष्ट्रिय स्तरको आशयपत्रदाताबीच मात्र प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्ने व्यवस्था भएको छ ।

२.१६.१ परामर्श सेवा खरिद सम्बन्धमा नियम ७० को उपनियम (१०) पछि संशोधनबाट निम्न प्रावधानसहितका ४ वटा उपनियम (११ देखि १४ सम्म) थप गरिएको छ :–

(क) रु.१० करोडभन्दा बढी रकमको परामर्श सेवा खरिदको हकमा विदेशी आशपत्रदाताले स्वदेशी आशयपत्रदातासँग संयुक्त उपक्रम (JV) गरेमा त्यस्तो विदेशी आशयपत्रदातालाई प्राथमिकता दिन सकिने,

(ख) आशयपत्रदाताको क्षमताको मूल्याङ्कन गर्दा परामर्श सेवाको कुल लागत अनुमानको १५० प्रतिशतमा नबढ्ने गरी हुने कारोबार रकम (टर्न ओभर) को आधार लिनुपर्ने,

(ग) आशयपत्रदाताको छनौट गर्दा प्रस्ताव खोलेको मितिले बोलपत्र मान्य अवधिभित्र कार्य सम्पन्न हुने गरी गर्नुपर्ने,

(घ) कुनै आशयपत्रदाताले आफूले प्राप्त गरेको अंक र छनौटमा पर्न नसकेको कारण सार्वजनिक निकायसँग माग गरेमा ५ दिनभित्र दिनुपर्ने ।

२.१६.२ परामर्श सेवा सम्बन्धी प्रस्तावदाता छनौट सम्बन्धमा नियम ८१ को उपनियम (५) पछि निम्न व्यवस्था रहेकोमा नियमावलीको चौथो संशोधनबाट उपनियम (६), (७) र (८) थपिएको छः–

- छनौट भएका प्रस्तावदातालाई वार्ताको लागि बोलाउँदा राष्ट्रिय स्तरको प्रस्ताव भए ७ दिन र अन्तर्राष्ट्रिय स्तरको प्रस्ताव भए १५ दिनको म्याद दिनुपर्ने,
- ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको ३० दिनभित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निःशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (Professional Liability Insurance) पेश गर्नुपर्ने,
- ३० दिनभित्र त्यस्तो बीमा पेस नगरेमा सार्वजनिक निकायले सम्झौताको अन्त्य गरी निजलाई कालोसूचीमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने ।

२.१६.३ **प्रस्ताव स्वीकृत गर्ने अधिकारी –** परामर्श सेवाको प्रस्ताव स्वीकृत गर्ने सीमामा नियम ६७(१) मा देहाय अनुसार संशोधन गरी सीमा वृद्धि भएको छः–

क्र.सं.	प्रस्ताव स्वीकृत गर्ने अधिकारी	संशोधित सीमा (रु.)	साबिकको सीमा (रु.)
१	राजपत्रांकित तृतीय श्रेणीको कार्यालय प्रमुख	१० लाख सम्म	१० लाख सम्म
२	राजपत्रांकित द्वितीय श्रेणीको कार्यालय प्रमुख	५० लाख सम्म	५० लाख सम्म
३	राजपत्रांकित प्रथम श्रेणीको कार्यालय प्रमुख	३ करोडसम्म	१ करोडसम्म
४	विभागीय प्रमुख	३ करोडभन्दा बढी	३ करोडभन्दा बढी

२.१६.४ सोझै वार्ताबाट खरिद गर्न सकिने परामर्श सेवाको सीमा रु. १ लाख रहेकोमा नियम ८२ को संशोधनबाट रु. ५ लाख पुऱ्याइएको छ ।

२.१७ **सिलबन्दी दरभाउपत्रसम्बन्धी व्यवस्थामा संशोधन –** नियमावलीको नियम ८४(१) मा साबिकमा रु.१० लाखसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा खरिद र रु.२० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य सिलबन्दी दरभाउपत्र विधिबाट खरिद गर्न सकिने व्यवस्था रहेकोमा यस संशोधनबाट रु.२० लाखसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा उक्त विधिबाट खरिद गर्न सकिने तर त्यस्तो खरिद स्वीकृत वार्षिक कार्यक्रम र

खरिद योजनाअनुसार हुनुपर्ने व्यवस्था गरिएको छ। साथै उपनियम (१) पछि निम्न प्रावधान रहेको उपनियम (१क) थप गरिएको – "रु.५० सम्मको एक्स-रे मेसिन, इसिजी, औषधिजन्य मालसमान, रोगको निदान तथा उपचारको लागि प्रयोग हुने स्वास्थ्यसम्बन्धी उपकरणहरु सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिनेछ।"

त्यस्तै साबिकमा दरभाउपत्र दस्तुर रु.३ सय रहेकोमा संशोधनबाट रु.१ हजार कायम गरिएको छ।

२.१८ **सोझै खरिदसम्बन्धी व्यवस्थामा संशोधन –** यस सम्बन्धमा ऐन र नियमावलीमा निम्नानुसारको संशोधन भएको छः–

२.१८.१ सोझै खरिद कार्य गराउन सकिने अवस्था सम्बन्धमा साबिकमा ऐनको दफा ४१ (१) को खण्ड (क) देखि (च) सम्म रहेकोमा संशोधनबाट खण्ड (घ) पछि (घ१), (घ२) र (घ३) मा निम्न अवस्था थप भएको छः–

- एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायसँग खरिद गर्नु परेमा (घ१),
- अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थासँग सो संस्थाले तोकेको दररेटमा मालसामान वा सेवा खरिद गर्नु परेकमा (घ२),
- विशेष परिस्थितिमा खरिद गर्नु परेमा (घ३)।

२.१८.२ **सोझै खरिदको सीमा –** साबिकमा नियमावलीको नियम ८५(१) अनुसार सोझै खरिदको सीमा मालसामानको हकमा रु.३ लाख र निर्माण कार्यको हकमा रु.५ लाख रहेकोमा संशोधनबाट निर्माण कार्य, मालसामान वा परामर्श सेवासमेत सबै खरिदको लागि रु.५ लाखको सीमा निर्धारण गरिएको छ। साथै रु.२० लाखसम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित रु.१५ लाखसम्मको मालसामान राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा र कुनै औषधिजन्य मालसामान उत्पादन गर्ने विश्व स्वास्थ्य संगठनबाट पूर्वयोग्यता प्राप्त एक मात्र औषधि उत्पादक कम्पनी भएकोमा त्यस्तो उत्पादकबाट खरिद गर्नु पर्दा सोझै वार्ता गरी जतिसुकै रकमको भए तापनि त्यस्तो औषधिजन्य मालसामान खरिद गर्न सकिने व्यवस्था छ।

२.१८.३ नियमावलीको नियम ८५ (१ख) पछि निम्न अवस्थामा सोझै खरिद गर्न सकिने गरी उपनियम (१ग) र (१घ) थप गरिएका छन्:–

- नेपाल सरकारको निमन्त्रणामा नेपाल भ्रमणमा रहेका विदेशी मुलुकको सरकार वा अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्थाका अति विशिष्ट वा विशिष्ट व्यक्तिलाई आतिथ्य र होटल वास सुविधाको लागि रु. ५० लाखसम्म सोझै खरिद गर्न सकिने (१ग),
- विदेशस्थित नेपाली राजदूतावास वा नियोग रहेको भवन वा अपार्टमेण्टको मर्मत गर्नु पर्दा २५ हजार अमेरिकी डलरसम्म सोझै खरिद गर्न सकिने (१घ)।

२.१८.४ मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा फर्मसँग लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गर्नु नपर्ने सीमा रु.२५ हजार रहेकोमा नियम ८५(४) को संशोधनबाट उक्त सीमा रु. १ लाख पुऱ्याइएको छ ।

२.१८.५ नियमावलीको नियम ८५ (५) पछि निम्न व्यवस्था रहेको उपनियम (५क), (५ख) र (५ग) थपिएका छन् :–

- सार्वजनिक निकायले कुनै अर्को सार्वजनिक निकायबाट उत्पादित वा वितरित कुनै मालसामान वा सेवा खरिद गर्नु परेमा त्यस्तो सार्वजनिक निकायको अधिकार प्राप्त अधिकारीबाट निर्धारित बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने (५क),
- कुनै अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था वा विदेशी मुलुकको सरकार वा त्यस्तो मुलुकको सार्वजनिक निकायसँग कुनै मालसामान खरिद गर्नु पर्दा निर्धारित बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने (५ख),
- उप नियम (५क) र (५ख) बमोजिम खरिद गर्नु पर्दा कुनै जमानत लिनु नपर्ने ।

२.१९ **घर, जग्गा भाडामा लिने सम्बन्धी व्यवस्थामा संशोधन –** नियमावलीको नियम ९४ को उपनियम (१०) पछि उपनियम (११) थप गर्दै "सार्वजनिक निकायले घर जग्गा भाडामा लिँदा काठमाडौँ उपत्यकाभित्र वार्षिक रु.१५ लाख र काठमाडौँ उपत्यका बाहिर वार्षिक रु.५ लाखसम्म भाडा तिर्नुपर्ने गरी भाडामा लिँदा वा विशेष परिस्थितिमा घर, जग्गा भाडामा लिनु परेमा घरधनीसँग सोझै वार्ता गरी भाडामा लिन सक्ने" व्यवस्था भएको छ ।

२.२० सेवा करारमा लिने सम्बन्धमा साबिकमा नियम ९५(३) मा सार्वजनिक निकायले वार्ताबाट खरिद गर्न सक्ने सीमा रु.१ लाख रहेकोमा सो सीमा रु.५ लाख पुऱ्याइएको छ ।

२.२१ **पेश्की सम्बन्धी व्यवस्थामा संशोधन –** निर्माण व्यवसायीलाई दिइने मोबिलाइजेसन पेश्की सम्बन्धमा विशेष व्यवस्था गर्दै ऐनको दफा ५२ (खरिद सम्झौता र सोका शर्त) पछि पेश्की सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको दफा ५२क थप भएको छ:–

- खरिद सम्झौता पश्चात् अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको २० प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने,
- पेश्की दिइदा पहिलो पटकमा स्वीक(त पेश्की रकमको ५० प्रतिशतमा नबढ्ने गरी र बाइकी रकम काय) प्रगतिका आधारमा दिन सकिने,
- पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत् मात्र भुक्तानी हुने,
- पहिलो पटक पेश्की प्राप्त गरेको मितिले ३० दिनभित्र काय) प्रारम्भ गरिसक्नु पने),

- पेश्की रकम कुन प्रयोजनमा खच) भएको हो सोको विवरण अद्यावधिक गरी सम्बन्धित साव)जनिक निकायलाइ) तोकिए बमोजिम उपलद्वध गराउनु पने),
- पेश्की रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा अग्रिम बैंक जमानत जफत हुने।

२.२१.१ ऐनमा थप गरिएको दफा ५२क को मर्म अनुरुप नियमावलीको नियम ११३ को उप नियम (२) र (३) मा पेश्की भुक्तानी र फछ्यौंट गर्ने व्यवस्था सम्बन्धमा देहाय अनुसारको व्यवस्था भएको छ :–

- पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रूपमा उपलब्ध गराउनु पर्ने,
- पेश्की दिँदा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैङ्कबाट जारी भएको बैङ्क जमानत एवं त्यस्तो बैङ्क जमानत विदेशी बैङ्कले जारी गरेको भए नेपाल भित्रको वाणिज्य बैङ्कले प्रति प्रत्याभूति (काउन्टर ग्यारेण्टी) लिई पेश्की दिनु पर्ने,

आपूर्तिकर्ता वा निर्माण व्यवसायी लाई प्रदान गरिने पेश्की सम्बन्धी प्रावधानमा भएको संशोधनबाट पेश्की लिएको लामो समयसम्म पनि तोकिएको कार्य प्रारम्भ नगर्ने, पेश्की रकम सम्बन्धित कार्यमा प्रयोग नगर्ने, कार्य शुरु नगर्दै पूरै पेश्की दिने जस्ता विसंगतिहरुमा सुधार आउने अपेक्षा गर्न सकिन्छ।

२.२२ भेरिएसन सम्बन्धी व्यवस्थामा संशोधन – साबिकमा भेरिएसनको सीमा र स्वीकृत गर्ने अधिकारी सम्बन्धी व्यवस्था नियमावलीमा गरिएकोमा हाल ऐनको संशोधनबाट भेरिएसन सम्बन्धी विस्तृत व्यवस्था ऐनमा नै गरिएको छ।

२.२२.१ ऐनको दफा ५४ को संशोधनबाट भेरिएसन सम्बन्धमा देहाय अनुसारको व्यवस्था गरिएको छ:–

.१ खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहायबमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएसन आदेश जारी गर्न सक्नेछ:-

(क) ५ प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले,

(ख) १० प्रतिशतसम्मको भेरिएसन सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले,

(ग) १५ प्रतिशतसम्मको भेरिएसन विभागीय प्रमुखले,

(घ) १५ देखि माथि २५ प्रतिशतसम्मको भेरिएसन सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको सम्बन्धित निकायको प्रमुखले,

(ङ) २५ प्रतिशत भन्दा माथिको भेरिएसन दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकाय (सरकारी कार्यालय, संवैधानिक निकाय) को हकमा नेपाल सरकार मन्त्री परिषद्ले,

(च) दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकाय (संस्थान, समिति, बोर्ड, विश्वविद्यालय आदि) को हकमा १५ प्रतिशत देखि माथिको भेरिएसन सो निकायको सर्वोच्च कार्यकारी निकायले ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम भेरिएसन आदेश गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सम्बन्धित मन्त्रालयले विशेषज्ञहरुको समूह गठन गरी सो समूह मार्फत् आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिस सहित सम्बन्धित मन्त्रालयको प्रस्तावमा नेपाल सरकार, मन्त्रिपरिषद्ले र दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले विशेषज्ञहरुको समूह गठन गरी सो समूह मार्फत् आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र भेरिएसन आदेश जारी गर्न सक्ने ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरिएसन आदेश जारी गर्न नहुने ।

२.२२.२ भेरिएसनको कार्यविधि सम्बन्धमा नियमावलीको नियम ११८ मा निम्नानुसारको व्यवस्था गरिएको छः-

(१) ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा यस नियमावलीबमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नुपर्ने,

(२) **निर्माण कार्यको भेरिएसन** आदेश जारी गर्नु पर्दा देहाय बमोजिमको विवरण खुलाई ऐनको दफा ५४ बमोजिम त्यस्तो भेरिएसन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनुपर्नेछः-

(क) निर्माण कार्यको ड्रईङ, डिजाईन तथा स्पेसिफिकेसन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा,

(ख) भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याइँ र कारण,

(ग) ऐनको दफा ५क. को उपदफा (२) बमोजिम लागत अनुमानमा प्रभाव पर्ने भए सो को प्रतिशत, र

(घ) स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा ।

(३) **मालसामान वा अन्य सेवा कार्यको भेरिएसन** आदेश जारी गर्नु पर्दा देहाय बमोजिमको विवरण खुलाई ऐनको दफा ५४ बमोजिम त्यस्तो भेरिएसन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनु पर्नेछ :-

(क) मालसामान वा अन्य सेवाको ड्रईड, डिजाइन तथा स्पेसिफिकेसन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा त्यस्तो मालसामान वा सेवाको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा,

(ख) भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याइँ र कारण,

(ग) ऐनको दफा ५क को उपदफा (२) बमोजिम लागत अनुमानमा प्रभाव पर्ने भए सो को प्रतिशत,

(घ) स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा ।

(४) **परामर्श सेवाको भेरिएसन** आदेश जारी गर्नु पर्दा देहायबमोजिमको विवरण खुलाई ऐनको दफा ५४ बमोजिम त्यस्तो भेरिएसन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनुपर्नेछ:-

(क) परामर्श सेवाको कार्यक्षेत्र, आवश्यकता, कार्यक्षेत्रगत शर्त, योग्यता वा विशेषज्ञता आदि बदल्नु पर्ने नपर्ने र बदल्नुपर्ने भएमा त्यस्तो सेवाको आधारभूत प्रकृति वा क्षेत्र वा प्रस्तावित दक्ष वा विशेषज्ञ परिवर्तन हुने वा नहुने कुरा,

(ख) भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याइँ र कारण,

(ग) ऐनको दफा ५क को उपदफा (२) बमोजिम लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत, र

(घ) स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा ।

(५) सार्वजनिक निकायले उपनियम (१) बमोजिम भेरिएसन आदेश जारी गर्दा विशेषज्ञहरूको समूह मार्फत् आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र जारी गर्न सक्नेछ ।

साबिकमा (नियम ११८ अनुसार) सम्झौता मूल्यको १५ प्रतिशतभन्दा बढीको भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा सम्बन्धित सचिवको अध्यक्षतामा प्राविधिक विशेषज्ञसहितको एक समिति गठन गरी उक्त समितिको सिफारिसको आधारमा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था रहेकोमा यस संशोधनबाट १५ देखि २५ प्रतिशतसम्मको भेरिएसन आदेश सम्बन्धित सचिव वा सो सरहका सम्बन्धित निकाय प्रमुखले नै जारी गर्न सक्ने व्यवस्था भएको छ । यस व्यवस्थाबाट कतिपय अत्यावश्यक तथा विशेष परिस्थितिमा जारी गर्नुपर्ने १५ प्रतिशतभन्दा बढीको भेरिएसन आदेशको प्रक्रियामा सहजता ल्याएको छ भने भेरिएसनको निर्णयमा हुने गरेको ढिलाइमा पनि यसले सुधार ल्याउने अपेक्षा गर्न सकिन्छ भने भेरिएसनमा गरिएको सीमा वृद्धि तथा खुकुलोपनाको दुरुपयोग हुन सक्नेतर्फ पनि त्यत्तिकै सजगता अपनाउनुपर्ने देखिन्छ ।

२.२३ **मूल्य समायोजन –** साबिकमा १५ महिनाभन्दा बढी अवधिको खरिद सम्झौतामा मात्र मूल्य समायोजन गर्न सक्ने व्यवस्था रहेकोमा ऐनको दफा ५५ को संशोधनबाट उक्त अवधि १२ महिना

कायम गरिएको छ। यस्तो व्यवस्थाबाट कम अवधिका पूर्वाधार आयोजनाहरुमा पनि मूल्य वृद्धि भुक्तानी गर्नुपर्ने अवस्था सिर्जना भई थप व्ययभार पर्न जाने देखिन्छ।

२.२४ **खरिद सम्झौताको अन्त्य –** ऐनको दफा ५९ को संशोधनबाट खरिद सम्झौताको अन्त्य गर्न सकिने अवस्थामा साबिकमा रहेको अवस्थाका अलावा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीले पेश्कीको दुरुपयोग गरेमा र दफा ६२(२) बमोजिमको आचरण पालना नगरेमा भन्ने व्यवस्था थप भएको छ। त्यस्तै उपदफा (५) पछि निम्नानुसारको उपदफा (६) देखि (१२) सम्म थप गरी खरिद सम्झौताको अन्त्य र सोको उपचारसम्बन्धी व्यवस्थालाई थप स्पष्ट र प्रभावकारी बनाएको देखिन्छः-

- सार्वजनिक निकायलाई पूर्व जानकारी नदिई सम्झौता तोड्न नपाउने (उपदफा ६),
- सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सकिने (उपदफा ७),
- खरिद सम्झौताको अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुलउपर गरिने (उपदफा ८),
- खरिद सम्झौताको अन्त्य भएमा त्यस्तो सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्नका लागि दफा २५ बमोजिम छनौट भएका बोलपत्रदाताहरुमध्येबाट १५ दिनको म्याद दिई तोकिएबमोजिम आर्थिक प्रस्ताव माग गरी सम्झौता गर्न सकिने (उपदफा ९),
- आर्थिक प्रस्ताव माग गर्नु अघि एक तह माथिको अधिकारीबाट स्वीकृति लिनु पर्ने (उपदफा १०),
- आर्थिक प्रस्ताव निर्माण कार्यका लागि माग गरिएको खुला बोलपत्रको माध्यमबाट भएको सम्झौताको हकमा मात्र लागू हुने (उपदफा ११),
- उपदफा (९) बमोजिम सम्झौता हुन नसकेमा यस ऐनबमोजिमको खरिद प्रक्रिया अवलम्बन गरी खरिद कारबाही प्रारम्भ गर्नुपर्ने (उपदफा १२)।

उपर्युक्तानुसारको व्यवस्थाबाट आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीहरुबाट हुने गरेको लापरबाहीको स्थितिमा कमी आउने तथा निजहरुउपर सार्वजनिक निकायको आवश्यक नियन्त्रण कायम हुन गई सार्वजनिक खरिद कारबाहीमा कुशलता र प्रभावकारिता वृद्धि हुने अपेक्षा गर्न सकिन्छ।

२.२५ **कालो सूची –** आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई कालो सूचीमा राख्नको लागि साबिकमा रहेको व्यवस्थाका अतिरिक्त दफा २७ वा ३८ बमोजिम छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा पनि त्यस्तो सूचीमा राख्नसक्ने व्यवस्था भएको छ। यसबाट बोलपत्रदाता वा प्रस्तावदाताहरुको अवाञ्छित मिलेमतोबाट न्यून अंक

कबोलवाला सम्झौता गर्न नगई अधिक अंक कबोलवालासँग सम्झौता गर्नुपर्ने र थप लागत व्यहोर्नुपर्ने अवस्थाको अन्त्य हुने अपेक्षा गर्न सकिन्छ ।

२.२६ **खरिद प्रक्रिया अपनाउनु नपर्ने अवस्था –** ऐनको दफा ६७ मा व्यवस्था भएअनुसार सार्वजनिक खरिद ऐन बमोजिमको खरिद प्रक्रिया अपनाउनु नपर्ने अवस्था अन्तर्गत निम्नानुसारको अवस्था थप भएको छ ।

(क) उपदफा (१) को खण्ड (ख) पछि निम्नानुसारका व्यवस्था रहेको खण्ड (ग) देखि (च) सम्म थप भएको:-

- निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी व्यापारिक कारोबार गर्ने तोकिएबमोजिमका सार्वजनिक निकायले व्यवसाय सञ्चालनको लागि कुनै मालसामान वा सेवा खरिद गर्नुपरेमा (खण्ड ग),
- सामाजिक, साँस्कृतिक कार्यक्रम वा औद्योगिक, आर्थिक, प्रविधि प्रदर्शन र प्रवर्द्धनका लागि विदेशमा आयोजना हुने मेला, महोत्सव, ट्रेड फेयर वा प्रदर्शनी जस्ता कार्यको लागि तोकिए बमोजिम विदेशमा खरिद गर्नुपरेमा (घ)
- विदेश स्थित नेपाली राजदूतावास, नियोगजस्ता सार्वजनिक निकायले मालसामान वा सेवा खरिद गर्नुपरेमा (ङ),
- विमान सेवा सञ्चालन गर्न स्वीकृत प्राप्त सार्वजनिक निकायले एभिएसन वा विमानसँग सम्बन्धित उपकरण खरिद गर्नुपरेमा (च) ।

(ख) उपदफा (२) पछि देहाय अनुसार (३) र (४) थप भएको :-

- सार्वजनिक निकायले उपदफा (१) को खण्ड (ग), (घ),(ङ) र (च) बमोजिमको खरिदको लागि आवश्यक कार्यविधि बनाई सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमति लिई स्वीकृत गराई लागू गर्नुपर्ने,
- सार्वजनिक निकायले उपदफा (३) बमोजिम बनाएको कार्यविधिमा उपदफा (१) को खण्ड (च) बमोजिमको खरिदको लागि विजनेश प्लान, लाइफ साइकल र नेट प्रेजेन्ट भेल्यूसमेतका कुराहरु समावेश गर्नुपर्ने ।

उपर्युक्तानुसारको व्यवस्थाबाट विशेष प्रकृतिका खरिदमा सहजता आउने देखिन्छ ।

२.२८ **विद्युतीय खरिद प्रणाली –** यस सम्बन्धमा साबिकमा नियम १४६ मा रहेको व्यवस्थालाई निम्न व्यवस्थाले प्रतिस्थापन गरेको छ:-

(१) सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनको लागि एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने,

(२) सार्वजनिक निकायले उपनियम (१) बमोजिम स्थापना भएको विद्युतीय खरिद प्रणालीमा आवद्ध भई खरिद कारोबार सञ्चालन गर्नुपर्ने,

(३) सार्वजनिक निकायले खरिद कार्य गर्दा उपनियम (१) बमोजिम स्थापना भएको विद्युतीय खरिद प्रणालीको पोर्टलमा दर्ता भई खरिद कारबाही सञ्चालन गर्नुपर्ने,

(४) सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणालीबाट हुने खरिदको कार्यविधि, प्रणाली र यसका अन्तर्रनिहित सिद्धान्त समय समयमा जारी गर्नुपर्ने ।

उपर्युक्त व्यवस्थाबाट विद्युतीय खरिद प्रणालीबाट हुने खरिद (e-Bidding) तथा विद्युतीय सञ्चार माध्यमको प्रयोग सम्बन्धमा रहेको अस्पष्टता तथा अन्यौलता हट्न जाने र सार्वजनिक खरिदमा विद्युतीय खरिद प्रणालीको प्रयोगले स्वच्छता, पारदर्शिता, समान अवसर, स्वस्थ प्रतिस्पर्धा र मितव्ययितामा अभिवृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

३. उपसंहार

सार्वजनिक खरिदलाई प्रतिस्पर्धी, मितव्ययी र प्रभावकारी बनाई यसबाट अपेक्षित उपलब्धि हासिल गर्न खरिद कानुनको प्रभावकारी कार्यान्वयन, समय सापेक्ष सुधार, संशोधन र पुनरावलोकनको जरुरत पर्दछ । यसै सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ मा पहिलो संशोधन र सार्वजनिक खरिद नियमावली, २०६४ मा चौथो संशोधन भएको छ । पर्याप्त अध्ययन, विश्लेषण तथा सर्वेक्षण बेगर लागत अनुमान तयार हुने, त्रुटिपूर्ण लागत अनुमान तयार गर्ने, अत्यन्त न्यून कबोल अंक पेश गर्ने तर कामै नगर्ने वा अत्यन्त न्यून गतिमा गर्ने, मिलेमतोमा न्यून कबोलवालाले बोलपत्र फिर्ता लिई अधिकवालालाई ठेक्का पार्न सहयोग गर्ने, मोबिलाइजेशन पेश्की लिने तर कार्य नगर्ने, पटक पटक म्याद थप गरी शुरु सम्झौताको अत्यधिक अवधि म्याद थप गर्ने यद्यपि कार्य सम्पन्न नगर्ने, पर्याप्त प्राविधिक पुष्ट्याइँ र आवश्यकता बेगरै भेरिएसन गर्ने, निर्माण व्यवसायीको लापरबाहीमा पनि आवश्यक कारबाही गर्न/ठेक्का तोड्न नसक्ने जस्ता कारणले आयोजना समयमा सम्पन्न नभई लागत बढ्न गई वाञ्छित प्रतिफल प्राप्त हुन नसकिरहेको अवस्था थियो ।

यस तथ्यलाई मध्यनजर गर्दै सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा भएको संशोधनबाट त्रुटिपूर्ण लागत अनुमान, ड्रइङ, डिजाइन तयार गर्ने पदाधिकारी/परामर्शदातालाई जिम्मेवार बनाउने, न्यून अंक कबोल गरेको आधारमा कार्य सम्पादन जमानतको रकम बढाउँदै लैजाने, मिलेमतो रोक्न बोलपत्र दाखिला गर्ने अन्तिम म्यादभन्दा २४ घण्टा अगाडि मात्र बोलपत्र फिर्ता लिन सक्ने, बोलपत्र स्वीकृत भएपछि सम्झौता नगरेमा कालो सूचीमा राख्न सकिने, मोबिलाइजेशन पेश्की छुट्टै बैंक खातामा राखी सम्बन्धित निर्माण कार्यमा मात्र खर्च गर्नुपर्ने, पेश्की रकम एकै पटक भुक्तानी नगरी कार्य प्रगतिका आधारमा प्रदान गर्नु पर्ने, सम्झौताबमोजिम काम शुरु नगरेमा जुनसुकै बखत ठेक्का तोडी जमानत जफत गर्न सकिने, लागत अनुमान तथा बोलपत्र स्वीकृतिको सीमा वृद्धि, विशेष प्रकृतिको खरिद प्रक्रियामा सहजता, विश्वमा प्रचलनमा आएका थप खरिद विधिहरुको प्रयोग लगायतका व्यवस्थाले सार्वजनिक खरिदलाई थप प्रभावकारी, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाई सार्वजनिक खरिद प्रक्रियामा समान पहुँच, प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता र जवाफदेहिता प्रवर्द्धन हुने अपेक्षा गर्न सकिन्छ ।

सन्दर्भ सूची

१. सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधनसहित)

२. सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधनसहित)

नेपालको सार्वजनिक सेवाको प्रभावकारीताको स्थिती एक अध्ययन

✍ प्रकाश के.सी.

१. परिचय

नेपालको संविधान, २०७२ ले लोक कल्याणकारी राज्य व्यवस्थाको परिकल्पना गरेको छ। संविधानको धारा ५० अनुसार "नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ "। राज्यको यस उद्देश्यलाई हासिल गर्नको लागि संविधानको धारा ७५ को उपधारा दुईमा भनिएको छ , यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदलाई सुम्पिएको छ। यो संविधानको धारा २८५(१) ले नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य संघीय सरकारी सेवाहरूको गठन गर्न सक्ने संवैधानिक तथा कानुनी व्यवस्थाको आधारशिला स्थापना गरेको देखिन्छ। यी संवैधानिक व्यवस्थाहरुले लोक कल्याणकारी राज्य व्यवस्थाको मर्म र भावना अनुरुपको उद्देश्य हासिल गर्न, कार्यपालिकालाई नीति निमार्ण गर्नमा सहयोग पुऱ्याउने तथा तय भएका नीति निमार्णको सफल कार्यान्वयन गर्न देशमा सार्वजनिक प्रशासन यन्त्रको आवश्यकताको महशुस गरेको छ। संविधानले हाम्रो प्रशासनयन्त्रलाई निजामती सेवाकै समानान्तर शव्दको रूपमा लिइने गरेतापनि यि दुई शव्दविच केहि भिन्नता छन्। निजामती सेवाले कर्मचारीको नियुक्ति, पदोन्नती, उत्प्रेरण, सेवा राष्ट्र र जनताप्रति उत्तरदायी तथा जनतालाई प्रशासनिक एवं विकास निर्माण जस्ता सामाजिक सेवा पुऱ्याउने विषयसंग सम्वन्ध राख्दछ भने सार्वजनिक प्रशासनले निजामती सेवाको साथै राज्य व्यवस्थाको संचालन सम्बन्धी विभिन्न पक्षहरूलाई समेटदछ। यदि हाम्रो सभ्यता असफल हुन्छ भने त्यो प्रशासन कै असफलताको परिणाम ठहरिन्छ (If our civilisations fails, it will be mainly because of breakdown of administration) भन्ने प्रोफेसर ह्वोनह्रयको भनाई यस सन्दर्भमा मनन योग्य देखिन्छ।

ल्याटिन भाषाको "Ad-ministare" बाट "प्रशासन"(Administration) शव्दको उत्पत्ति भएको हो। जसको शाव्दिक अर्थ सेवा गर्नु शासन गर्नु, नागरिकहरूको रेखदेख गर्नु तथा कामको

व्यवस्थापन गर्नु भन्ने बुझिन्छ । जव कुनै निश्चित उद्देश्य प्राप्तिका लागि दुई वा दुई भन्दा बढि व्यक्तिहरूको सामुहिक प्रयास हुन्छ, त्यहाँ प्रशासनको जन्म हुन्छ । सार्वजनिक (Public) को अर्थ सरकार (Government) अर्थात् सरकारी क्रियाकलापलाई बुझाउँदछ भने अर्को तर्फ प्रशासनले निश्चित उद्देश्य प्राप्त गर्न मानविय एवं भौतिक साधनको उपयोग गर्नु भन्ने अर्थ बुझाउँदछ । राजकिय अधिकारको स्रोतको रुपमा रहेको आम नागरिकको सामाजिक, आर्थिक, राजनीतीक, साँस्कृतिक लगायत सर्वाङ्गिण विकासका क्रियाकलापहरुको संचालन गरी नागरिक सामु सरकारको उपस्थित वोध गराई दिने वैधानिकता प्राप्त संरचना नै सार्वजनिक प्रशासन हो । शासन प्रणालीको परिधिमा आएको परिर्वतनले सार्वजनिक प्रशाासनको परिभाषामा पनि हालका दिनमा केही परिर्वतन गर्न निर्देशित गरेको परिप्रेक्ष्यमा सार्वजनिक प्रशासनलाई राज्य संचालनका निमित्त शासन प्रणालीका अन्य अंगहरुलाई समेत परिचालन गरि राज्यका आर्थिक, सामाजिक, बिकासात्मक एवं राजनीतिक विकासको माध्यमबाट नागरिक सक्षमता क्रियाशिलता बढाउन क्रियाशिल रहने राज्यको वैध एवं शक्ति सम्पन्न संरचनाको रुपमा विश्लेषण गरिन्छ ।

समष्टीमा, सार्वजनिक हित सम्र्वद्धन गर्दै राज्य प्रदत सेवाको पहुँच, समता, न्याय एवं प्रभावकारिता अभिवृद्धिका लागि स्थापित सरकार अधिनस्थ यो संरचना, जस्ले नागरिक कल्यणका निमित्त अन्य पक्षहरुको परिचालन गर्दै सरकारको उपस्थिति र क्रियाशिलता नागरिक सामु सुनिश्चित गराउँछ ।

लुथर गुलिक (Luther Gulick) ले सार्वजनिक प्रशासनको कार्यक्षेत्रलाई POSDCORB को रूपमा P= Planing (योजना गर्नु), O=Organization (संगठन गर्नु), S=Staffing (कर्मचारी व्यवस्था गर्नु), D=Direction(निर्देशन गर्नु), Co=Co-ordinating (समन्वय गर्नु), R=Reporting (प्रतिवेदन दिनु), B=Budgeting (बजेट व्यवस्था गर्नु) उल्लेख गरेका छन् ।यस अनुसार सार्वजनिक प्रशासनको क्षेत्र व्यापक छ भन्ने वुझिन्छ ।

२. सार्वजनिक प्रशासनका कार्यहरु

- राजनैतिक नेतृत्वलाई नीति निर्माणमा सहयोग गर्दछ ।
- सरकारद्वारा निर्धारित नीतिलाई निष्पक्षताका साथ कार्यान्वयन गराउँदछ ।
- देशमा शान्ति, सुरक्षा र स्थायित्वको प्रत्याभूति दिने कार्य गर्दछ ।
- सामाजिक, आर्थिक परिवर्तनलाई संस्थागत गर्ने प्रयास गर्दछ ।
- गरीव, विपन्न, पिछडिएका वर्ग जस्ता कमजोर वर्गका जनताको संरक्षण गर्दछ ।
- व्यापारिक सेवाहरुको व्यवस्थापन, नियमन, अनुगमन, सहजीकरण गर्दछ ।
- सार्वजनिक नीतिका सम्वन्धमा जनमत परिचालन गर्दछ ।

३. सार्वजनिक सेवाहरूको वर्गीकरण

नेपालमा निजामती सेवाको आधुनिक विकासक्रमको शुरूवात वि.सं. २००७ सालको प्रजातन्त्रको उदय पश्चात वि.सं. २०१३ सालमा पहिलो निजामती सेवा ऐन जारी र २०२१ सालमा जारी भएको निजामती सेवा नियमावलीको वैधानिक व्यवस्थाबाट विधिवत रूपमा संचालन भएको देखिन्छ ।

२०४६ सालको राजनैतिक परिवर्तन भई प्रजातन्त्रको पुर्नःस्थापना भएपश्चात परिवर्तित सन्दर्भमा अनुकुल निजामती सेवालाई बढी सेवामुलक र उत्तरदायी बनाई सर्वसाधारण जनतालाई अधिकाधिक मात्रामा प्रशासनिक एवं विकास सम्वन्धी सेवा पुऱ्याउने उद्देश्यबाट सामयिक सुधारका साथसाथै नयाँ कानूनी व्यवस्थाको समेत खाँचो महशुस गरियो । यसै उद्देश्य अनुरूप निजामती सेवालाई बढी सक्षम र सुदृढ बनाउन निजामती सेवाको गठन, संचालन र सेवाको शर्त सम्वन्धी व्यवस्था गर्नको लागि कानूनी आधारशिलाको रूपमा निजामती सेवा ऐन,२०४९ र निजामती सेवा नियमावली २०५० कृयाशिल रहेको छ। यस विचमा उक्त निजामती सेवा ऐन तथा नियमावलीलाई समयानुकुल बनाउन समय समयमा आवश्यक संशोधन पनि हुँदै आएको छ ।

निजामती प्रशासनको प्रकृति गैरराजनीतीक र स्थायी किसिमको हुन्छ । आवधिक निर्वाचन हुने मुलुकहरूमा सरकारको परिवर्तन भई रहने गर्दछ तर सरकार परिवर्तन भएपनि निजामती सेवकहरू आफ्नो सेवामा यथावत रहिरहन्छन् । त्यसैले नै निजामती प्रशासनलाई स्थायी सरकार पनि भन्ने गरिन्छ ।

लोककल्याणकारी गणतन्त्रात्मक व्यवस्थामा राज्यले सामाजिक, शैक्षिक, आर्थिक, सांस्कृतिक र सार्वजनिक निर्माण आदि क्षेत्रमा सर्वसाधारण जनताको हित र समुनतीको अभिवृद्धिको लागि नीती, नियम र विविध कार्यक्रमहरू संचालन गरी सेवा सुविधाहरू तथा संविधान प्रदत नागरिकहरूको मौलिक हक अन्तरगत शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास, विद्युत, संचार, खानेपानी, कृषि, सडक र रोजगारी जस्ता सेवाहरू सार्वजनिक प्रशासनबाट प्रवाह हुने सार्वजनिक सेवाहरू हुन । यि सेवाहरू तथा नीती र कार्यक्रमहरू सफल ढंगले कार्यान्वयन गरिनु पर्दछ । उक्त कार्य गर्नको लागि सुदृढ र कार्यकुशल प्रशासनयन्त्रको आवश्यकता पर्दछ । यहि आवश्यकता पुर्ति गर्न सार्वजनिक प्रशासनमा निजामती प्रशासन यन्त्रको विकास गरिएको छ । नेपाल सरकारबाट जनतालाई उपलव्ध गराईने सवै सेवाहरू यिनै निजामती प्रशासनकै माध्यमबाट प्रभावकारी ढँगबाट संचालन गरिन्छ ।

निजामती प्रशासनयन्त्रले सार्वजनिक सेवाहरूलाई लक्षित वर्ग समुदायसम्म छिटो, छरितो र सर्वसुलभ ढंगले पुऱ्याउन आवश्यक हुने सहभागीतात्मक व्यवस्थापन प्रणालीलाई कार्यरूप दिने नीती लिएको हुन्छ । यस प्रकारको नीतीगत व्यवस्थाको माध्यमबाट अन्य कुराहरूका अतिरिक्त गरिवी निवारण, पिछडिएका तथा उत्पीडित जनजातीको विकास र कम्जोर वर्गको संरक्षण गर्ने

जस्ता उद्देश्य अपनाईने, प्रशासनिक उपायहरूमा पारदर्शीता, सार्वजनिक उत्तरदायित्व, आर्थिक अनुशासन, नीती नियमको परिपालना, दण्ड र पुरस्कारको उचित व्यवस्था अपनाएको हुन्छ। साथै सार्वजनिक सेवाहरूको संचालन सम्वन्धी योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याँकन प्रणालीमा पनि क्रमशः सुधार गर्दै जाने नीती लिएको हुन्छ। यति हुँदाहुँदै पनि अधिकाँश सेवाहरूको संचालन पर्याप्त मात्रामा गुणस्तर र प्रभावकारी हुन नसकेको तथ्यलाई यस क्षेत्रमा भएका विभिन्न अध्ययन प्रतिवेदनहरू र सेवा ग्राहिका गुनासो र असन्तुष्टि प्रतिविम्वित भएका छन्। खासगरी सार्वजनिक सेवाहरूको सम्वन्धमा गरिने निर्णयहरू अपारदर्शी कार्यशैली, बोझिलो र झन्झटिलो, जिम्मेवारीबाट पन्छिने, बढि प्रक्रियामुखी, काममा ढिलासुस्ती गर्ने, गैरकानूनी कार्य गर्न उत्साही, आफ्नो कर्तव्य र जिम्मेवारी प्रति ध्यान नदिने, जनताको सेवक हो भन्ने भावना हुनुको सट्टामा जनताका शासक हौ भन्ने मनोवृत्ति रहनु आदि प्रकारका प्रश्नहरु उठ्ने गरेका छन्।

४. सार्वजनिक सेवाहरुको प्रभावकारीता

सार्वजनिक सेवाहरुको संचालनमा नीतीगत प्रतिवद्धता र कार्यान्वयनको दृढता का वीच ठूलो अन्तर रहेको छ। सरकारी निकायहरु प्रति जनताको बढ्दो आकाँक्षाले यस अन्तरलाई अझ टड्कारो रुपमा देखाएको छ। यसरी सार्वजनिक सेवाहरुको गुणस्तरलाई प्रभाव पार्ने मुख्य तत्वहरुको लेखाजोखा निम्नानुसार गर्न सकिन्छ।

१. निजामती प्रशासनमा कामगर्ने व्यक्ती सुयोग्य, व्यवसायिक रुपमा प्रशिक्षित, ज्ञान सिप र प्रविधिमा दक्ष, परिवर्तनप्रति ग्रहणशिल, उच्च मनोवल युक्त, नैतिक साहसका धनी, ईमान्दार, कर्तव्यनिष्ठ, कर्मठ, लगनशील तथा सेवाग्राही, आम जनताको समस्या र संवेदनालाई वुझि कार्य गर्न सक्ने पदाधिकारीहरुको वाहुल्यताले मात्र सार्वजनिक सेवाहरुको प्रभावकारीतामा अभिवृद्धि ल्याउदछ। सेवाबाट प्रत्यक्ष प्रभावित हुने जनसमुदायलाई जनसहभागितामा संलग्न गराउनु पर्दछ। जनसहभागिता प्राप्त गरी संचालन गरिएका कार्यहरु सफल र दिगो हुन्छ। सेवा लिने वर्ग पनि त्यस कार्यक्रम प्रति अपनत्व सम्झी सफल तुल्याउन लागि पर्दछन्। कार्यक्रम संचालनमा संलग्न हुने जनसहभागिहरुमा आफ्नो भन्ने प्रवित्ति विकसित हुन्छ। यसबाट स्थानीय स्तरमा उपलब्ध हुने स्रोत साधन, क्षमताको उपयोग गर्ने र बजारीकरण गर्ने क्रममा महत्वपूर्ण योगदान पुग्दछ। यसबाट "जनसहभागिता" विना संचालित कार्यक्रम तथा सेवाहरु प्रभावकारी बन्न सक्दैन भन्न सक्दछौ।

२. स्थानीयस्तरमा सार्वजनिक सेवाहरुको संचालन गर्दा एकातिर विकेन्द्रिकरण नीतीको आवश्यकता पर्दछ भने अर्कोतिर कार्यक्रम कायान्वयनको प्रक्रियामा अनुगमन तथा मूल्याँकनको पनि अपरिहार्यता रहन्छ। यसो हुन सकेन भने सम्वन्धीत निकायहरुलाई सेवाग्राहीहरु प्रति उत्तरदायी बनाउन सकिदैन। अनुगमन र मूल्याँकनका लागि परिसूचकहरुको आवश्यकता हुन्छ। जसलाई तीन समूहमा वर्गीकरण गर्न सकिन्छ।

साधनहरुको उपभोग सम्वन्धी परिसूचकहरु, कार्य संचालनको प्रक्रियासंग सम्वन्धीत परिसूचकहरु र प्रतिफल सम्वन्धी परिसूचकहरु । हाम्रो प्रशासनमा अझपनि साधनको उपयोग सम्वन्धी परिसूचकहरुको प्रभुत्व रहेकोले साधनको उपयोग स्वयंलाई "प्रगति" मान्ने परम्परा स्थापित भएको छ ।

३. सार्वजनिक सेवाहरु संचालन गर्दा सेवाको गुणस्तर र यसको उपयोगका शर्तहरु पहिले नै निर्धारित हुनुपर्दछ । पूर्व निर्धारित मापदण्डहरुकै आधारमा उपभोक्तहरुले सेवाको स्तरको मूल्याँकन गर्दछन् । निर्धारित मापदण्ड अनुरुपको सेवा दिन नसक्ने प्रशासनले जनविश्वास प्राप्त गर्न सक्दैन । आफ्नो स्वच्छ छवि कायम साख्न सक्दैन । भ्रष्टाचारमुक्त समाजको व्यवस्था नहुँदा सेवा प्रवाहमा पारदर्शीता आउन सकदैन ।

४. सार्वजनिक सेवाहरु संचालन गर्दा निष्पक्षता र विश्वासनीयताको साथै मर्यादित किसिमको पनि हुन सक्नु पर्दछ । हुनेखाने वर्गले आफूलाई आवश्यक पर्ने सेवा महङ्गो मूल्यमा जसरी पनि प्राप्त गर्न सक्तछन् तर गरिव, निमुखा र निरीह जनताले भने सेवा प्राप्त गर्न सक्दैनन् । फलत, त्यस्तो वर्गको सामाजिक, आर्थिक विकास अवरुद्ध हुन पुग्दछ । उनिहरुको भविष्य अन्धकार बन्न पुग्दछ । आफ्नो भविष्य अन्धकार देख्ने वर्ग राज्यप्रर्ति सकारात्मक हुन सक्दैनन् ।

५. सार्वजनिक सेवाहरुको प्रत्याभूतिका लागि एकातिर प्रशासनिक निकायहरुको क्षमता कमजोर छ भने अर्कोतिर भएको क्षमताको अधिकतम उपयोग गर्नसकिएको छैन । खासगरी सेवा प्रदान गर्ने कार्यमा संलग्न कर्मचारीहरुको लागि उत्प्रेरक तत्वहरुको ठूलो खाँचो छ । सहायक र स्थनीय स्तरमा, दुर्गम क्षेत्रमा बसेर काम गर्ने कर्मचारीहरु वृत्ति विकास सम्वन्धी अवसरबाट बन्चित रहने गरेका छन् । गुणस्तरीय सिर्जनात्मक काम गर्नेहरुका लागि समेत कुनै थप आर्थिक वा अन्य अवसरहरु उपलव्ध छैनन् ।

६. प्रशासनिक गतिविधि सम्वन्धमा सेवाग्राहीहरु र सेवा प्रदान गर्ने स्वंय कर्मचारीहरुको गुनासो सुनुवाई गर्ने (नोडल अधिकृत) पदाधिकारी र त्यसको व्यवस्थापन गर्ने संयन्त्रको प्रभावकारीताले पनि हाम्रो सार्वजनिक सेवाहरुको नतिजामुलक संचालनमा असर पार्दछ । गैर कानूनी कामलाई चुनौती दिनका लागि न्यायिक प्रक्रिया उपलव्ध हुँदैछ भन्ने तर्कलाई सहजै स्वीकार गर्न सकिदैन । न्यायिक प्रक्रिया एकातिर आफै महंगो छ भने अर्कोतिर साना तिना प्रशासनिक त्रुटिहरुका लागि न्यायालयको ढोका धाउनु व्यवहारीक पनि हुँदैन । यस परिप्रेक्षमा कतिपय मुलुकहरुमा प्रशासनिक अम्वुडसम्यानको सफल प्रयोग भइरहेको छ । नेपालमा पनि नवौ पँचवर्षिय योजनाले स्वीकार गरिसकेको छ । यसको साथ साथै शासकीय सुधार कार्यक्रम र सुशासन व्यवस्थापन तथा संचालन ऐन,२०६४ तथा नियमावली, २०६५ ,ले सेवाग्राही को गुनासो सुन्न नोडल अधिकृतको व्यवस्था गरेको छ । नेपाल सरकार प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयले संचालनमा ल्याएको हेल्लो सरकार जस्ता कार्यक्रमको प्रयोगबाट निजामती प्रशासनमा गुनासो र मर्का सुन्ने नोडल अधिकृतको व्यवस्था काम कर्तव्य र

जिम्मेवारीहरु तोकीएको छ। यी अवधारणाहरु सफल रुपमा कार्यान्वयन हुन सक्यो भने सार्वजनिक सेवाहरुको प्रभावकारीतामा वृद्धि हुने आशा गर्न सकिन्छ।

७. सार्वजनिक सेवाहरुको प्रभावकारिताका लागि जनस्तरमा "दवाव समुहहरु" को आवश्यकता हुन्छ। यस्ता दवाव समुहहरुले प्रशासनिक इकाइहरुलाई आफ्नो उद्देश्यप्रति सचेत गराइ राख्न सक्दछन् र आवश्यकता अनुरुप प्रशासनसंग मिलेर काम गर्न पनि सक्तछन्। केही समययता उपभोक्ताको हित संरक्षण समवन्धी आवाज बढदै आएको छ। यसलाई प्रशासनिक निकायहरुले चुनौतीका रुपमा मात्र होइन, सेवाको गुणस्तर कायम राख्ने अवसरको रुपमा पनि हेर्नु पर्ने हुन्छ।

५. निजामती प्रशासनको वर्तमान स्थिती

राजनीती र निजामती प्रशासनको कार्यक्षेत्रको रेखाङ्कनलाई निर्दिष्ट गर्ने काम र यी दुई बीचको अन्तरसम्वन्धलाई कस्तो राखिनु पर्दछ भनेर संविधानले स्पष्ट रुपमा व्याख्या गरिदिएको छ . तापनि विगत केहि वर्ष यताको प्रशासकीय अभ्यास र व्यवहारमा भने राजनीती र प्रशासनको कार्यक्षेत्रलाई लिएर अन्यौल पैदा भएको देखिन्छ। किनभने यी दुई बीच समय समयमा विवाद चल्ने गरेको पाइन्छ। लोक कल्याणकारी गणतन्त्रात्मक व्यवस्थामा निर्वाचनको माध्यमबाट राजनीतीक तथा सरकारको पदमा आसिन भएका मन्त्रीहरु देशको ऐन नियम तथा नीती निर्माणको प्रक्रियामा भन्दा दैनिक प्रशासनसंग सम्वन्धीत सामान्य कामहरुमा बढी चासो देखाउने तथा संलग्न हुने गर्दछन्। यस परिपाटीले प्रशासनयन्त्रमा विकृति र विसंगती प्रवेश गराउने जस्ता कृयाकलाप हुने गर्दछ। दैनिक प्रशासनिक कामकाजमा समेत राजनीतीक तथा व्यक्तीगत स्वार्थ राखी नीती नियमको उल्लघंन गर्ने, हस्तक्षेप गर्ने जस्ता प्रवृतिहरु देखापरेका छन्। अर्कोतिर प्रशासकहरु नीती नियममको कार्यान्वयनमा भन्दा यसको तर्जुमा प्रक्रियामा बढी सक्रिय भई लागि पर्ने देखिन्छ। यो एक विरोधाभाषपूण स्थिती हो।

लोक कल्याणकारी राज्य व्यवस्था अभिवृद्धि भएको करिव साढे दुई दशकको अवधि वितिसक्दा पनि निजामती प्रशासन विधि सम्मत शासन प्रणालीबाट चल्न सकेको छैन। प्रशासन यन्त्र स्वच्छ, पारदर्शी, भ्रष्टाचारमुक्त, उत्तरदायी, जवाफदेही, कार्यकुशल, मितव्ययी, जिम्मेवार र सुशासनको अनुभुती दिलाउने विश्वसनीय पात्र बन्न सकिरहेको छैन। सेवाग्रही वर्गलाई कुन समयमा कुन कुन सेवा कती परिमाणमा कसरी दिलाउने भनी संवेदनशील भएको पाइदैन। प्रशासनमा अनुशासनहीनता बढन गएकोले समयमै कुनै कार्य सम्पादन हुन सक्ने अवस्था छैन। प्रशासन यन्त्रमा ईमानदारी र कार्यकुशलता तथा नैतिकता, चरित्र सुधार सबै कुरा ह्रासोनमुख अवस्थामा छन। यस किसिमको प्रशासनिक वातावरण भित्र रहेर राम्रो कार्यसम्पादन गर्न चाहने राष्ट्र सेवकलाई प्रतिकुल वातावरण हुनुको साथै निराशाजनक स्थिती पैदा गरी रहेको छ।

६. समस्याको प्रभाव

निजामती प्रशासन भित्र उत्पति भएका विकृति र विसंगतीले निजामती सेवाबाट सर्वसाधारण जनतालाई समयमै छिटो छरितो सुलभ ढंगबाट पुऱ्याउनु पर्ने सेवा प्रभावित भई ढिला सुस्ती, अनावश्यक आर्थिक बोझ, झन्झटीलो जस्ता विसंगतीबाट पिडित बन्न पुगेका छन्। निजामती

प्रशासनयन्त्र संचालनमा संलग्न व्यक्तीहरुको क्रियाकलापहरु, बानी व्यवहार, अनुशासनहीनता बढ्दो क्रममा छ। प्रशासनयन्त्र कमजोर र फितलो बन्दै गइरहेको छ। प्रशासन भित्र स्वच्छ प्रर्तिस्पर्धा भन्दा अस्वस्थकर प्रतिस्पर्धा हुने, नातावाद, कृपावाद, चाकडीवादले प्रश्रय पाउने। योग्य दक्ष इमान्दार व्यक्ती पाखा लाग्ने स्थिती निम्त्याएको छ। संगठन भित्र औसत योग्यता भएका मनोवल विहिन, परम्परावादी, नयाँ ज्ञान सिप र प्रविधि सिक्न नचाहने भ्रष्ट प्रकारको प्रशासन संयन्त्र बन्न पुगेको छ। यस प्रवित्तिले राष्ट्रलाई गतिहीन अकर्मण्यता आत्मकेन्द्रीत र अत्यन्त कमजोर बनाउदै गएको छ। प्रशासनयन्त्रले न सामाजिक स्थिरतामा बल पुऱ्याउन सक्तछ न छिटो छरितो रुपमा सेवाग्राही जनतालाई सुलभ रुपमा सेवा प्रदान गर्न सक्दछ। यसबाट के कुरा प्रष्ट हुन सक्दछ भने हाम्रो प्रशासन यन्त्र संवेदनाशुन्य हुँदै गइरहेको छ, यो ज्यादै गलत हो। अहिले सरकारी निकायहरुको मनोवृत्तिलाई लिएर जनतामा आक्रोश तथा निराशा छाएको छ। देशमा जनसहभागीतामा भएको राजनीतीक व्यवस्थाको परिवर्तन र नेतृत्व वर्गले जनता लाई दिएको आश्वासनले देशको सार्वजनिक प्रशासनबाट प्रदान गरीने सेवा सुविधाहरु प्रर्ति जनताको आसा अपेक्षा निश्चित रुपमा बढोत्तरी भएका छन। जनताका यि बढ्दो आकाँक्षालाई सम्वोधन गर्न प्रशासनयन्त्रका सिप क्षमता र दक्षता विकाश र विस्तारमा भने सुधार हुँदै जानुको सट्टा नाटकीय रुपमा ह्रास आएको देखिन्छ। सेवादायी निकायहरु झन अव्यवस्थाको शिकार भएको अनुभुती आम नागरीकले गरीरहेका छन। जनताको बढ्दो आकाँक्षालाई सम्वोधन गर्ने राजनैतीक नेतृत्व र प्रशासनिक नेतृत्वको क्षमता विस्तार हुनु अपरिहार्य देखिन्छ साथै ति नेतृत्व र निकायहरुले ह्रास हुँदै गइरहेको अवस्थालाई स्वस्थ दवावको अनुभव गर्न सक्नु पर्दछ, जुन भईरहेको छैन।

७. सेवा प्रभावकारी बनाउन नोडल अधिकृतको भूमिका

निजामती प्रशासन यन्त्र स्वयं संचालीत छैन। यसलाई संचालन गर्न निरन्तर रेखदेख र सुपरिवेक्षणमा राखी वाहिरबाट गति दिनु पर्दछ। यस प्रकारको संस्थागत संयन्त्र सेवादायी निकायलाई अन्तरमुखी तुल्याउँदै लैजान सकिएमा सेवा प्रदानमा थप प्रभावकारीता वृद्धि गर्न सघाउ पुग्दछ। निजामती प्रशासनमा संलग्न जनशक्तीको कार्य सम्पादनमा सुधार नआई सेवा प्रदानमा सुधार आउन सक्दैन। यसका लागि पद्धतिको विकास र अनुसरणले मात्र पनि प्रशासनयन्त्र स्वयं क्रियाशील भई सेवाप्रवाह लगायत अन्य नियामक कार्यहरु पनि यसबाट सहजै सम्पन्न हन्छन्। प्रशासन यन्त्रमा इमान्दारी र कार्यकुशलता दुवै ह्रासोन्मुख अवस्थामा छन। तसर्थ आम जानताले यसमा सुधार र परिवर्तन खोजीरहेका छन। सेवादायी निकायहरुमा रहने कर्मचारीहरु कार्यकुशल, मृदुभाषी, इमान्दार,अनुशासीत, पेशागत दक्षता, समयपालक, सेवाग्राही प्रति जिम्मेवार र जवाफदेही, उत्तरदायी, संवेदनशील भई वास्तविक रुपमा आफूलाई जनताको शासकको रुपमा नभै सेवकको रुपमा प्रस्तुत गर्न सक्षम होउन र त्यस किसिमको वातावरण श्रृजना भएको हेर्न र देख्न जनता उत्सुक देखिन्छन्। राज्यसंग आफ्ना यही चाहना राख्न गई रहेका छन।

लोकतान्त्रिक संघिय गणतन्त्रात्मक व्यवस्थामा सरकारले जनताका चाहनाहरुको सम्वोधन गर्नु उसको प्रमुख कर्तव्य हुन्छ। सिमित श्रोत साधनको मितव्ययी र दक्षतापूर्ण परिचालन गरी सबैको हित हुने काम कारवाही गर्नु नै लोकतन्त्रको अवधारणा हो। तसर्थ सार्वजनिक निकायहरुबाट

प्रदान गरिने सेवा सुविधा को गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्वन्धमा, अधारभूत आवश्यकता, संविधान प्रदत्त नागरिकहरुको मौलिक हक लगायत सवै हक अधिकारहरुको निर्वाध उपभोग गर्न अझ प्रभावकारी ढंगले जनता समक्ष पुऱ्याउन सरकारले शासकिय सुधार कार्यक्रम मार्फत, पन्च वर्षिय योजनाहरु मार्फत, विभिन्न समयमा जारी भएका प्रशासन सुधार आयोगका प्रतिवेदनहरु मार्फत सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ र नियमावली, २०६५ ले कानूनी व्यवस्था गरी सेवाग्राहीको गुनासो व्यवस्थापनका लागि सवै संवैधानीक निकाय तथा सरकारी कार्यालयहरुमा गुनासो सुन्ने जिम्मेवार अधिकारी (नोडल अधिकृत) तोक्नु पर्ने, गुनासो सुन्न निःशुल्क टेलिफोन वा अनलाइन सेवा र उजुरी पेटिकाको व्यवस्था गरी गुनासो व्यवस्थापन गर्नु पर्ने काम कर्तव्य र जिम्मेवारी तोकिएको छ। कार्यालयहरुको नागरीकवडा पत्र वा सेवा वडापत्रमा सो कार्यालयको लागि तोकिएको नोडल अधिकृतको विवरण र सम्पर्क नम्वर उल्लेख गर्नु पर्दछ। नोडल अधिकृत जुन निकायमा तोकिन्छन् उनीहरुको प्रमुख काम कर्तव्य अधिकार उद्देश्य भनेको सोही निकायबाट सर्वसाधारण जनताहरुलाई प्रदान गर्ने सेवाहरु उचित समयमा दिलाउने। उचित समयमा सेवा प्रदान गर्न नसकेमा के कति कारणले सकिएन त्यसको जिम्मेवारी र जवाफदेही वहन गर्दै आफ्नो राय सुझव सहित कार्यालय प्रमुखलाई जानकारी गराउने। प्राप्त निर्देशन बमोजिम गुनासो व्यवस्थापन गरी गुनासो कर्तालाई जानकारी दिनु पर्दछ। नोडल अधिकृतले आफ्नो कार्यालयबाट प्रदान गरिने सेवाहरु झन्झटीलो, गैर कानूनी तवरले भ्रष्ट्राचार हुने, ढिलासुस्ती, गुणस्तरहिन भई सेवाग्राही जनताले अनावश्यक दुःख कष्ट भोग्नु परिरहेको छ कि त्यसको निरन्तर अनुगमन गर्ने, सम्वन्धीत कर्मचारीहरुलाई आवश्यक निर्देशन दिने, काममा समन्वय गराईदिने जस्ता कार्य गर्नु पर्दछ। सो कार्यालयबाट सम्पादित काम कारवाहीको सम्वन्धमा जनताहरुको कुनै पिरमर्का र गुनासा तथा समस्याहरु छन भने त्यसलाई सुनिदिइ समाधानको यथोचित पहल गरि दिनु पर्दछ। कार्यलयको सेवा प्रवाहमा संलग्न कर्मचारीहरुको संस्थाप्रति कुनै गुनासो भए त्सलाई पनि सुनिदिने र समाधान गर्न प्रयास गरिदिनु पर्दछ। कार्यसम्पादन गर्न आवश्यक भौतिक पूर्वाधार, स्रोतसाधनको व्यवस्थापन, उनीहरुको कार्यसम्पादनको प्रसंशा र सही मूल्याँकन हुने वातावरण, कार्यालयबाट प्रदान गरिने सेवा सुविधा, क्षमता विकास, वृत्ति विकास जस्ता अवसरको गुनासो सम्वोधन गर्न कार्यालय प्रमुखलाई आफ्नो सुझाव दिई सकारात्मक कार्यवातावरण सृजनामा सक्रिय भई कार्य गरेमा कर्मचारीहरुको मनोवल वृद्धि हुन गई कार्यालयको समग्र कार्यसम्पादनमा सुधार आउँदछ। संक्षेपमा भन्नु पर्दा नोडल अधिकृतहरुको प्रमुख भूमिका भनेको आफ्नो निकायबाट प्रदान गरीने सेवाहरुलाई गुणात्मक तथा परिमाणात्मक प्रभावकारीता ल्याउनु हो। जनतालाई सुशासनको अनुभूति दिलाउनु नै हो। सुशासनको अनुभूतिले जनसाधारणको सरकार प्रतिको आस्था र विश्वास अभिवृद्धि गराँउछ।

सुशासन व्यवस्थापन तथा संचालन ऐन तथा नियमावलीले सरोकारवालाहरुको गुनासो सुनावाई गर्ने व्यवस्था गरे अनुसार सवै संवैधानिक निकायहरु र सरकारी कार्यालयहरुमा नोडल अधिकृत तोकिएको छ। गुनासो सुन्नको लागि निः शुल्क टेलिफोन सेवा, अनलाइन सेवा, फ्याक्स ,उजुरी पेटीका र नेपाल सरकार प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयले संचालनमा ल्याएको हेल्लो सरकार जस्ता कार्यक्रमको प्रयोगबाट निजामती प्रशासनमा गुनासो र मर्का सुन्ने नोडल

अधिकृतको व्यवस्था काम कर्तव्य र जिम्मेवारीहरु तोकीएको र जनताहरुले प्रशस्तै आफ्ना गुनासाहरु दर्ता गर्ने गरेको सम्वन्धमा यि निकायबाट प्रदान गरीने सेवाको गुणस्तर र प्रभावकारीतामा खासै सुधार आएको अनुभूति गर्न सकिराखेका छैनन् । सेवाग्राहीले के कति कारणले छिटो छरितो सर्व सुलभ ढंगले सेवा पाउन सकिरहेका छैनन् भन्ने विषयमा नोडल अधिकृतले गर्ने अनुगमन , समन्व र निर्देशन फितलो हुने गरेको आम जनताले अनुभूति गरेका आवाज घन्किरहेको छ । सेवा प्रवाह गर्ने कार्यालयबाट सेवा प्रवाह गरिसकेपछि आमनागरिक त्यसबाट लाभान्वित भए वा भएनन् भनी नोडल अधिकृतले अनुगमन तथा मूल्याँकनको व्यवस्था गरी समीक्षा समेत गरिनु पर्दछ तर त्यसो गरेको पाइदैन ।

निष्कर्ष :

सकारले आफ्नो तर्फबाट जनताका लागि सेवा प्रवाह गर्दा सर्वप्रथम सेवाग्राही राज्यका महत्वपुर्ण तत्व हुन भन्ने कुरालाई स्वीकारर्नु पर्दछ । सेवाग्रही भनेका राज्यभित्र रहेका आमनागरिक हुन । आमनागरिक भनेका राज्यका सम्पत्ति समेत हुन र राज्यको अस्तित्व जोगाउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् भन्ने कुरा पनि सरकारले बिर्सनु हुँदैन । अबको संघिय गणतन्त्रात्मक राज्यव्यवस्थामा सेवाग्राही सरकारसंग भरपर्ने होइन बरु सरकार चाहि सेवाग्राहीसंग भरपर्नु पर्दछ भन्ने कुरा पनि महत्वपूर्ण रहेको छ । अवको समयमा सरकारले भनेको जस्तो सेवाग्राहीले काम गर्ने होइन कि सेवाग्राहीले भनेको जस्तो वा अनुरोध गरे अनुसार जनताले बनाएको कानुन बमोजिम सरकारले नागरिकका लागि कार्यसम्पादन गर्नुपर्दछ । यसरी सार्वजनिक सेवालाई जनताले सर्व सुलभ ढंगबाट कम मूल्यमा छिटो छरितो प्राप्त गर्न सक्ने गरी सार्वजनिक निकायलाई चुस्त दुरुस्त राख्नुले सेवाको गुणस्तर त बढछ नै यसको वैधानिकता एवं स्वीकार्यतामा पनि उल्लेखनीय वृद्धि हुन्छ । सार्वजनिक सेवालाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याउनु भनेको राज्यले आफ्नो शासन व्यवस्थामा सुशासन कायम गराउनु हो । प्रशासनिक विकासको प्रथम चरणभित्र सार्वजनिक सेवाको प्रत्याभूति दिन सके राज्य व्यवस्थापनले एउटा महत्वपूर्ण मोड लिन सक्थ्यो ।

सन्दर्भ सूचि

१. नेपालको संविधान, २०७२

२. निजामती सेवा ऐन, २०१३,२०४९ र नियमावली, २०२१, २०५० (संशोधन सहित)

३. सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ र नियमावली, २०६५

४. प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन, २०४८ र २०७०

५. सार्वजनिक प्रशासनको पच्चीस वर्षिय गुरुयोजना

६. राजन खनाल, सार्वजनिक नीति, प्रशासन र व्यवस्थापन र

७. चुडामणि शर्मा, सार्वजनिक प्रशासनका मूलभूत पक्षहरु ।

सार्वजनिक खरिदसम्बन्धी कारोबारको भुक्तानी रकमको लेखापरीक्षण



✍ जनकराज गौतम
पूर्व उप-महालेखा परीक्षक

१. **पृष्ठभूमि** – सरकारी तथा सार्वजनिक निकायहरुबाट सार्वजनिक खरिद कार्यमा आर्थिक कार्यविधि ऐन, २०५५, सार्वजनिक खरिद ऐन, २०६३, आर्थिक कार्यविधि नियमावली, २०६४ र सार्वजनिक खरिद नियमावली, २०६४ लगायत सम्बन्धित नियमावली तथा मार्गदर्शन समेतलाई ध्यान दिई समन्वयात्मक हिसावले भुक्तानीका कारोबार सञ्चालन भएमा आर्थिक कारोबारको नियमन पक्ष मजबुत हुने, भुक्तानीको समयमा ध्यान पुऱ्याएमा त्रुटि, भूल भए तापनि सच्याउने अवसर मिल्ने भएकोले बढी वा अनियमित रकम भुक्तानी हुनबाट जोगिन सक्ने हुन्छ। कुनै पनि आयोजनालाई आवश्यक पर्ने निर्माण कार्य, औजार तथा अन्य सामग्री र सेवाको उपलब्धिबापत भुक्तानी लिनेमा आपूर्तक, निर्माण व्यवसायी, परामर्शदाता र सेवा प्रदायक नै हुन्। साथै, कुनै एक निकाय जस्तै सरकारी कार्यालय, व्यक्ति, फर्म, कम्पनी वा संस्थाले अर्को कुनै आर्थिक निकायलाई कुनै कार्य, वस्तु वा सेवा खरिद गरे बापतको रकम हस्तान्तरण गर्ने वा अन्य कुनै कानुन तथा नीति नियम वा कार्यक्रमसम्बन्धी निर्देशिकाबमोजिम रकम प्रदान गर्ने कार्य भुक्तानीभित्र पर्छ। यसरी नै, कार्यको अन्तिम रुप दिएर अभिलेख व्यवस्थित गरी सम्झौताअनुसारको प्रगतिको आधारमा भुक्तानी कारोबारलाई प्राप्तकर्ताको खातामा जम्मा हुने अवस्था मिलाउने प्रणाली नै भुक्तानी प्रणाली हो। वित्तीय व्यवस्थापनमा खर्चको महत्वपूर्ण स्थान रहेको हुन्छ। वित्तीय व्यवस्थापनको प्रमुख सिद्धान्त मध्ये "बजेटभित्र रहेर न बढी खर्च गर्नु (neither over-spending) न घटी खर्चगर्नु (nor under-spending)" भएकोले यही सिद्धान्तको वरिपरि (in the region of) रहेर सबै राष्ट्रका सरकारले रकमान्तरको अभ्यास समेत गरेका हुन्छन्। यस लेखमा खासगरी सार्वजनिक खरिदसँग सम्बन्धित कारोबारमा भुक्तानीका विधि, आधार, प्रमाण, पुष्ट्याई, अधिकार, जिम्मेवारी आदि सम्बन्धमा प्रस्तुत गर्ने प्रयास भएको छ। यसबाट जिम्मेवार अधिकृत, अधिकार प्राप्त अधिकारी, कार्यालय प्रमुख, खरिद अधिकारी, लेखा प्रमुखलगायत लेखामा कार्यरत कर्मचारी, प्रविधिक कर्मचारी, खरिद इकाईमा संलग्न पदाधिकारी, आन्तरिक तथा बाह्य लेखापरीक्षक, अनुगमनकर्ता, अनुसन्धानमा कार्यरतलगायतका अन्य प्रयोगकर्तालाई सामान्य जानकारी पाउन सजिलो हुने देखिएको छ। खासगरी, लेखापरीक्षकलाई सार्वजनिक खरिदको भुक्तानीको परीक्षण (audit of payments) सम्बन्धमा यो लेखले केही हदसम्म सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। सार्वजनिक खरिदलाई अवधारणागत पक्षलाई निम्नानुसार केही हदसम्म बुझ्न सकिन्छ। जस्तैः–

P	stands for Planning and Programming	R	stands for Resource allocation
O	stands for Organizational set-up	C	stands for Competitive bidding
U	stands for User's participation	R	stands for Regular monitoring
E	stands for Evaluate the program and decide	M	stands for Manage further
E	stands for Extend time and resources	N	stands for Needful action/support
T	stands for Take over the project /terminate the project		

२. **भुक्तानी विधि –** आर्थिक पक्षको प्राप्ति र सो को परिचालनमा ज्ञान, सोच, नीतिका साथै विधि, सीप, तरिका र उपायको माध्यमको पनि आवश्यक पर्छ। एकजना प्रशासन विद्को भनाइमा अनावश्यक रुपमा राजनीतिक दबाब दिएर गलत विवरण पेस गर्दै रकमको भुक्तानी लिने र खरिद प्रक्रियामा अनियमितता गर्ने प्रवृत्तिमा नियन्त्रण गर्न सजिलो पुग्नेछ। किनकी यसमा आफ्नो कार्यालयबाट भुक्तानी भएको रकम, भुक्तानी हुनुपर्ने रकमको विषय, व्यक्ति र कारणबारे उल्लेख हुन्छ। सरकारी कोषबाट व्यक्तिलगायतले तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, अन्य सुविधाबापत राज्य कोषबाट कति रकम बुझ्दा रहेछन् भन्ने विषय Web-site मा राख्नुपर्ने भएकोले अब भुक्तानी हुने रकम गोप्य हुने छैन। सरकारी कार्यालयमा हुने खर्चलाई बढी पारदर्शी बनाउनका लागि (to make transparent of all payments) तीन दिनसम्म Web-site मा राखेर मात्र भुक्तानी दिनुपर्ने अभ्यास हुन थालेको छ। भुक्तानी गर्ने कार्यसँगै निम्न विचार पुऱ्याएर कार्य गर्नु पर्छ:–

१. सार्वजनिक निकायले भुक्तानी गर्नु भन्दाअगाडि भुक्तानी गर्न लागिएको कार्यको नाम र कामको विवरण स्पष्टसँग जानकारी राख्नुपर्छ।

२. विनियोजन ऐन बमोजिम सम्बन्धित खर्च शीर्षकमा स्वीकृत रकमको सीमाभित्र रही निर्धारित प्रयोजनको खर्चको भुक्तानी गर्ने।

३. निर्माण कार्यसँग सम्बन्धित रकमको भुक्तानी गर्नुभन्दा अगाडि सो कुनै आइटमको रकम माग भएमा उक्त आइटम लागत अनुमान भित्र परेको छ कि छैन हेर्नुपर्छ। लागत अनुमानमा समावेश भएको आइटमका लागि मात्र भुक्तानीको लागि योग्य हुनेछ।

४. खरिद सम्झौतामा निर्धारित अवधिभित्र भुक्तानी दिनुपर्नेछ। सो अवधिभित्र भुक्तानी नदिएमा खरिद सम्झौता बमोजिमको ब्याज भुक्तानी गर्नुपर्नेछ। सो शर्त खरिद सम्झौताको अभिलेखबाट थाहा पाउन सकिन्छ।

५. नियमबमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैयाँभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेक (account payee cheque) को माध्यमबाट भुक्तानी गर्नुपर्नेछ। चेकको भुक्तानी अवधि आर्थिक कार्यविधि नियमावली, २०६४मा सरकारी कोषबाट भुक्तानीको लागि खिचिएको चेकको भुक्तानी अवधि ३० दिनको हुने कुरालाई ख्याल राख्नुपर्छ।

६. सार्वजनिक निकायले भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ्ग बिल वा अन्य बिलमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी सम्बन्धितलाई भुक्तानी गर्नुपर्नेछ।

७. ठेक्का वा करारबापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानीमा १.५ प्रतिशत कट्टी गरी बाँकी रकम भुक्तानी गर्नुपर्छ। उक्त रकमको भुक्तानीमा १.५ प्रतिशतले कर कट्टी गरे तापनि उक्त कर तिर्नुपर्ने बापतको दायित्व रकम भने अन्तिम हुँदैन। Procurement Circle लाई यसरी प्रस्तुत गरिएको छः–



३. **भुक्तानीका आधार** (Bases of payments) **–** सार्वजनिक निकायले नियमबमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैयाँभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट हुनुपर्नेछ। बोलपत्रका साथमा कार्य प्रारम्भ र सम्पन्न गर्ने समयको कार्य तालिका, भुक्तानी हुने मुद्रा, सामग्री उपलब्ध हुने स्रोत र सोको स्थान,

परिमाण तथा अन्य स्पेसिफिकेसन समेत उल्लेख गर्नुपर्नेछ। कुनै बिलसहित खर्चको प्रमाणराखी भुक्तानी गर्दा पुँजीगत बजेटको आधारलाई नै लिएर रकमको भुक्तानी गर्न नसकिने हुन्छ। रकम भुक्तानी गर्दा लेखा शाखाले कुनै पद, व्यक्ति वा पार्टीभन्दा पनि प्राप्त प्रमाण र हिसाब खाताको आधारमा लेखा राखी भुक्तानी दिने व्यवस्था आवश्यक हुन्छ। सम्झौताबमोजिम भुक्तानी गनपर्ने विभिन्न परिवेशहरु निम्न रहेका छन् भने हरेक भुक्तानीमा परिवेशका शर्तको पालनागरी कर कट्टीको व्यवस्था गरेको हुनुपर्छः–

३.१ पेश्की भुक्तानी र फछ्यौंट गर्ने व्यवस्था
३.२ प्रतितपत्रको शर्तको आधार
३.३ रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी
३.४ ब्याज भुक्तानी
३.५ ठेक्का सम्झौताको अन्त्य गर्दाको भुक्तानी
३.६ अन्तिम भुक्तानी
३.७ सुविस्ताका आधारमा सम्झांता अन्त्य गर्दाको भुक्तानी
३.८ पुरस्कारबापतको भुक्तानी
३.९ सोझै भुक्तानी
३.१० मर्मत सम्भारको भुक्तानी
३.११ प्रति एकाई दरले हुने रकमको भुक्तानी
३.१२ पुनरावलोकन समितिको आदेशको भुक्तानी
३.१३ सव-कन्ट्रयाक्टरद्वारा भएको कामको भुक्तानी
३.१४ अमानतबाट हुने भुक्तानी
३.१५ उपभोक्ता समितिलाई हुने भुक्तानी
३.१६ गैरसरकारी संस्थालाई हुने भुक्तानी
३.१७ धरौटीको फिर्ता गर्दाको भुक्तानी
३.१८ गत वर्षको खर्चको भुक्तानी

३.१ **पेश्की भुक्तानी र फछ्यौंट गर्ने व्यवस्था** (taking advances and settlement thereof) - सार्वजनिक खरिद कार्यमा सार्वजनिक निकायले आपूर्तिकर्ता (suppliers), निर्माण व्यवसायी (contractors), परामर्शदाता (consultants) र सेवा प्रदायक (service providers) लाई बोलपत्रसम्बन्धी कागजात तथा नियममा उल्लेख भएबमोजिम खरिद सम्झौता रकमको बीस प्रतिशतभन्दा बढी हुनेगरी पेश्की रकम दिने निर्णय गर्नुहुँदैन। त्यस्तै, पहिलो पटक पेश्की रकम दिँदा पेश्की दिने निर्णय भएको रकमको आधामा नबढ्ने गरी दिनुपर्छ। साथै, आर्थिक कार्यविधि

नियमावली, २०६४ मा आर्थिक वर्षको अन्तसम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन नहुने समेत उल्लेख छ। बोलपत्रसाथ अन्य कागजातका अतिरिक्त पेश्की भुक्तानी जमानतको ढाँचा, पेश्की रकम र अवधिमा समेत ध्यान पुऱ्याउनुपर्छ। पेश्की माग गर्नेबाट पहिले लगेको पेश्की फछ्यौंट (make settlement of prior advance) भएको छ छैन, पेश्की खातामा हेर्नुपर्छ। पेश्की भुक्तानी गर्ने सार्वजनिक निकायले निम्न लिखित बुँदाको पालनामा ध्यान दिनुपर्दछः–

१. निर्माण व्यवसायीले वाणिज्य बैंकबाट जारी भएको अग्रिम बैंक जमानत (Advance bank guarantee) पेस गर्नुपर्ने।

२. पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खातामार्फत मात्र भुक्तानी दिने।

३. पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई मासिक रुपमा कार्य प्रगतिसहितको विवरण पेस गर्ने।

४. खरिद सम्झौतामा उल्लेख भएबमोजिम पेश्की दिएको रकम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बीजकबाट कट्टा गर्नुपर्ने।

५. बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको हुनुपर्ने।

६. पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा नियमबमोजिम अग्रिम बैंक जमानत जफत गर्ने।

७. पेश्की लिनेले खरिद सम्झौताबमोजिमको काम उल्लिखित समयावधिभित्र सम्पादन गरी खर्चका प्रमाण र प्राविधिक प्रतिवेदन तथा सिफारिसका आधारमा भुक्तानी गरेको प्रमाण पेस गरेपछि मात्र पेश्की फछ्यौट गर्ने।

८. नियमानुसार पेश्की फछ्यौंटका लागि फाँटवारी पेस नगरेमा पेश्की रकमको सयकडा दश प्रतिशत ब्याज समेत बैंक जमानतको रकमबाट असुल उपर गरी पेश्की फछ्यौट गर्नु पर्नेछ।

३.२ **प्रतितपत्र** – कुनै सार्वजनिक निकायले प्रतितपत्र (Letter of credit) द्वारा मालसामान झिकाउँदा आफ्नो कार्यालयमा मालसामान प्राप्त भएको मितिले तीस दिनभित्र प्रतितपत्र खोलेको पेश्की रकम फछ्यौंट गर्नुपर्नेछ। निर्धारित समयभित्र मालसामान प्राप्त हुन नसकेमा साधारणतया प्रतितपत्र रद्द गर्नुपर्नेछ र सोबापत बैंकमा जम्मा भएको रकम फिर्ता लिई प्रतितपत्र खोलेको पेश्की रकम फछ्यौंट गर्नुपर्नेछ। आवश्यक कारवाही गरी सो पेश्की रकम असुल गर्नुपर्छ। नियमानुसार पेश्की दिन बजेट निकासा रकम नपुग भएमा सम्बन्धित सार्वजनिक निकायले थप रकम निकासाको लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गर्नुपर्नेछ।

३.३ **रनिङ्ग बिल वा बिल बीजकको भुक्तानी** – खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा भुक्तानी गर्ने अधिकार प्राप्त अधिकारी र लेखा प्रमुखले करारका शर्तबमोजिम देहायका कुनै वा सबै आधार लिनसक्ने कुरा उल्लेख छ। खरिद सम्झौतामा सार्वजनिक निकायले बिलबमोजिमको रकम शीघ्र भुक्तानी गरेमा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताले त्यस्तो भुक्तानीको निश्चित रकम वा प्रतिशत छुट दिने उल्लेख गरेकोमा सार्वजिनिक निकायले त्यसरी भुक्तानी गर्दा छुट रकम कट्टा गरेर मात्र भुक्तानी दिनुपर्छ :-

(क) मासिक आधारमा,

(ख) प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्य-सम्पादनको आधारमा,

(ग) खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकाङ्क तोकिएकोमा त्यस्तो सूचकाङ्क प्राप्त भएपछि र त्यस्तो सूचकाङ्क नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा,

(घ) हस्तान्तरण गरिएको वा पूरा गरिएको कार्यको परिमाणको आधारमा,

(ङ) नियमबमोजिम प्रतितपत्रको शर्तको आधारमा ।

३.४ **ब्याज भुक्तानी** – सार्वजनिक निकायले खरिद सम्झौतामा उल्लिखित अवधिभित्र भुक्तानी नदिएमा खरिद सम्झौताबमोजिमको ब्याजसमेत भुक्तानी गर्नुपर्नेछ। साथै भुक्तानी ढिला भएमा निर्माण व्यवसायीबाट काम रोकिने हुनाले कार्य सम्पन्न पनि ढिलो हुन्छ।

३.५ **ठेक्का सम्झौताको अन्त्यको भुक्तानी –** निर्माण कार्यको ठेक्का सम्झौता भएर पनि निम्नानुसार ठेक्काको दायित्व पूरा गर्न नसकेमा सम्झौता अन्त्य गर्न सकिने केही परिवेश निम्नानुसार छन्:-

- ठेकेदारको लापरवाहीले ढिलाई भएको कारण निर्माण कार्य ज्यादै मन्द गतिमा गई कार्यतालिका अनुसार प्रगति नभएको,
- धेरै पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको,
- अविलम्ब कार्य सम्पन्न गर्नेतर्फ पहल नगरेकोले जरिवाना गर्दा समेत कम वास्ता गर्ने,
- निर्माण कार्य विनासूचना पटक-पटक बन्द गरेको,
- ठेक्का सम्झौतापछि साइट क्लियरेन्स र थोरै केही कार्यसम्म गरेको बाहेक अन्य केही काम नगरेको,
- निर्माण कार्य सुचारु गर्न पटक-पटक सूचना गर्दा समेत बेवास्ता गरेको र निर्माण कार्य गर्न प्रतिबद्धता विपरीत हालसम्म पनि निर्माण कार्य सुरु नगरेको,
- Joint Venture सँग सम्बन्धित प्रतिनिधि सम्पर्कमा नरहेको,
- लामो समयदेखि साइट बन्द भएकोले पुनः सुरु गर्न थप समस्या देखा पर्ने गरेको,
- आयोजनाको निर्माण कार्य सम्पन्न गर्नका लागि प्राविधिक सामग्री समयमा नै साइटमा नलगेको ।

३.६ **अन्तिम भुक्तानी** – खरिद सम्झौताअनुसार कार्य सम्पन्न भएको कामलाई सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्तबमोजिम अन्तिम भुक्तानी दिनुपर्नेछ। निर्माण कार्यको हकमा त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नुपर्नेछ। मध्यमस्तरीय कार्यको जिम्मेवारी तथा उच्चस्तरीय प्रबन्धकीय जवाफदेही निभाउनुपर्ने नेतृत्वदायीले ध्यानपूर्वक समन्वय (co-ordinate) गर्नुपर्ने हुन्छ। साथै, खरिद सम्झौतामा अन्तिम भुक्तानी लिनको लागि सार्वजनिक निकायसँग देहायका दावी बाहेक अन्य दावी नगर्ने कुरा उल्लेख गर्न सकिनेछः–

(क) विशेष दावी,

(ख) खरिद कार्य सम्पादन गर्दा उत्पन्न भएको वा हुने तेस्रो पक्ष प्रतिको दायित्व,



३.७ **सुविस्ताका आधारमा सम्झौताका अन्त्यको भुक्तानी** – सार्वजनिक हितका लागि सुविस्ताका आधारमा अन्त्य गर्दा (termination of a contract by convenience for public interest) पेश्की बाँकी भए सो कट्टी गरेर मात्र भुक्तानी दिनुपर्नेछ। जस्तैः-

- स्वीकार्य रुपमा सम्पन्न कार्यको दिनुपर्ने भुक्तानी,
- उत्पादित सामान र निर्माण स्थल construction site मा ल्याइएको सामग्रीबापतको भक्तानी,
- निर्माण स्थलबाट उपकरण हटाउन लाग्ने खर्चबापतको भक्तानी,

- विदेशी कार्यमा मात्र लगाइएको विदेशी कर्मचारीको स्वदेश फिर्ती खर्च (Repatriation of expatriate personnel employed solely on the construction work),
- निर्माण कार्यको संरक्षण र सुरक्षा खर्च ।

३.८ **पुरस्कार बापतको भुक्तानी** – नियम १२६ अनुसार खरिद सम्झौतामा तोकिएका समयभन्दा अघि काम सम्पन्नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक निकायले पुरस्कार (bonus to a construction entrepreneur) दिन सक्नेछ । पुरस्कारको रकम निर्धारण गर्दा खरिद सम्झौतामा तोकिएको समयभन्दा जति दिन अघि कार्य सम्पन्न भएको हो त्यति दिनका लागि निर्धारण गर्नुपर्नेछ । साथै, रकमको निर्धारण गर्दा निर्माण व्यवसायीले खरिद सम्झौतामा तोकिएको अवधिभित्र काम सम्पन्न गर्न नसके बापत दैनिक रूपमा जति रकम सार्वजनिक निकायलाई पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने हो त्यति नै रकम बराबरको आधारमा पुरस्कारको दर (daily bonus shall be the same as the amount of daily liquidated damages) निर्धारण गर्नुपर्नेछ । तर, पुरस्कारको कुल रकम सम्झौता रकमको दश प्रतिशतभन्दा बढी हुने छैन ।

३.९ **सोझै भुक्तानी –** आर्थिक कार्यविधि नियमावलीअनुसार सोझै भुक्तानी भन्नाले विशेष इम्प्रेष्ट खातामा रहेको रकमबाट खर्च गरिने रकम वा सम्बन्धित आयोजना कार्यालयको माग अनुसार दातृ पक्षबाटै सम्बन्धित व्यक्ति, फर्म, कम्पनी, संस्था वा आपूर्तिकर्तालाई सोझै भुक्तानी दिने वा दातृ पक्षले सोझै भुक्तानी गर्ने प्रक्रियाभित्र पर्छ । यस अन्तर्गत खर्चका प्रमाण, अभिलेख, पुष्ट्याई र सोको आधिकारिकता सम्बन्धित निकायबाट प्राप्त भएपछि सोही अनुसार हिसाव खातामा खर्च लेखाङ्कन (booking of expenditure) गर्नुपर्छ ।

३.१० **मर्मत सम्भार खर्चको भुक्तानी –** खरिद सम्झौतामा उल्लिखित निर्धारित समयसीमा, सामग्रीको दर, शर्तको अधीनभित्र रही मर्मत सम्भार गर्न लागेको सामग्री, ज्याला तथा अन्य खर्चको रकम भुक्तानी गर्नुपर्नेछ ।

३.११ **प्रति एकाई दरमा भुक्तानी** (rate per unit) – प्रति एकाई दरले गणना गरी हुन आउने रकम भुक्तानी सार्वजनिक निकायले एकाई दर सम्झौताबमोजिम भएको कामबापत भुक्तानी गर्दा निर्माण स्थलको नाप जाँचबाट सामग्री, श्रम र अन्य कुरा यकिन भएको निर्माण कार्यको परिमाणलाई प्रति एकाई दरले गणना गरी हुन आउने रकम भुक्तानी गर्नुपर्नेछ ।

३.१२ **पुनरावलोकन समितिको आदेशको भुक्तानी** – सार्वजनिक खरिद ऐनको दफा ५०(५)(ग) अनुसार खरिद सम्झौता भइसकेको अवस्थामा त्यस्तो सम्झौता निवेदकले पाउनुपर्थ्यो भन्ने पुनरावलोकन समितिलाई लागेमा निवेदकलाई परेको मर्का विचार गरी मनासिब माफिकको रकम निवेदकलाई भुक्तानी गर्न सार्वजनिक निकायलाई सिफारिस गर्ने ।

३.१३ **सव-कन्ट्राक्टरको कामको भुक्तानी –** सार्वजनिक निर्माण कार्यको गुणस्तर र सम्पन्न गर्ने अवधि सम्बन्धी कानुनी एवं सम्झौताजन्य दायित्व सार्वजनिक निकायसँग खरिद सम्झौता गर्ने निर्माण व्यवसायीले नै वहन गर्ने गरी त्यस्तो कार्य निजको सुपरीवेक्षण वा व्यवस्थापनमा विभिन्न सव-कन्ट्राक्टरद्वारा गराउनका लागि व्यवस्थापन सम्झौता गर्न सकिनेछ। यो सम्झौताबमोजिमको कामको भुक्तानी सार्वजनिक निकायसँग सम्झौता गर्ने निर्माण व्यवसायीलाई मात्र दिईनेछ।

३.१४ **अमानतबाट हुने भुक्तानी –** नियम ९८ बमोजिम सार्वजनिक निकायले अमानतबाट निर्माणको काम गर्न (to procure a work through force account) एक तह माथिको अधिकारी (one level higher authority) को पूर्वस्वीकृति लिनुपर्नेछ। सार्वजनिक निकायले अमानतबाट काम गर्नुपर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री ऐन र यस नियमावलीको प्रक्रियाबमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्नेछ। अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एकलाख रुपैयाँमा नबढाई खण्ड-खण्ड गरी वार्ता (negotiation in several lots) बाट गराउन वा निर्माण सम्बन्धी काम आवश्यक निर्माण सामग्री उपलब्ध गराई ज्यालामा दिन सकिनेछ।

३.१५ **उपभोक्ता समितिलाई हुने भुक्तानी –** नियम ९७ मा उपभोक्ता समितिमार्फत सञ्चालन हुने स्थानीय आयोजनाको कार्य अधुरो, हिसाब किताबमा अनियमितता, कम गुणस्तरीयता र प्रावधान विपरीत कार्य गर्ने प्रवृत्ति देखापरेको कारणमा धरौटी लिने व्यवस्था नभएको, कालोसूचीमा राख्ने प्रावधान नभएको र क्षतिपूर्ति भराउने व्यवस्था नभएकोले पनि हो। तसर्थ, भुक्तानी गर्दा पनि सबै प्रक्रिया तथा प्रमाण पऱ्याएर दिनुपर्नेछ। लागत अनुमान एक करोड रुपैयाँसम्मको कार्य उपभोक्ता समिति (user's committee) मार्फत गराउन सकिन्छ। उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवा कार्यको भुक्तानीमा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्छ।

३.१६ **गैरसरकारी संस्थालाई हुने भुक्तानी –** सार्वजनिक खरिद ऐनको दफा ४६ र सार्वजनिक खरिद नियम ९९ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउने सम्बन्धी कामको लागि कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि (modus operandi) सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्नेछ। सोही आधारमा प्रस्तावसाथ पेस भएको कागजात तथा भुक्तानीका शर्त र कर कट्टीलाई ध्यान दिएर भुक्तानी गर्नुपर्छ।

३.१७ **धरौटीको फिर्ता गर्दाको भुक्तानी** – धरौटीको फिर्ता दुई किसिमले हुन्छ–

- अन्तिम भुक्तानी दिंदा निर्माण कार्यको हकमा त्रुटि सच्चाउने अवधि (defective period) समाप्त भएपछि कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नुपर्नेछ।

- त्रुटि सच्चाउने अवधि भित्र सम्बन्धित निर्माण व्यवसायीले त्रुटि नसच्याएमा सार्वजनिक निकायले रिटेन्सन मनी वा जमानत बापतको रकम प्रयोग गरी त्रुटि सच्याउन सक्नेछ ।
- रिटेन्सन मनीको बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण दाखिला गरेको प्रमाण कागजात पेसगरे पछि भुक्तानी दिनुपर्नेछ ।
- संयुक्त उपक्रमको हकमा रिटेन्सन मनी भुक्तानीगर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेस गरेको कागजात पेस भएपछि भुक्तानी दिइनेछ ।

३.१८ **गत वर्षको खर्चको भुक्तानी** – विशेष कारण एवं परिस्थितिवश खर्चका भुक्तानी शीर्षकहरूमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा बिल भरपाईबमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनपर्ने कारण खोली महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण पन्ध्र गतेभित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्नेछ र त्यस्तो भुक्तानी दिन बाँकीको कच्चावारी आर्थिक विवरणका साथ तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षकको कार्यालयमा पठाउनुपर्नेछ । दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको कच्चावारीमा रहेको खर्च रकममध्ये देहायको खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा सम्बन्धित कार्यालयले नियममा उल्लिखित अन्य खर्चका अतिरिक्त सार्वजनिक खरिदमा देहायका खर्च भुक्तानी दिन सक्नेछः-

(१) कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम,

(२) अन्य खर्चहरूको भुक्तानी स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको अवस्थामा दिन सकिनेछ । बोलपत्रदाताले प्रस्तावित निर्माण कार्य सम्पन्नका लागि सामग्री, श्रम र अन्य कुरा समावेश गर्नुपर्नेछ ।

४. **लागत अनुमान तथा बोलपत्रको स्वीकृति –** सार्वजनिक निकायले कुनै पनि खरिद, निर्माण कार्य वा सेवासम्बन्धी क्रियाकलापको दुई करोड रुपैयाँसम्मको बोलपत्र आह्वानको सूचनामा लागत अनुमान रकम खुलाउनु (indicate the cost estimate) पर्नेछ । त्यस्तै, सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । तर पच्चीस हजार रुपैयाँसम्मको खरिद गर्न लागत अनुमान गर्नुपर्ने छैन । साथै, सार्वजनिक खरिद नियमावली १०,११ १२,१३ बमोजिम तयार भएको लागत अनुमानको निम्न रकमगत सीमा (ceiling) को विचार गरी सार्वजनिक निकायका प्रमुख वा जिम्मेवार व्यक्ति वा अधिकार प्राप्त अधिकारी वा निजभन्दा एक तह माथिको अधिकारी (one level higher authority) बाट स्वीकृतभएको दस्तावेजलाई लेखापरीक्षकले रकमको सीमागत विचार समेत गरी परीक्षण गर्नुपर्छः-

स्वीकृत गर्ने अधिकारी कार्यालय प्रमुख	**मालसामान, निर्माण कार्य अन्य सेवातर्फ को लागत अनुमान** नियम १०, ११ र १३ बमोजिम	**बोलपत्रको स्वीकृति** नियम ६७(१) बमोजिम	**परामर्श सेवातर्फ लागत अनुमान** नियम १२ बमोजिम	**परामर्श सेवातर्फको बोलपत्रको स्वीकृति गर्ने**	**भेरिएसनको स्वीकृति**
राजपत्राङ्कित तृतीय श्रेणी	रु. एक करोडसम्मको	रु. तीन करोडसम्मको	रु. १० लाखसम्मको	रु. १० लाखसम्मको	-
राजपत्राङ्कित द्वितीय श्रेणी	रु. पाँच करोडसम्मको	रु.सात करोड सम्मको	रु.२५ लाख सम्मको	रु.५० लाखसम्मको	५ प्रतिशतसम्म
राजपत्राङ्कित प्रथम श्रेणी	रु.१० करोडसम्मको	रु.१५ करोड सम्मको	रु.५० लाख सम्मको	रु.३ करोडसम्मको	१० प्रतिशतसम्म
विभागीय प्रमुख	रु.१० करोड माथि जनिसुकै पनि	रु १५ करोडभन्दा माथि	रु.५० लाख भन्दा माथि	रु.३ करोड भन्दा माथि	१५ प्रतिशतसम्म
मन्त्रालयका सचिव वा सो सरहको सम्बन्धित निकाय	–	–	–	–	१५ देखि २५ प्रतिशतसम्म
सार्वजनिक संस्थान र निकायको हकमा उक्त संस्थाको सर्वोच्च कार्यकारी निकाय	–	–	–	–	१५ प्रतिशतभन्दा माथि

५. **अतिरिक्त पक्ष –** भुक्तानी सम्बन्धमा परीक्षण गर्दा अन्य पक्षका अतिरिक्त निम्न पक्षलाई पनि ध्यान पुऱ्याउनपर्छ:–

५.१ आर्थिक कार्यविधि नियमावली, २०६४ मा आर्थिक वर्षको अन्तसम्ममा काम नभएको तर केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन नमिल्ने, पेश्की भुक्तानी जमानतको ढाँचा, रकम र अवधिमा समेत ध्यान पुऱ्याउनुका साथै पहिले लगेको पेश्की फछ्यौंट नभएको पनि पेश्की दिने गरेको छ ।

५.२ काम गर्दै जाँदा खर्च र भुक्तानीका प्रमाण स्वत: मिल्दै जानुपर्नेमा सोही समयमा आएर हिसाब खाताको तयारी, प्रमाणको सङ्कलन गर्नुका साथै विवरणको तयार गर्ने, आधिकारिकता दिने तथा प्रमाणित गराउने आदि कार्य सोही समयमा नै गरेर भुक्तानी गर्ने बेलामा हतारमा तयार गरेका हुन्छन् ।

५.३ भुक्तानीको बेलामा नै रकम लेन-देन तथा बाँडफाँड, अनियमितता, बढी खर्च देखाउने र एक आपसमा बाद विवादका घट्ना देखापर्ने जस्ता कार्य हुने गर्छन् ।

५.४ भुक्तानी गरेको देखाई झुट्टा प्रमाण तयार गरी एकाउन्टपेयी चेकमार्फत व्यक्तिगत खातामा रकम सार्ने काम पनि हुन सक्छ ।

५.५ भुक्तानीका लागि स्थलगत निर्माण कार्यका अनुगमन नगरी कागजी आधारमा मात्र भुक्तानी दिने परिपाटीले गर्दा सामान्यतया भुक्तानी दिनेले कम जिम्मेवारी लिएको बुझिन्छ ।

१०. **निष्कर्ष** – भुक्तानीमा विनियोजित शीर्षकको बजेट रकमको सीमा, निर्धारित प्रयोजन, उचित खर्च (bonafide expenditure), आधिकारिकता, खर्चका प्रमाण, पुष्ट्याई, कार्य प्रगतिबमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकम सो सेवा तथा कार्यका निमित्त स्वीकृत बजेटको सीमाभित्र रही खर्च भएको हुनुपर्नेछ । साथै, सार्वजनिक खरिदसँग सम्बन्धित निर्माण कार्यको स्वीकृत ढाँचाबमोजिम ठेक्काको बिल, बिल बीजक, भुक्तानी दिनुपर्ने प्रमाण, हाजिरी फाराम, विज्ञको time log-sheet तथा अन्य आवश्यक प्रमाण राखी सो उपर आधिकारिकता दिएर लेखा, हिसाब खाता, कार्यअभिलेख खाता, जिन्सी हिसाब र आवश्यक भएमा वित्तीय विवरणमा समेत खुलासा गरी भुक्तानी दिनुपर्ने हुन्छ ।

कुनै संस्थाको कार्य-चक्रमा आर्थिक क्रियाकलाप र गतिविधि पनि चलिरहने हुनाले प्राप्ति र भुक्तानीको सम्बन्धमा नियमनगर्ने, निर्णय लिने, अभिलेख राख्ने, प्रतिवेदन तयारगर्ने र सोको आन्तरिक रुपमा परीक्षण गराउन आवश्यक पर्छ । कानुनबमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी भएको छ भने सो रकम सम्बन्धित पक्षसँग असुल गर्नका लागि भक्तानीको समयमा पनि ध्यान दिनु आवश्यक हुन्छ ।

सन्दर्भ सामग्री

- आर्थिक कार्यविधि नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४

लेखापरीक्षणमा बिल–भरपाईको चुनौती

✍ सिए. आनन्द श्रेष्ठ

लेखापरीक्षण

सामान्यतया, प्रचलित स्थानीय कानुन, नेपाल वित्तीय प्रतिवेदन मान तथा नेपाल लेखामानबमोजिम निकायको व्यवस्थापनले तयारी र प्रस्तुति गरेको वित्तीय विवरणमा लेखापरीक्षकले आफ्नो मन्तव्य जारी गर्नु नै लेखापरीक्षण हो। व्यवस्थापनको जिम्मेवारी वित्तीय विवरणको तयारी र प्रस्तुति गर्ने, वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटिको कारणरहित छ भनी तयारी र प्रस्तुतीकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालीन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन्।

लेखापरीक्षणको सर्वमान्य सिद्धान्त, नेपाल वित्तीय प्रतिवेदन मान तथा नेपाल लेखापरीक्षणमानका आधारमा लेखापरीक्षण सम्पन्न गरिनुपर्दछ। वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मानअनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिनु, वित्तीय विवरणमा उल्लिखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षण गर्नु समेत लेखापरीक्षण अन्तर्गतका कार्यहरु हुन्।

वित्तीय विवरण धेरै वित्तीय कारोबारहरुको निश्चित प्रक्रिया पूरा गरे पछिको प्रशोधित प्रतिनिधित्व मात्र हो। तसर्थ प्रत्येक वित्तीय कारोबार र सोको रकम पुष्ट्याई गर्ने प्रमाण लेखामा राखिनुपर्छ। वित्तीय कारोबार प्रमाणित गर्ने कागजातहरुलाई स्रोत कागजात (Source Documents or Supporting) भनिन्छ। लेखापरीक्षण गर्दा कारोबार र रकमको पुष्ट्याई गर्ने प्रमाण पर्याप्त भएको, कागजातबमोजिम क्रियाकलाप भए नभएको यकिन गर्नु सबैभन्दा मुख्य चुनौती हो।

कारोबार, कारोबारको प्रमाण र लेखा

लेखापरीक्षण गर्न वित्तीय विवरण चाहिन्छ। वित्तीय विवरण धेरै वित्तीय कारोबारहरुको लेखा पक्रियाको आधारमा बनाइन्छ। तसर्थ वित्तीय विवरणको मुख्य र एक मात्र स्रोत वित्तीय कारोबार हो। वित्तीय कारोबार भनेको दुई वा दुई भन्दा बढी व्यक्ति वा निकायहरु बीच निश्चित रकममा भएको सेवा वा सामानको लेनदेन हो। वित्तीय कारोबारको भौचर बनाउदाँ, सो कारोबार र रकमको पुष्ट्याई गर्ने प्रमाण पर्याप्त रुपमा राख्नुपर्दछ। लेखापरीक्षकले सोही प्रमाणको आधारमा आफ्नो मन्तव्य तयार गर्दछन्। कारोबार र रकमको पुष्ट्याई गर्ने प्रमाणअन्तर्गत बिल बीजक, भरपाई, प्रतिवेदन, हाजिरी, विवरण, चेकको फोटोकपी साथै अन्य सम्बन्धित कागजातहरु आदि पर्दछन्।

लेखालाई व्यवसाय वा व्यापार वा वित्तीय कारोबारहरुको भाषा भनिन्छ। प्रचलित कानुनअनुसार दर्ता भएका सम्पूर्ण संघ, संस्था, कम्पनी, फर्म, संस्थान, स्थानीय निकायहरु, सरकारी कार्यलयहरुले लेखा राख्नु कानुनतः अनिवार्य कार्य हो। लेखाको सर्वमान्य सिद्धान्त, स्थानीय ऐन-कानुन र नेपाल लेखामानहरु अनुसार लेखा राख्नुपर्दछ।

बिल बीजक र भरपाई

बीजक र भरपाई दुबै कारोबार र रकम पुष्ट्याई गर्ने प्रमाण भएपनि दुबैमा धेरै भिन्नता छ। बीजक वस्तु वा सामान बिक्री गर्दा बिक्रेताले क्रेतालाई दिने बिक्री गरेको प्रमाण हो। सेवा वा सामानको खरिद-विक्रिको सबैभन्दा महत्वपूर्ण र एक मात्र प्रमाण बिल बीजक हो। बोलिचालीको भाषामा बिल बीजकलाई बिल मात्र भनिन्छ। तर भरपाई (Receipt) भन्नाले भुक्तानी पाउनेले भुक्तानी गर्नेलाई भुक्तानी पाएको प्रमाण स्वरुप दिने निस्सा हो। भरपाई आम्दानी वा खर्चको प्रमाण रुपमा प्रयोग गरिदैन र गर्नु पनि हुदैन। भरपाईको आधारमा आम्दानी र खर्चको लेखांकन गर्न पाइदैन। भरपाईलाई रसिद पनि भन्ने चलन छ। पेश्की, सापट, ऋण लिदाँ-दिदाँ पनि भरपाई जारी गरिन्छ। आम्दानी र खर्च अनतर्गत पेश्की, सापट, ऋण पर्दैनन। भरपाईमा बिल बीजकमा जसरी सामान तथा सेवाको विवरण, संख्या र दर आदि खुलाई राख्नु अनिवार्य छैन।

ऐनमा व्यवस्था भएका बिल बीजकहरु

स्थायी लेखा नम्बर (प्यान) वा मूल्य अभिवृद्धि कर (भ्याट) समेत दर्ता भएका हरेक करदाताले वस्तु वा सेवाको बेच बिखन गर्दा अनिवार्य रुपमा बीजक जारी गर्नुपर्दछ। बीजक जारी नगरी बेच बिखन गर्नु गैरकानुनी कार्य हो। यसो गर्दा उक्त करदाता दण्ड जरिवानाको भागीदार हुन्छ। साथै कारोबार बन्द गर्ने निर्देशन पनि सम्बन्धित निकायले दिन सक्दछन्। बीजकका प्रकार निम्नानुसार छन्।

क) कर बीजक (Tax Invoice)

सामान्य अर्थमा कर बीजक भनेको मूल्य अभिवृद्धि करमा समेत दर्ता भएको करदाताले जारी गरी असुल गर्नुपर्ने कर रकम देखिने बीजक हो। भ्याटमा दर्ता भएका करदाताहरु, शिक्षण संस्थाहरु र स्वास्थ्य संस्थाहरुले पनि कर बीजक जारी गर्नुपर्दछ। किनकि, भ्याटमा दर्ता हुनेले मूल्य अभिवृद्धि कर (भ्याट) आफ्नो ग्राहकबाट असुल गर्न, शिक्षण संस्थाहरुले शिक्षा सेवा शुल्क असुल गर्न र स्वास्थ्य संस्थाहरुले स्वास्थ्य सेवा कर असुल गर्न कर बीजक जारी गर्नुपर्छ। तर सामान्यतया कर बीजक भनेको भ्याट बिल भनेर पनि चिनिन्छ। बीजकले दर्ता भएको व्यक्तिले गरेको कारोबारलाई प्रमाणित गर्दछ र तिनको कर दायित्व गणना गर्न सघाउ पनि पुऱ्याउँछ। बीजकको प्रथम प्रतिको शीर्षभागमा कर बीजक उल्लेख गरी प्रापकलाई दिइन्छ।

प्रत्येक बीजकमा न्यूनतम तीन प्रति हुनुपर्छ। पहिलो प्रति, जसमा कर बीजक उल्लेख हुन्छ खरिदकर्तालाई दिइन्छ। दोस्रो प्रति कर प्रशासनले मागेको बखत उपलब्ध गराउने गरी दर्ता भएको व्यक्तिले अभिलेखमा राख्दछ। तेस्रो प्रति दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको लेखाङ्कनका लागि राख्दछ। त्यस्तै तेस्रो प्रतिको माध्यमबाट करदाताले आफ्नो बिक्री खाता प्रविष्ट गर्ने र लेखा राख्ने गर्दछ। करदाताले कर बीजक ३

प्रतिभन्दा पनि बढी तयार गर्न सक्दछ । प्रत्येक आय वर्षमा बिल नम्बर १ बाट शुरु गर्नुपर्दछ र क्रमैसँग राख्नुपर्दछ । सच्चाइएको बिल नम्बर स्वीकार्य हुँदैन ।

ख) संक्षिप्त कर बीजक (Abbreviated Tax Invoice)

संक्षिप्त कर बीजक भनेको भ्याटमा दर्ता भएको व्यक्तिले जारी गर्ने स्पष्ट रुपमा कर नदेखाइएको (मूल्यमा नै कर समावेश) भएको बिल हो । यो कर बीजक नै हो । जसमा जम्मा रकममा नै कर रकम समावेश भइसकेको हुन्छ । बीजकको शीर्ष भागमा संक्षिप्त कर बीजक उल्लेख गरी प्रापकलाई दिइन्छ । यो बीजक करसहितको मूल्य रु.५ हजारभन्दा बढीको रकममा जारी गर्न पाइँदैन ।

संक्षिप्त कर बीजक जोसुकैले जारी गर्न पाउँदैन । खुद्रा बिक्रेताले मात्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयको स्वीकृति लिएर मात्र जारी गर्न पाउँछ । संक्षिप्त कर बीजक कर बीजक जस्तै हुन्छ, तर यसमा कर रकम राख्ने ठाउँ हुँदैन र कर बीजकको ठाउँमा संक्षिप्त कर बीजक लेखिएको हुन्छ । यो बीजकबाट कर दाबी गर्न पाइँदैन ।

ग) सामान्य बीजक (General Invoice)

स्थायी लेखा नम्बर लिएका तर मूल्य अभिवृद्धि करमा दर्ता नभएका करदाताहरुले जारी गर्ने बीजक नै सामान्य बीजक हो । यस्तो बीजकमा बीजकका अभिन्न अंगहरु जस्तै संस्थाको नाम र ठेगाना, बिक्रेताको प्यान नम्बर, बिल नम्बर, क्रेताको नाम र ठेगाना कारोबारको विवरण आदि हुनै पर्दछ । बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा बीजक अनिवार्य रुपमा जारी गर्नु पर्दछ । बोलिचालीको भाषामा यसलाई प्यान बिल भन्ने चलन छ । यस्तो बीजकको बारेमा ऐनमा हालसम्म कुनै व्यवस्था रहेको छैन ।

घ) अन्य

बजारमा पाइने विभिन्न प्रकारका टिपोट कागजातहरु बीजक होईनन् । बिक्रेताले यस्तो जारी गर्न हुँदैन र क्रेताले पनि नलिनु सचेत नागरिकको कर्तव्य हो । यदि कसैले यस्तै कागजात जारी गरेर रकम असुली गर्ने काम गरिरहेका छन् भने त्यो गैरकानुनी कार्य हो । यस्ता प्रकारका टिपोटहरु जारी गरी कर छलिरहेका हुन सक्छन् । सोबारेमा सम्बन्धित निकायमा जानकारी दिनु पनि सचेत नागरिकको कर्तव्य हुन्छ । साथै यस्ता कागजातहरुको बारेमा व्यवस्थापनलाई सचेत गराई, लेखापरीक्षण प्रतिवेदनमा समावेस गराउनु पनि लेखापरीक्षकको दायित्व हो ।

वास्तविकता र समस्या

कतिपय फर्महरु (पसलहरु) नै प्यान वा भ्याटमा दर्ता भएका छैनन् । धेरै जसो साना पसलहरुले बिल बीजक बिना नै कारोबार गर्ने गरेका छन् । नगदमा नै कारोबार गर्ने, बीजक नै जारी नगर्ने र कारोबारको कुनै पनि प्रमाण नराख्ने प्रबृती देखिएको छ । विकसित देशमा जतिको जे खरिद गर्दा पनि प्रमाण (बीजक) लिने दिने गरिन्छ । हाम्रोमा ल्यापटप किन्दा पनि बीजक दिइदैन । क्रेताले बीजक माग्दा पनि टिपोट वा

कोटेशन मात्र दिइन्छ। अन्यथा भ्याट बिल लिने भए त थप भ्याट तिर्नुपर्छ भन्ने जवाफ पाइन्छ। यहाँ व्यासायिक इमान्दारिता र नियम कानुनको पालना भएको छैन। जसले गर्दा राजस्व सङ्कलनमा कमी आउँछ, व्यवसाय पारदर्शी हुँदैन, उपभोक्ता ठगिन्छन्, लेखापरीक्षण चुनौतीपूर्ण हुन्छ र बेरजू बढेर जान्छ।

कतिपय प्यान वा भ्याटमा दर्ता गर्ने वास्तविक क्रेतालाई बीजक नदिने, कम रकममा जो पायो त्यही व्यक्तिको नाममा बिक्री देखाई बीजक जारी गरी फाल्ने व्यवसायीहरु पनि छन्। यो सरासर कर छली। व्यवसायी, कर्मचारी, जनता सबैमा आर्थिक अनुशासन नहुनु, हेल्चक्राई गर्नु, कानुनको पालना नगर्नु, कारोबार पारदर्शी नहुनु, Under Invoicing हुनु, ज्ञानको कमी हुनु, थाहा नहुनु, सिक्न नचाहनु, लेखा व्यवसायीमा व्यावसायिक इमान्दारिता नहुनु, करदातामा कर छल्ने नियत हुनु आदिको सिधा असर बिल बीजक र भरपाईमा पर्दछ।

बैकिङ्ग कारोबारहरु गर्ने निकायले ब्याज लिँदा, दिँदा, सेवा शुल्क लिँदा, अन्य आय गर्दा बिल बीजक दिनु कानुनतः अनिवार्य पनि छैन र दिँदा पनि दिँदैनन्। रकम लिनु भनेको आम्दानी मात्र त हैन। यसले गर्दा लेखा राख्न र लेखापरीक्षण गर्न बिल बीजक नहुने अवस्थामा चुनौती छ।

असर

बेरजू बढ्दै जानु, वास्तविकताभन्दा धेरै कम कर सङ्कलन हुनु, व्यक्तिको black and dirty money बढ्दै जानु, कारोबार पारदर्शी नहुनु, उपभोक्ता मारमा पर्नु आदि बीजक व्यवस्थित र कानुनत कार्यान्वयन नहुनुका मुख्य मुख्य असरहरु हुन्। कर छल्ने सबैभन्दा राम्रो हतियार बिल बीजक नै हो। सहकारी, सार्वजनिक संघ संस्था र निकायहरुमा सक्कल बिल बीजक बाहेक खर्च दाबी गर्न पाईँदैन। अन्य निकायमा बीजक बिना आय विवरण प्रयोजनको लागि खर्च लेखिए पनि कर प्रयोजनको लागि खर्च मानिदैन। कर प्रयोजनमा खर्च नमानिदिदाँ सो खर्च रकमलाई आम्दानी सरह मानि लाग्ने करको दरले कर तिर्नुपर्दछ। बीजकले निकायको आर्थिक कारोबारको विश्वसनीयता र स्वच्छता तथा जवाफदेहिताको स्तरलाई प्रतिविम्बित गर्दछ।

बीजक प्रमाणित गर्दा ध्यान दिनुपर्ने कुराहरु

आवश्यक प्रक्रिया पूरा गरी प्राप्त बीजक प्रमाणित गर्दा देहायका कुराहरुमा ध्यान दिनुपर्छ।

- सम्पूर्ण खर्चको सक्कल बीजक हुनुपर्नेछ।
- बीजक निकायको नाममा जारी भएको हुनुपर्नेछ।
- बीजकमा रकम र मिति दोहोरो लेखाई, केरमेट तथा सच्चाइएको भएमा मान्य हुने छैन।
- प्यान बिल वा कर बीजक (भ्याट बिल) मात्र मान्य हुनेछ।
- रकमको गणना पनि चेक गरिन्छ।
- बीजक नम्बर प्रिन्टेड हुनुपर्नेछ।

- भ्याट बीजकमा कर बीजक वा Tax Invoice लेखिएको हुनुपर्ने ।
- प्राय एउटा बिलमा एउटै व्यक्तिको हस्त लिखत र एउटै मसि प्रयोग हुनुपर्नेछ ।
- बिलमा वस्तु वा सेवाको स्पेसिफिकेसन, संख्या र दर खुल्नुपर्नेछ ।
- रकम अक्षरमा पनि लेखिनुपर्नेछ ।

नक्कली भ्याट बिलसम्बन्धी गैरकानुनी कार्यहरु त सुनिदै आएको हो । अतः, यससम्बन्धी सचेत हुनु व्यवस्थापन साथै लेखापरीक्षकको दायित्व हो । प्राप्त बीजकको प्यान सही भए नभएको, बिक्रेताको नाम, हालसम्म कर विवरण बुझाए नबुझाएको थाहा पाउन आन्तरिक राजस्व विभागको वेभ साइटमा गई PAN search गर्न सकिन्छ ।

निष्कर्ष

व्यवसायी वा व्यापारी साथै सामान्य जनताहरुलाई पनि बिल बीजकको बारेमा जन चेतना बढाउने कार्यहरु गर्न अति आवश्यक छ । व्यवसायी वा निकाय वा फर्मले बिल बीजक लिने दिने गरे उपभोक्ता ठगिने सम्भावना कम हुने, व्यवसाय पारदर्शी हुने, उचित मात्रामा राजस्व सङ्कलन हुने हुनाले सम्बन्धित निकायले कारोबार र बिल बीजक सम्बन्धी सम्पूर्ण व्यवस्थाहरु समेटी ऐनमा नै समावेश गर्न सम्बन्धित निकायहरुको ध्यान जान जरुरी छ ।

English Section

Buddhism in Nepal

✍ **Maheshwor Kaphle**

1. **Introduction**: Approximately 2600 years ago Shakyamuni Buddha introduced peace and happiness through controlling the mind and have been widely applied since then known as Buddhism. Main objectives of Buddhism are to achieve the purpose of removing harmful thoughts, or minds, and developing beneficial thoughts through practice of meditation for the people. This is a process that has continued into this modern era where still people are practicing, gaining experience of, and teaching the methods that Buddha revealed.Buddhism goes beyond religion and is more of a philosophy or 'way of life'. It is a philosophy because philosophy 'means love of wisdom' and the Buddhist path can be defined to lead a moral, mindful of thought, wisdom and understanding the real life. The structure and practices of Buddhism to implement in real life are:

   - Buddha (Philosophy) –Buddham saranam gachhami
   - Dharma (the teachings) –Dharmam saranam gachhami
   - Sangha (the Buddhist community) –Sangam saranam gachhami

   The Licchavi period was the flourishing of both Hinduism and Buddhism in Nepal. Ashoka went to Patan and had built four stupas and accelerated awareness of Buddhism. It is believed that his daughter Charumati established the village of Chabahil, which is located between Kathmandu and Bauddhanath.The worship of the Caitya and the RathJatra cart festival were introduced and identified with major Buddhist Caityas, such as Swayambhunath, Boudhanath, and four "Ashoka" stupas of Patan. In the Malla dynasty also was the golden period of the favorism for Hindu and Buddhist. During the period of Jayasthiti Malla, all Hindhus and Buddhist could celebrate and disseminate their religion and built more temple and stupas. In the Shah dynasty Buddhism gradually developed in the country. The revival movement has changed and Buddhism from a religion shifted to philosophy and the path of heaven. Some ethnic people, people of hilly region like Sherpa, Tamang, Bhote, Vichhu, Newar and such community and such groups, castes were much more devoted to Buddhism in Nepal since early period of Buddhism and continue to this period.

2. **Buddhism**: The vision of Buddhism is based on to the four truths, eightfold Path, the twelvefold cycle of suffering (duhkha). The eightfold path elaborates the four truths, and the twelvefold cycle explains the cycle of ignorance and desire. Understanding all these spiritual paths and teachings which involve control over the body and spirit, especially by using Yoga, will lead the human being into a full understanding life is known as Buddhism. The final phase of Buddha's life was the Nirvana that is final disappearance. He did not die, but rather went out like a candle after going through a trance for days. The sacred bright remains of his body were distributed to the four quarters and to the heavens so that he remained in existence forever.

3. **Buddhist Ritual:** Buddhist ritual is divided into two forms that is meditation (yoga) and worship (Puja). It involves creating an image of a Buddha or a god or goddess, and then worshipping this image with all senses involved. Trying to get the self totally involved with the worship is called Buddha ritual. However, Buddhists do not believe in the supreme God since the god cannot lead to the nirvana phase. The worshippers try to use their entire bodies by adopting postures such as standing or prostrating, and gestures such as joint hands also known as rituals. The worship enables the worshipper to gain punya (liberty). At the end of the ritual, the punya is transferred to a dead relative or even to humanity to assist human beings to reach enlightenment.

4. **Mahayana Precepts:** The practice of taking and keeping the eight Mahayana precepts is a special practice of moral discipline. The Mahayana precepts is performed with bodhichitta and known as motivation of supreme good heart. The essence of the practice is to take eight precepts promising to abstain from eight actions: (1) killing, (2) stealing, (3) sexual activity, (4) lying, (5) taking intoxicants, (6) eating after lunch, (7) sitting on high or luxurious thrones or seats, and (8) wearing ornaments, perfume, singing and dancing. Controlling mind to aware not to do bad action by human mankind is derived by Mahayana precepts.

महालेखापरीक्षकको ५४ औ बार्षिक प्रतिवेदन कार्यबाहक महालेखापरीक्षक श्री सुकदेव खत्रीज्यूले मिति २०७३।१२।३० मा सम्माननीय राष्ट्रपति समक्ष पेश गर्नुभयो ।

वित्तीय अनुशासन र आर्थिक प्रशासनका समसामयिक विषयमा बैठक सम्पन्न

मिति २०७४ असार ०२ गते, वित्तीय अनुशासन र आर्थिक प्रशासनका समसामायिक विषयमा माननीय महालेखापरीक्षकज्यूबाट नेपाल सरकारका मुख्य सचिव सहित सबै सचिवहरुसँग प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बैठक सम्पन्न भयो ।

सो बैठकमा महालेखापरीक्षकज्यूबाट महालेखापरीक्षकको कार्यालयको कार्य प्रणालीमा सुधार गर्न आफ्नो ६ वर्षे कार्ययोजना पेश गर्दै सो अवधिमा वित्तीय जवाफदेहिता सुनिश्चित गर्न यस सम्बन्धी कानुनको तर्जुमा गर्नुपर्ने, सरकारी निकायहरुमा देखिएको कमजोर आन्तरिक नियन्त्रण प्रणालीका साथै आन्तरिक लेखापरीक्षणमा सुधार गर्नुपर्ने मन्तव्य व्यक्त गर्नुभयो । साथै आगामी दिनमा कार्यालयले आफ्नो आन्तरिक कार्य प्रक्रियामा सुधार गर्ने, कार्यमूलक लेखापरीक्षणलाई जोड दिँदै जाने र आर्थिक अनुशासन पालनाको

स्तर मूल्यांकनको अभिलेख राख्न शुरु गरिने व्यहोरा समेत उल्लेख गर्नुभयो । महालेखापरीक्षकज्यूले आर्थिक कार्यविधि ऐन नियमावली बमोजिम औंल्याईएका बेरुजु ३५ दिन भित्र फछ्यौंट गरी वित्तीय अनुशासन कायम गर्न निर्देशन दिनुभयो ।

उक्त बैठकबाट देहाय बमोजिमका निर्णयहरु भएका छन् :

(१) आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन महालेखा नियन्त्रकको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, महालेखापरीक्षकको कार्यालय र अर्थ मन्त्रालयका राजपत्रांकित प्रथम श्रेणीका पदाधिकारीहरु संलग्न एक समिति गठन गर्ने ।

(२) नेपाल सरकारका सचिव, विभागीय प्रमुख र एक अर्ब भन्दा बढी रकमको आयोजना प्रमुख जस्ता पदमा विशेष जिम्मेवारी दिंदा महालेखापरीक्षकको कार्यालयबाट वित्तिय अनुशासन पालनाको विवरण लिई वित्तिय जवाफदेहिता पालना स्तर समेतको आधार लिने ।

वित्तीय अनुशासन कायम गर्ने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

- मिति २०७४ असार ०४ गते, वित्तीय अनुशासन कायम गर्ने सन्दर्भमा महालेखापरीक्षकज्यूबाट नेपाल सरकारका मुख्य सचिवको उपस्थितिमा सार्वजनिक संस्थानका प्रमुख र लेखा प्रमुखहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

  उक्त कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूबाट सार्वजनिक संस्थानका प्रमुखहरुलाई आफ्नो संस्थाको उद्देश्य अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउने, संस्थानको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ पार्ने, लेखापरीक्षण हुन बाँकी रहेका संस्थानहरुले ३ महिना भित्र लेखापरीक्षण सम्पन्न गर्ने तथा सार्वजनिक संस्थानहरु जुन उद्देश्यले खडा गरिएको हो सो उद्देश्य हासिल गर्न केन्द्रीत भई अधिकतम् उत्पादकत्व हासिल हुने गरी कार्य गर्न निर्देशन दिनुभयो । सो अवसरमा महालेखापरीक्षकज्यूले आगामी दिनमा वार्षिक २ हजार अर्ब रुपैया भन्दा बढी कारोबार गर्ने सार्वजनिक संस्थानहरुको काम कारबाहीलाई लेखापरीक्षणमा उच्च महत्व दिने तथा कार्यालयले लेखापरीक्षण दायरालाई क्रमशः बिस्तार गर्दै नतिजामूलक बनाउने जानकारी दिनुभयो । नेपाल सरकारका मूख्य सचिव तथा अर्थ सचिवले पनि सार्वजनिक संस्थानहरुको प्रभावकारी कार्य संचालन बारे आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

- मिति २०७४ असार ०५ गते, वित्तीय अनुशासन कायम गर्ने सन्दर्भमा समिति, परिषद, प्रतिष्ठान तथा कोषका प्रमुख र लेखा प्रमुखहरुसँग छलफल तथा अन्तरक्रिया सम्पन्न भयो । उक्त कार्यक्रममा संस्था प्रमुखले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने, उद्देश्य अनुरुपको नतिजा प्राप्त गर्न आर्थिक प्रशासनमा सवलिकरण गर्नुपर्ने, लेखापरीक्षण तीन महिना भित्र टुंग्याउने, उठाइएको बेरुजु समयमा नै फछ्यौंट गर्न निर्देशन दिनुभयो ।

सो अवसरमा महालेखापरीक्षकज्यूबाट एउटै बेरुजु पटक पटक उठ्नु गम्भीर विषय भएकोले आन्तरिक लेखापरीक्षण सुदृढ बनाई वित्तीय प्रणालीलाई मजवुत बनाउनु पर्ने र लेखापरीक्षणले अध्ययन गरेर पत्ता लगाई दिएको प्रेस्कृप्सन अनुसारको सुझाव कार्यान्वयन गर्ने जिम्मेवारी र जवाफदेहिता बहन गर्नु पर्ने कानूनी दायित्व समेत स्मरण गराउनु भएको थियो । यसैगरी लेखापरीक्षण कार्य दक्ष विज्ञबाट गराउने साथै संस्था उद्देश्य अनुरुपको जानकार र अनुभवी व्यक्तिबाट गराउने व्यवस्था मिलाउने अवगत गराउनु भयो । महालेखापरीक्षकबाट लेखापरीक्षणको दायरा फराकिलो बनाउदै प्रभावकारी एवम् अन्तराष्ट्रिय अभ्यास र मापदण्ड अनुरुपको लेखापरीक्षण गर्ने जानकारी प्रदान गर्नुभयो ।

लेखापरीक्षकहरुसँग लेखापरीक्षणका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया कार्यक्रम

मिति २०७४ असार ०६ गते, महालेखापरीक्षकज्यूबाट सार्वजनिक संस्थानको लेखापरीक्षण गर्ने लेखापरीक्षकहरुसँग लेखापरीक्षणका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा लेखापरीक्षण गर्दा संस्थाको उद्देश्य हासिल भए नभएको, सेवाप्रवाह प्रभावकारी र विश्वसनिय भए नभएको, स्रोत र साधनको महत्तम उपयोग भए नभएको, वित्तिय अनुशासनको परिपालना भए नभएको परीक्षण गर्नुपर्ने र लेखापरीक्षण ऐनमा उल्लेखित विषयको पूर्ण पालना गरी लेखापरीक्षण गर्न निर्देशन दिनुभयो ।

सो अवसरमा महालेखापरीक्षकज्यूवाट लेखापरीक्षण गर्दा कुनै समस्या आएमा महालेखापरीक्षकको कार्यालयमा जानकारी गराई सहयोग र सल्लाह लिन सकिने उल्लेख गर्नु भयो । यसैगरी, लेखापरीक्षण गर्दा अपनाउनुपर्ने आचारसंहिताको बारेमा पूर्ण जानकारी राखी जिम्मेवार र जवाफदेहि बन्नुपर्ने कुराको स्मरण गराउनु भयो । यसका साथै संवेदनशिल तथा धेरै कारोवार हुने संस्थाहरुको लेखापरीक्षण गर्दा हुने शुरु वैठकमा महालेखापरीक्षक आफै उपस्थित रहने व्यहोरा समेत उल्लेख गर्नु भयो ।

२०७४ असार ०७ गते, महालेखापरीक्षकज्यूबाट महालेखापरीक्षकको परामर्शमा नियूक्त भएका लेखापरीक्षकहरुसँग लेखापरीक्षणका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो ।

२०७४ असार ०८ गते, महालेखापरीक्षकज्यूबाट नेपाल चाटर्ड एकाउन्टेन्ट संस्था, नेपाल अडिटर्स एशोसिएसन र नेपाल चाटर्ड एकाउन्टेण्ट्स संघका पदाधिकारीहरुसँग सार्वजनिक लेखापरीक्षण, नेपाल वित्तीय प्रतिवेदनमान, लेखापरीक्षणमान, राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यासका विविध विषयहरुमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो ।

समिति गठन

महालेखा परीक्षकको कार्ययोजना (२०७४-२०८०) बमोजिम कार्यालयको क्षमता अभिवृद्धि, स्वतन्त्रता, कार्यवातावरण सुधार र कर्मचारीको उत्प्रेरणा अभिवृद्धि गर्न आवश्यक सुझाव तथा स्रोत साधन सिफारिस गर्न देहायबमोजिमका समितिहरु गठन गरिएको छ ।

सि.न.	समितिको नाम	गठन भएको मिति
१	संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति	२०७४।०२।१७
२	स्रोत साधन व्यवस्थापन सर्वेक्षण समिति	२०७४।०२।१७
३	कर्मचारी सुविधा अध्ययन समिति	२०७४।०२।२१
४	भवन निर्माण अनुगमन तथा निरिक्षण समिति	२०७४।०२।२१
५	लेखापरीक्षण नियमावली मस्यौदा समिति	२०७४।०३।०५
६	लेखापरीक्षण सेवा सञ्चालन नियमावली मस्यौदा समिति	२०७४।०३।०५

राष्ट्रिय तालिम,सेमिनार तथा गोष्ठीमा सहभागिता

- नेपाल चार्टड एकाउन्ट्यान्टस् संस्थाद्वारा ३० जनवरी, २०१७ मा होटल याक एण्ड यतीमा आयोजना हुने Accountability For National Building नामक सेमिनारमा कार्यालयको तर्फबाट नायब महालेखापरीक्षक श्री उद्धवचन्द्र श्रेष्ठ र गोविन्द प्रसाद बरालले सहभागिता जनाउनु भएको थियो ।
- नेपालका विभिन्न हिमालहरुको आरोहण गर्न अनुमति लिने पर्वतारोही दलकासाथ खटाइने सम्पर्क अधिकृतहरुका लागि मिति २०७३।११।३० मा लेखापरीक्षण अधिकारी श्री प्रसादु थारु र लेखापरीक्षण अधिक्षक श्री बिमल पौडेललाई मनोनयन गरियो ।
- वि.सं २०७३ चैत्र १ र २ गते मध्यमाञ्चल क्षेत्रका अस्पताल एवम् जनस्वास्थ्य कार्यालयका प्रमुख एवम् आर्थिक प्रशासन शाखा प्रमुखहरुको लागि क्षमता अभिवृद्धि कार्यशाला गोष्ठीमा Requirements and Procedures for Clearance of Audit Issues Including Irregularities विषयक कार्यपत्र प्रस्तुत गर्न यस कार्यालयका निर्देशक श्री गणेश प्रसाद पौडेल सहभागी हुनु भयो ।
- मिति २०७३।१२।१७ गते अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाबाट संघीयता कार्यान्वयनका सम्बन्धमा विभिन्न निकायबाट भए गरेका कार्यहरुको समीक्षा र आगामी दिनमा कार्यक्रमहरु कार्यान्वयन गर्न सघाउ पुऱ्याउने उद्देश्यले आयोजित कार्यशाला गोष्ठीमा नायब महालेखापरीक्षक श्याम प्रसाद अर्याल सहभागी हुनु भयो ।
- The World Bank Country Office मा June 12,2017 मा Half day Outreach Program on the 'Banks Integrity Preventive Services' कार्यक्रममा कार्यालयका निर्देशक श्री ताराप्रसाद पाण्डेले सहभागिता जनाउनु भयो ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरबाट सञ्चालन हुने ३० कार्यदिनको Advanced Course on Management and Development विषयक सेवाकालीन प्रशिक्षण कार्यक्रममा निर्देशक श्री नारायण एम.सी. र Advanced Course on Human Resource Management विषयमा निर्देशकहरु श्री इन्द्र प्रसाद आचार्य र श्री जयराम घिमिरे मनोनयन हुनु भएको छ ।

- मिति २०७४।१।३ देखि २०७४।१।२३ सम्म सूचना प्रविधि विभागबाट सञ्चालित System and Network Administration विषयक तालिममा यस कार्यालयबाट सहायक कम्प्यूटर अपरेटर श्री मनोज कुमार श्रेष्ठले सहभागिता जनाउनु भयो ।
- मिति २०७४।१।१० देखि २०७४।१।१२ सम्म सूचना प्रविधि विभागबाट सञ्चालित Android Mobile Application विषयक तालिममा यस कार्यालयबाट लेखापरीक्षण अधिकारी श्री महेश श्रेष्ठले सहभागिता जनाउनु भयो ।
- Performance Audit of Preparedness for Implementation of SDGs विषयकमा IDI मार्फत E-learning को रुपमा सञ्चालन हुने कार्यक्रममा नायब महालेखापरीक्षक श्री उद्धवचन्द्र श्रेष्ठ (सुपरभाइजर), निर्देशक श्री राम प्रसाद उपाध्याय, लेखापरीक्षण अधिकारी श्री दुर्गाप्रसाद पन्थी र लेखापरीक्षण अधिकारी श्री पिंकी कुमारी दासले सहभागिता जनाउनुभयो ।
- मिति २०७४/०२/४ र ५ तथा १२ र १३ गते गोकर्ण फरेष्ट रिसोर्ट र हिलसाईड रिसोर्ट, नगरकोटमा सञ्चालन भएको NPSAS अनुरुपको वित्तीय प्रतिवेदन तयारीको अवस्था र भावी कार्ययोजना सम्बन्धी २/२ दिने आवसीय तालिममा देहायका कर्मचारीहरु सहभागी हुनुभयो ।

सि.नं.	**पद**	**नाम, थर**
१.	नायब महालेखापरीक्षक	श्री वामदेव शर्मा अधिकारी
२.	निर्देशक	श्री अशोक कुमार कार्की
३.	निर्देशक	श्री नारायण एम.सी.
४.	निर्देशक	श्री नारायण मरासिनी
५.	निर्देशक	श्री चन्द्रकान्त भण्डारी
६.	निर्देशक	श्री प्रमोद कुमार के.सी.
७.	निर्देशक (विशेषज्ञ)	श्री कमल प्रसाद शिलवाल
८.	निर्देशक	श्री रमेश ढकाल
९.	निर्देशक	श्री ललित शाक्य
१०.	लेखापरीक्षण अधिकारी	श्री श्रीराम धिमाल
११.	लेखापरीक्षण अधिक्षक	श्री ध्रुव शर्मा

कार्यालय गतिविधि

- मिति २०७४।२।८ मा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले नेपाल सरकारका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरुका लागि Professional Course on Management and Development विषयक तालिम कार्यक्रमको पाठ्यक्रममा पुनःसंरचना गर्ने सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रममा यस कार्यालयबाट निर्देशक श्री छत्रपति निरौलाले भाग लिनु भयो ।
- २०७४/०२/०७ देखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलमा सञ्चालन भएको सार्वजनिक खरिद सम्बन्धी १५ दिने प्रशिक्षक प्रशिक्षण तालिममा निर्देशक श्री शम्भु कुमार श्रेष्ठले भाग लिनु भयो ।
- मिति २०७४।०२।११ देखि २०७४।०२।१४ सम्म सूचना प्रविधि विभागबाट सञ्चालन भएको **Installation and Configuration of Window Server 2012** विषयक ३ दिने तालिममा यस कार्यालयबाट कम्प्यूटर अपरेटर श्री सुवासचन्द्र खनालले सहभागिता जनाउनु भयो ।
- मिति २०७४।०२।१७ देखि २०७४।०२।१९ सम्म सूचना प्रविधि विभागबाट सञ्चालन भएको **Red Hat Linux** विषयक ३ दिने तालिममा यस कार्यालयबाट कम्प्यूटर अपरेटर श्री गोपाल पोर्तेलको सहभागिता रह्यो ।
- मिति २०७४।०२।२१ देखि २०७४।०२।२३ सम्म सूचना प्रविधि विभागबाट सञ्चालन भएको **Cisco Certified Network Associate** विषयक ३ दिने तालिममा यस कार्यालयबाट कम्प्यूटर अपरेटर श्री ज्ञानु गाहा मगर सहभागी हुनु भयो ।
- २०७४।२।१६ र १७ गते म.ले.प. कार्यालय,ववरमहलमा सञ्चालन भएको राजस्व लेखापरीक्षण सम्बन्धी तालिममा ३८ जना कर्मचारीहरुले सहभागिता जनाएका थिए ।
- २०७४।२।१८ र १९ गते म.ले.प. कार्यालय,ववरमहलमा सञ्चालन भएको कार्यमूलक लेखापरीक्षण सम्बन्धी तालिममा ३० जना कर्मचारीहरुले सहभागिता जनाएका थिए ।
- २०७४।२।२१ र २२ गते म.ले.प. कार्यालय,ववरमहलमा सञ्चालन भएको Recurrent Expenditure सम्बन्धी तालिममा २७ जना कर्मचारीहरुले सहभागिता जनाएका थिए ।
- २०७४।२।२४ र २५ गते म.ले.प. कार्यालय,ववरमहलमा सञ्चालन भएको Training on Nepal Public Sector Accounting Standard (NPSAS) सम्बन्धी तालिममा ३५ जना कर्मचारीहरुले सहभागिता जनाएका थिए ।
- सन् २०१७-२०१९ सम्म IDI बाट सञ्चालन हुने Capacity Development Programme (e-Learning) को पहिलो Component-SAI Leading by Examples in Implementing ISSAI-30 Code of Ethics को लागि यस कार्यालयको निर्देशक श्री नारायण एम.सी, निर्देशक श्री घनश्याम काफ्ले र ले.प.अधिकारी श्री सिर्जना रिमाल र दोश्रो Component-Performance Audit of Insitutional Framework for Fighting Corruption को लागि निर्देशक श्री इन्द्र प्रसाद आचार्य, ले.प.अधिकारी श्री जितेन्द्र श्रेष्ठ र श्री रामचन्द्र ओझालाई मनोनयन गरिएको छ ।

- March 7,2017 मा Disbursement Training for Program for results Projects विषयक कार्यक्रममा लेखापरीक्षण अधिकारी श्री सुदन कुमार पोखरेल र अजय कुमार गुप्ताले सहभागिता जनाउनु भयो ।
- March 29,2017 मा The World Bank Country Office ले आयोजना गर्ने FM/Project Procurement Clinic कार्यक्रममा लेखापरीक्षण अधिकारी श्री श्यामप्रसाद भण्डारीले सहभागिता जनाउनु भयो ।
- सन् २०१७ July 12 देखि 14 सम्म थाइल्याण्डको बैठकमा Regional Workshop on Corruption Risk Management in Procurement : Experiences and Way Forward मा भाग लिन यस कार्यालयको नायव महालेखापरिक्षक. श्री गोविन्द प्रसाद वराल मनोनयन हुनु भएको छ ।
- मिति २९।०२।२०७४ मा यस कार्यालयमा बसेको बैठकमा ACCA को तर्फबाट Deputy President Leo Lee लगायतका टोलीले ACCA को व्यावसायिकता विषयमा यस कार्यालयमा कर्मचारीको क्षमता अभिवृद्धि र यस कार्यालयसँगको सहकार्यको बारेमा छलफल र सुझाव दिनुभयो ।
- मिति २९।०२।२०७४ मा यस कार्यालयमा बसेको बैठकमा Results for Development, US Embassy को तर्फबाट Mr. Nathaniel Heller, Executive Vice President, Integrated Strategies ले अनुसन्धान तथा विकास, जवाफदेहिता र पार्दर्शिता प्रति यस कार्यालयको प्रयासको बारेमा छलफल र सुझाव दिनुभयो ।
- The World Bank Country Office मा June 14, 2017 मा हुने One day training on 'Joint FM/Procurement Clinic मा नायब महालेखापरीक्षक श्री त्रिलोचन आचार्यलाई मनोनयन गरीएको छ ।
- मिति २०७४ जेष्ठ २८ देखि ३० सम्म र जेष्ठ ३१ देखि असार २ गतेसम्म कृषि विभाग, हरिहरभवनको ओडिटोरियम हलमा सञ्चालित CPE तालिममा पहिलो र दोस्रो समूह दुबै गरी जम्मा ३७० जना कर्मचारीहरुको सहभागिता भयो ।
- मिति २०७४।३।१३ देखि १५ गते सम्म अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा अनतर्गतको Effectice Development Financing and Coordination Project मार्फत सञ्चालन हुने Negotiation Skills Training तालिममा सहभागी हुन निर्देशक श्री सत्यनारायण थापालाई मनोनयन गरीयो ।
- सन् २०१७ अगस्त १० र ११ मा USAID RIG / Manila द्वारा काठमाण्डौंमा सञ्चालन हुने USAID'S Financial audit Program मा सहभागी हुनका लागि यस कार्यालयको निर्देशकद्वय श्री सुरेश शर्मा र श्री रामकृष्ण अधिकारी, लेखापरिक्षण अधिकारीहरु श्री दिपेन्द्र ढकाल र प्रमोद कुमार मण्डल मनोनयन हुनु भएको छ ।

वैदेशिक तालिम,सेमिनार तथा गोष्ठी, अवलोकन भ्रमणमा सहभागिता

- IDI-ASOSAI द्वारा 27 February देखि 5 May,2017 सम्म सञ्चालन भएको Certification Programme for e-Learning Specialists को अनलाईन Course गर्ने कार्यका लागि यस कार्यलयको ले.प.अधिकारीहरु श्री प्रकाश खत्री, श्री सन्तोष सापकोटा र श्री कल्पना घिमिरेले सहभागिता जनाउनु भयो ।
- UNAMID मिशन डार्फर सुडानमा तैनाथ श्री फोर्श तथा सेक्टर रिजर्भ (शा.से.) ११ औँ डफ्फाको अपरेशनल, बन्दोबस्ती लगायत विविध पक्षहरुको निरीक्षण गर्न रथीवृन्दको नेतृत्वमा मिति २०७४ जेष्ठमा हुने निरीक्षण टोलीमा निर्देशक श्री प्रेम कुमार अधिकारी सहभागी हुनु भयो ।
- बी.पी. कोइराला नेपाल भारत प्रतिष्ठानको कोष तथा दूताबासको विनियोजन र राजस्व तर्फको आ.व. २०७२।७३ को श्रेस्ता लेखापरीक्षण गर्न कार्यालयका लेखापरीक्षण अधिकारी श्री लेखबहादुर थापालाई मनोनयन गरियो ।
- INTOSAI Knowledge Sharing Committee अन्तर्गत SAI Guatemala र Philippines ले नेतृत्व गर्ने Citizen Participation in Public Audit मा Research Paper तयार गर्न एवं उक्त कमिटीसँग समन्वय गरी आवश्यक काम गर्न कार्यालयको तर्फबाट नायब महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीलाई र नायब महालेखापरीक्षक श्री उद्धवचन्द्र श्रेष्ठलाई SAI Indonesia ले नेतृत्व गर्ने Auditing Emerging Prepareness मिति २०७३।११।२३ मा Person in Charge (PIC) को रुपमा तोकियो।
- पञ्चेश्वर विकास प्राधिकरणको सन् २०१५ र १६ को Comptroller and Auditor General of India को टोलीसँग संलग्न भई लेखापरीक्षण गर्न कार्यालयको निर्देशक श्री पदमराज पौडेललाई मिति २०७३।१२।०२ को निर्णयानुसार मनोनयन गरिएको छ ।
- हंगेरीको सर्वोच्च लेखापरीक्षण संस्थाले फ्रेबरी २७ देखि मार्च ३ सम्म आयोजित *Fourth Integrity Seminar* मा नायव महालेखापरीक्षक श्री विश्वनाथ रेग्मीले सहभागिता जनाउनु भयो ।
- सन् २०१७ May ३१ देखि June २ सम्म अष्ट्रियाको भियानामा सञ्चालित 24th UN/INTOSAI Symposium कार्यक्रममा यस कार्यलयको कार्यवाहक महालेखापरीक्षक श्री सुकदेव खत्री र उप महालेखापरीक्षक श्री मोहदत्त तिमिल्सिनाले सहभागिता जनाउनु भयो ।
- Australia Awards Scholarship 2018 अन्तर्गत Australia मा अध्ययनको लागि महालेखापरीक्षकको कार्यालयको देहायका कर्मचारीहरुलाई मनोनयन गरिएको छ ।

क्र.सं.	नाम	पद	अध्ययन गर्न चाहेको विषय
१.	श्री विष्णु प्रसाद पौड्याल	लेखापरीक्षण अधिकारी	Governance
२.	श्री निरप्रसाद सुवेदी	लेखापरीक्षण अधिकारी	Governance
३.	श्री रामचन्द्र ओझा	लेखापरीक्षण अधिकारी	Governance
४.	श्री जितेन्द्र श्रेष्ठ	लेखापरीक्षण अधिकारी	Livelihoods and Economic Development
५.	श्री कृपा मरहट्ठा	लेखापरीक्षण अधिक्षक	Governance
६.	श्री शिला देवी श्रेष्ठ	लेखापरीक्षण अधिक्षक	Livelihoods and Economic Development
७.	श्री अच्युत पन्त	लेखापरीक्षण अधिक्षक	Livelihoods and Economic Development

- २२ औं INCOSAI बाट पारित भएको SAI Performance Measurement Framework र त्यसको कार्यान्वयन रणनीति बमोजिम पाठयक्रम वनाउन April १९-२१, २०१७ मा नर्वेको Oslo मा भएको Meeting मा यस कार्यालयको उपमहालेखापरीक्षक श्री बाबुराम गौतम र नायब महालेखापरीक्षक श्री रामु प्रसाद डोटेलले सहभागिता जनाउनु भएको थियो ।
- March 30 र March 31 मा Oslo, Norway मा INTOSAI IDI बाट आयोजित Lessons Learned and Exit Workshop for Transregional Program on Audit of Lending and Borrowing Frameworks मा कार्यालयका तर्फबाट नायब महालेखापरीक्षक श्री उद्धवचन्द्र श्रेष्ठ र निर्देशक श्री सत्यनारायण थापाले सहभागिता जनाउनुभयो ।
- सन २०१७ मे २३ र २४ मा Royal Norwegian Embassy काठमाण्डौद्वारा ललितपुरको कुपण्डोलमा आयोजित Measuring Progress towards SDG 16: Data needs and resources in Nepal विषयमा यस कार्यालयको निर्देशक श्री सत्यनारायण थापाले सहभागिता जनाउनु भयो ।
- सन् २०१७ जुलाई दोश्रो हप्ता थाइल्याण्डमा सञ्चालन हुने कृषि पोषण अन्तर सम्बन्धी अभिमुखीकरणका लागि एसियाली उच्च स्तरीय भ्रमणकार्यक्रममा सहभागी हुनका लागि लेखापरीक्षण अधिकारी श्री सुन्दर नारायण चौधरी मनोनयन हुनु भएको छ ।
- आगामी १४-२० जुलाई २०१७ सम्म श्रीलंकामा सञ्चालन हुने Climate Change and Improved Agriculture Practices,GIS/RS Based Drought and Weather Forecasting Applications विषयक कार्यक्रममा यस कार्यालयबाट लेखापरीक्षण अधिकारी श्री राजेश कुमार पोखरेललाई मनोनयन गरियो।

अध्ययन मनोनयन

- सन २०१७ अगस्त २० देखि सन २०१९ फेब्रुरी २८ सम्म KOICA/KOREA बाट सञ्चालन हुने २०१७-KOICA-KAIST Master's Degree Program in Finance विषयमा वैदेशिक अध्ययन छात्रवृतिको लागि यस कार्यालयका निर्देशक श्री थवराज अधिकारी (मुख्य उमेदवार) र लेखापरीक्षण अधिकारी श्री मोहन प्रसाद खनाल (वैकल्पिक उमेदवार) मनोनयन गरिएको छ ।
- सन् 2017 June 18 देखि July 08 सम्म JICA/Japan बाट सञ्चालन हुने Government Audit on Public Construction Work विषयक तालिम/अध्ययन कार्यक्रममा सहभागी हुनको लागि कार्यालयको ले.प. अधिकारीहरु श्री चन्द्रप्रकाश रेग्मी (मुख्य) र श्री प्रकाश कुमार खत्री (वैकल्पिक) लाई मनोनयन गरिएको छ ।
- चीन सरकारको छात्रवृत्ति अन्तर्गत Nanjing Audit University मा दुई वर्षे Chinese Government Scholarship in Auditing Master Program विषयमा अध्ययन गर्न मुख्य उम्मेदवारमा लेखापरीक्षण अधिकारी विष्णुराज रिजाल र बैकल्पिक उम्मेदवारमा श्री जनार्दन घिमिरेलाई मनोनयन गरिएको छ ।

सेवाप्रवेश तालिम

- राजस्व प्रशासन तालिम केन्द्रद्वारा मिति २०७३।११।०८ देखि २०७४।०२।०७ सम्म सञ्चालन भएको ३ महिने सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी अधिकृत स्तरीय सेवा प्रवेश तालिममा देहायका कर्मचारीहरु सहभागी हुनु भयो ।

सि.नं.	पद	कर्मचारीको नाम, थर
१.	लेखापरीक्षण अधिकारी	श्री दिपक आचार्य
२.	लेखापरीक्षण अधिकारी	श्री केवल कुमार वडाल
३.	लेखापरीक्षण अधिकारी	श्री शंकर बाबु आचार्य
४.	लेखापरीक्षण अधिकारी	श्री सुनिता आचार्य (रेग्मी)
५.	लेखापरीक्षण अधिकारी	श्री भावना पौडेल
६.	लेखापरीक्षण अधिकारी	श्री राजेश श्रेष्ठ
७.	लेखापरीक्षण अधिकारी	श्री शैलेन्द्र कार्की
८.	लेखापरीक्षण अधिकारी	श्री निलम साह
९.	लेखापरीक्षण अधिकारी	श्री रोशन दास
१०.	लेखापरीक्षण अधिकारी	श्री श्रुती कुमारी झा

- कर्मचारी प्रशिक्षण प्रतिष्ठानद्वारा मिति २०७३।१२।२० देखि रा.प.अनं प्रथम श्रेणी (लेखापरीक्षण अधिक्षक पद) र रा.प.अनं द्वितीय श्रेणी (लेखापरीक्षण निरीक्षक पद) का कर्मचारीहरुका लागि सञ्चालित सेवा प्रवेश तालिममा देहायका कर्मचारीहरु सहभागी हुनु भयो ।

सि.न	पद	कर्मचारीको नाम, थर
१	लेखापरीक्षण अधिक्षक	श्री प्रकाश भट्टराई
२	लेखापरीक्षण अधिक्षक	श्री रमेश अधिकारी
३	लेखापरीक्षण अधिक्षक	श्री संगीता शर्मा
४	लेखापरीक्षण अधिक्षक	श्री हेमन्त वि.क.
५	लेखापरीक्षण अधिक्षक	श्री सत्यराज जोशी
६	लेखापरीक्षण अधिक्षक	श्री शीला खनाल
७	लेखापरीक्षण अधिक्षक	श्री विष्णु बहादुर राई
८	लेखापरीक्षण अधिक्षक	श्री करण कुमार ठाकुर
९	लेखापरीक्षण अधिक्षक	श्री अबिन नौबाघ
१०	लेखापरीक्षण निरीक्षक	श्री शोभाकान्त पंगेनी
११	लेखापरीक्षण निरीक्षक	श्री डिल बहादुर तामाङ्ग
१२	लेखापरीक्षण निरीक्षक	श्री एलिसा थापा
१३	लेखापरीक्षण निरीक्षक	श्री घनश्याम अधिकारी

सेवाकालीन तालिम

- नेपाल सरकारका **रा.प. द्वितीय श्रेणीका अधिकृत** कर्मचारीका लागि मिति २०७४।२।९ देखि २०७४।३।२० सम्म हुने "Advanced Course on Governance and State Management" विषयक ३० दिने सेवाकालीन प्रशिक्षण कार्यक्रममा यस कार्यालयका देहायका पदाधिकारी मनोनयन गरियो ।

क्र.सं.	नाम	पद
१	श्री पदम प्रसाद आचार्य	निर्देशक
२	श्री जगन्नाथ न्यौपाने	निर्देशक

- कर्मचारी प्रशिक्षण प्रतिष्ठानबाट नेपाल सरकारका रा.प.अनं. प्रथम श्रेणीका कर्मचारीहरुको लागि मिति २०७४/२/२१ गते देखिसञ्चालन हुने *"sfof{no Joj:yfkg"* विषयक ३० कार्य दिने सेवाकालिन प्रशिक्षण कार्यक्रममा सहभागी हुन यस कार्यालयका देहायका कर्मचारीहरुलाई मनोनयन गरी पठाइएको छ ।

क्र.सं.	नाम	पद
१	श्री डुन्नु राज भुसाल	लेखापरीक्षण अधीक्षक
२	श्री कोपिला पौडेल	लेखापरीक्षण अधीक्षक
३	श्री भिमलाल महर्जन	लेखापरीक्षण अधीक्षक
४	श्री जयप्रसाद गौतम	लेखापरीक्षण अधीक्षक
५	श्री अर्जुन गिरी	लेखापरीक्षण अधीक्षक

नयां नियुक्ति

लोकसेवा आयोगको सिफारिस अनुसार देहायबमोजिमका व्यक्तितहरु निम्न मिति देखि नियुक्ति हुनु भएको छ ।

क्र.स.	नाम	पद श्रेणी	नियुक्ति मिति
१	श्री घनश्याम अधिकारी	लेखापरीक्षण निरीक्षक	२०७३/११/०४
२	श्री शोभाकान्त पंगेनी	लेखापरीक्षण निरीक्षक	२०७३/११/२४
३	श्री हरिशरण न्यौपाने	लेखापरीक्षण निरीक्षक	२०७३/११/२४
४	श्री एलिसा थापा	लेखापरीक्षण निरीक्षक	२०७३/११/२४
५	श्री डिलबहादुर तामाङ	लेखापरीक्षण निरीक्षक	२०७३/११/२४
६	श्री उमेशकुमार यादव	जुनियर इलेक्ट्रिसियन	२०७३/१२/२२
७	श्री पारस ठाकुर	जुनियर मेकानिक्स	२०७३/१२/२२
८	श्री रमेश श्रेष्ठ	जुनियर मेकानिक्स	२०७३/१२/२२

बढुवा

लोकसेवा आयोगको सिफारिस अनुसार आन्तरिक प्रतियोगिता तथा बढुवा प्रकृयाबाट देहायबमोजिमका व्यक्तिहरु निम्न मिति देखि बढुवा हुनु भएको छ ।

क्र.स.	नाम	पद श्रेणी	बढुवा मिति
१	श्री त्रिलोचन आचार्य	नायब महालेखापरीक्षक	२०७३/११/०३
२	श्री श्याम प्रसाद अर्याल	नायब महालेखापरीक्षक	२०७३/११/१८
३	श्री पदमराज पौडेल	नायब महालेखापरीक्षक	२०७४/०३/०१
४	श्री डिल्ली प्रसाद पहाडी	निर्देशक	२०७३/१२/०७
५	श्री श्रीराम तिमिल्सिना	निर्देशक	२०७३/१२/०७
६	श्री कृष्ण प्रसाद ज्ञवाली	निर्देशक	२०७३/१२/२१
७	श्री मदनकृष्ण श्रेष्ठ	निर्देशक	२०७३/१२/२१

अवकाश

निम्नानुसारका पदमा कार्यरत पदाधिकारीहरु निजामती सेवाबाट अवकाश हुनु भएको छ ।

क्र.स.	नाम	पद श्रेणी	बढुवा मिति	कैफियत
१	श्री गोपीचन्द्र शाही	नायब महालेखापरीक्षक	२०७३/१०/१५	अनिवार्य अवकाश
२	श्री लोक बहादुर घर्ती	कार्यालय सहयोगी	२०७३/१०/१५	अनिवार्य अवकाश
३	श्री रामेश्वर देवकोटा	कार्यालय सहयोगी	२०७३/११/१०	अनिवार्य अवकाश
४	श्री ऋषि बहादुर कार्की	निर्देशक	२०७३/११/१६	अनिवार्य अवकाश
५	श्री अध्याकुमारी श्रेष्ठ	शाखा अधिकृत	२०७३/१२/१२	अनिवार्य अवकाश
६	श्री ध्रुव नारायण खरेल	लेखापरीक्षण अधिकारी	२०७३/११/१९	अनिवार्य अवकाश
७	श्री केशव प्रसाद घिमिरे	निर्देशक	२०७४/०१/०५	राजिनामा
८	श्री गणेश प्रसाद पौडेल	निर्देशक	२०७४/०१/१०	अनिवार्य अवकाश
९	श्री ध्रुव प्रसाद सापकोटा	कार्यालय सहयोगी	२०७४/०२/०८	अनिवार्य अवकाश
१०	श्री प्रकाश झा	लेखापरीक्षण अधिकारी	२०७४/०२/१८	अनिवार्य अवकाश

रमाना भई जाने कर्मचारीहरु

क्र.स.	नाम	पद श्रेणी	बढुवा मिति
१	श्री शोभादेवी कार्की	काउन्टर सहायक	२०७३/११/०१
२	श्री शिव कुमार बस्नेत	सहायक कम्प्युटर अपरेटर	२०७३/११/०९
३	श्री परशुराम नेपाल	कार्यालय सहयोगी	२०७३/११/१३
४	श्री सिर्जना श्रेष्ठ	लेखापरीक्षण निरीक्षक	२०७३/१२/१७
५	श्री सरोज उपाध्याय	सहायक कम्प्युटर अपरेटर	२०७४/०२/१७
६	श्री विनोद शर्मा	सहायक कम्प्युटर अपरेटर	२०७४/०२/१७
७	श्री मनोज कुमार श्रेष्ठ	सहायक कम्प्युटर अपरेटर	२०७४/०२/१८

महालेखापरीक्षकको कार्ययोजना अंश

महालेखा परीक्षकको कार्ययोजना (२०७४ - २०८०)

१. संगठनात्मक व्यवस्था र कार्य प्रणाली सुधार

१.१ संगठन संरचना

(क) नेपालको संविधान र प्रचलित कानुनबमोजिम संघ, प्रदेश र स्थानीय तहको स्थलगत लेखापरीक्षण गर्न कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन लागू गर्ने ।

(ख) महालेखा परीक्षकको कार्यालयअन्तर्गत केन्द्रमा संगठन पुनर्संरचना गर्ने तथा प्रदेश तहसम्म कार्यालय स्थापना गरी स्थलगतरुपमा लेखापरीक्षणको व्यवस्था गर्ने ।

(ग) आन्तरिक नियन्त्रण, संसदीय सम्पर्क, जनसम्पर्क, अनुसन्धान तथा विकास र सूचना तथा सञ्चार जस्ता छुट्टै इकाई गठन गरी कार्यान्वयनमा ल्याइने ।

(घ) महालेखा परीक्षकको कार्यालयअन्तर्गत सुविधा सम्पन्न लेखापरीक्षण तालिम केन्द्र तथा Audit Excellence Center को स्थापना व्यवस्था गरिने ।

(ङ) लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन तथा बेरुजू फछ्यौंटको लागि सशक्त अनुगमन तथा बेरुजू फछ्यौंट इकाई (Audit Follow up and Irregularities Clearance unit) स्थापना गरी कार्यान्वयनमा ल्याइने ।

(च) लेखापरीक्षणको गुणस्तर नियन्त्रण तथा विश्वसनीयता सुनिश्चितताका लागि दक्ष जनशक्ति सहितको लेखापरीक्षण गुणस्तर आश्वस्तता इकाई (Audit Quality Assurance Unit) लाई सुदृढ गरी कार्यान्वयनमा ल्याइने । केन्द्रीय समन्वय इकाईलाई प्रभावकारी बनाइनेछ ।

(छ) आर्थिक कारोबारको प्रकार, क्षेत्र, तरिका र जोखिमको स्तरअनुसार लेखापरीक्षण गर्ने विशेष इकाईहरु (Special Sector Audit Units) स्थापना गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याइने ।

१.२ भौतिक पूर्वाधार

(क) भौतिक पूर्वाधार आवश्यकता निर्धारण समिति गठन गर्ने र उक्त समितिले पेस गरेको प्रतिवेदनका आधारमा क्रमशः पूर्वाधार व्यवस्था गरिने ।

(ख) केन्द्रमा कार्यालय भवन निर्माण कार्य तत्काल शुरु गरी समयमै सम्पन्न गरिने । नेपाल सरकारसँग समन्वय गरी महालेखा परीक्षकको लागि सरकारी आवासको व्यवस्था गरिने ।

(ग) संघ तथा प्रदेश तहमा कार्यालय भवनमा अपाङ्गमैत्री सुविधासहितको आधुनिक भौतिक सुविधा व्यवस्था गरिने ।

(घ) केन्द्र र अन्तर्गत कार्यालयहरुमा पर्याप्त सवारीसाधन, फर्निचर, कार्यालय सामग्री तथा मेसिनरी, उपकरणको व्यवस्था गरिने । लेखापरीक्षण कार्यमा आवश्यक पर्ने अनुसन्धान सामग्री व्यवस्था गरिने ।

(ङ) सूचना प्रविधि रणनीति कार्यान्वयन गर्न सूचना प्रविधिमैत्री पूर्वाधारको विकास गरिने ।

(च) लेखापरीक्षण गरिने केन्द्रीय निकायमा लेखापरीक्षण कक्ष र जिल्ला तहमा लेखापरीक्षण डोर कार्यालयको व्यवस्था गरिने ।

१.३ जनशक्ति व्यवस्थापन तथा क्षमता विकास

(क) नयाँ संगठन संरचनाअनुसार विभिन्न विषय विज्ञ कर्मचारीको परिचालन व्यवस्था तथा वृत्ति विकासका लागि दीर्घकालीन जनशक्ति योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने ।

(ख) महालेखा परीक्षकको कार्यालयका कर्मचारीको लेखापरीक्षण सेवा सञ्चालन नियमावली तर्जुमा गरी सेवा, शर्त, सुविधा र वृत्ति विकासका व्यवस्था गरिने ।

(ग) लेखापरीक्षणको लागि आवश्यकताअनुसार विषय विज्ञहरुको परामर्श सेवा लिने व्यवस्था गरिने ।

(घ) पेसाविद (Professional) कर्मचारीहरुको सेवा निरन्तरताका लागि वृत्ति विकास तथा विशेष सुविधाको व्यवस्था गरिने ।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सँगसँगै तालिम **(Twinning Training)** को व्यवस्था गरिने ।

(च) कर्मचारीलाई अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरको तालिम तथा प्रशिक्षणको माध्यमबाट क्षमता अभिवृद्धि गरिने ।

(छ) लेखापरीक्षणको लागि आवश्यक पर्ने बहुआयामिक ज्ञान प्राप्ति हुने विशेष पाठ्यक्रम तर्जुमा गरी प्रशिक्षणको व्यवस्था मिलाई सबै कर्मचारीलाई सूचना प्रविधिमैत्री सीपयुक्त बनाउने ।

(ज) दीर्घकालसम्म पेसाविद्ध कर्मचारीको सेवाको सुनिश्चितता गर्न कर्मचारीलाई लामो अवधिको (Long- term Course) अध्ययनको व्यवस्था गर्ने ।

(झ) लेखापरीक्षणलाई सहयोग गर्ने IDEA तथा अन्य सफ्टवेयरहरुको खरिद एवं नवीकरण गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने ।

१.४ कर्मचारी सुविधा र सम्बन्ध

(क) कर्मचारीहरुको मनोबल उच्च राखी लेखापरीक्षकको आचरण र व्यवहारमा आँच आउन नदिनको लागि अध्ययन गरी कार्यसम्पादनमा आधारित विशेष प्रोत्साहन प्रणालीको कानुनी व्यवस्था गरिनेछ ।

(ख) कर्मचारीको कार्यविवरणअनुसार कार्यसम्पादन सम्झौता गरी नतिजाको आधारमा मूल्याङ्कन गरिने । कर्मचारीको सुविधा व्यवस्थाको सम्बन्धमा समय समयमा अध्ययन गरी नेपाल सरकारको समन्वयमा उचित व्यवस्था गरिने ।

(ग) कर्मचारीहरुलाई अपर्झट आईपर्ने व्यक्तिगत तथा पारिवारिक आर्थिक समस्या समाधानका लागि नेपाल सरकारसँग समन्वय गरी कर्मचारी कल्याणकारी कोष सञ्चालनमा ल्याइने ।

(घ) कर्मचारीका परिवार तथा सन्ततिका लागि नेपाल सरकारको नीति तथा योजनाको अधीनमा रही अधिकाधिक सुविधा उपलब्ध गराउन पहल गर्ने ।

(ङ) कर्मचारीहरुबीच आपसी सहयोग र सद्भावको भावना सिर्जना गर्न आन्तरिक सामाजिकीकरण (Socialisation) का कार्यक्रम सञ्चालन गरिने ।

(च) कर्मचारीका हितका जायज गुनासो सुनुवाई र समस्या सम्बोधनको व्यवस्था गर्ने ।

(छ) आधिकारिक ट्रेड युनियनहरुमार्फत उठाइने कर्मचारीका हित र वृत्ति विकाससँग सम्बन्धित मागहरु उचित ढङ्गले सम्बोधन गरिने ।

(ज) व्यवस्थापन र ट्रेड युनियनबीचको सम्बन्ध सुमधुर राखी स्वस्थ कार्यवातावरण र परिस्कृत कार्य संस्कृतिको विकास गर्ने ।

(झ) कर्मचारीहरुमा कार्यालय समयपालना, नियमितता तथा तोकिएको पोशाक र परिचयपत्र प्रयोग जस्ता आधारभूत विषयहरुमा ध्यान दिइने ।

(ञ) कर्मचारीमा रहेको नवीन सोच, सिर्जनशीलता तथा नयाँ अवधारणा जस्ता व्यक्तिगत क्षमता उपयोगमा ल्याउन अभिप्रेरित गरिने ।

(ट) कर्मचारीहरुको अनुशासन, पदीय आचरण र लेखापरीक्षकको आचारसंहिता पालनामा कमी आउन नदिन उपयुक्त अनुगमन संयन्त्र बनाइने ।

१.५ कार्य प्रणालीमा सुधार

(क) लेखापरीक्षण गर्ने संस्थाको पेसागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वासनीयता, पेसागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकास गर्ने ।

(ख) आन्तरिक कार्य सञ्चालनको लागि स्वचालित कार्यालय प्रणाली (Office Automation System) लागू गरिने तथा गतिविधि जानकारीको लागि सिसिटिभी जस्ता उपकरणको व्यवस्था गरिने ।

(ग) कार्यालयको आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाइने ।

(घ) निश्चित मापदण्डका आधारमा तहगत अधिकार प्रत्यायोजन गरी जिम्मेवारी तथा जवाफदेहिता तोकिने । विषयसँग सम्बन्धित पदाधिकारीहरुलाई निर्णय प्रक्रियामा सहभागी गराइने ।

(ङ) समयमै वार्षिक योजना तयार गरी सार्वजनिक निकायहरुलाई जानकारी गराउने ।

(च) हालसम्म लेखापरीक्षण हुन बाँकी इकाई यकिन गरी ३ महिनाभित्र लेखापरीक्षण सम्पन्न गर्न बव्यौता रहेका निकायहरुसँग समन्वय गरिने ।

(छ) दातृ निकायको सहयोगमा सञ्चालन हुने परियोजनाहरुको लेखापरीक्षण समयमै सम्पन्न गर्न आवश्यक व्यवस्था गरिने ।

(ज) लेखापरीक्षण गरिने निकायलाई लेखापरीक्षण हुने समय, लेखापरीक्षणमा आवश्यक पर्ने सूचना सङ्कलनसम्बन्धी मुख्य मुख्य विवरणहरु र लेखापरीक्षणमा संलग्न कर्मचारीहरुबारे अग्रिम जानकारी दिइने ।

(झ) सार्वजनिक निकायहरुबाट अनुरोध भई आएका विषयहरु वा सम्परीक्षणको लागि अनुरोध भएको तर सम्परीक्षण हुन नसकेकोमा पर्याप्त कारणहरु उल्लेख गरी समयमै जानकारी पठाउने ।

(ञ) जिल्ला तहमा लेखापरीक्षण डोर खटाउँदा सूचना जारी गरी सार्वजनिक रुपमा जानकारी गराउने । लेखापरीक्षण डोरहरुको अनुगमन र प्रतिवेदन लिई समीक्षाको व्यवस्था गरिने ।

(ट) लेखापरीक्षण गर्दा देखिएका व्यहोराका बारेमा जिम्मेवार पदाधिकारीहरुसँग छलफल अन्तरक्रिया गरी औचित्य प्रमाणित गर्ने प्रमाण र पुष्ट्याई पेस गर्ने मौका दिइने ।

(ठ) लेखापरीक्षण गर्दा देखिएका संवेदनशील विषयहरु र हिनामिना तथा हानि-नोक्सानी भएका विषयहरु तत्कालै प्रतिवेदन लिई अनुगमन गरिने ।

(ड) लेखापरीक्षणबाट देखिएका कैफियतहरु तत्कालै फछ्यौंट गर्ने व्यवस्था मिलाइने । जटिल प्रकृतिका र तत्काल फछ्यौंट हुन नसक्ने विषयहरुमात्र प्रतिवेदनमा समावेश गर्ने नीति अवलम्बन गरिने ।

(ढ) लेखापरीक्षण गरी प्राप्त कैफियतहरु र संवेदनशील विषयहरु जिम्मेवार पदाधिकारीहरुबाट तत्कालै सुधार वा फछ्यौंट गर्न गराउन पहल गरिने । जिम्मेवार पदाधिकारीले त्यस्ता कैफियत स्पष्ट गर्न वा फछ्यौंट गराउन उदासीनता देखाएमा तत्कालै उच्च व्यवस्थापनलाई जानकारी गराइने व्यवस्था मिलाइने ।

(ण) सार्वजनिक निकायहरुबाट प्राप्त भएका विषयहरु (बेरुजू सम्परीक्षणलगायत) तत्काल सम्बोधन गरी फरफारक गर्ने व्यवस्था मिलाउने ।

(त) सेवाग्राही सर्वेक्षणको माध्यमबाट कार्यालयको कार्यप्रक्रिया सुधार गरिने ।

(थ) आन्तरिक कार्य सञ्चालन कार्यविधि तर्जुमा गरी वैज्ञानिक तरिकाले कार्य फछ्यौंट गर्ने पद्धति कार्यान्वयनमा ल्याउने ।

२. लेखा, लेखापरीक्षणसम्बन्धी नीतिगत तथा कानुनी सुधार

(क) नेपालको संविधान अनुकूल हुने गरी लेखा तथा लेखापरीक्षण सम्बन्धी ऐन, नियम तथा कार्यविधि र नीतिगत व्यवस्थामा परिमार्जन गरी कार्यान्वयनमा ल्याउने ।

(ख) अन्तर्राष्ट्रिय लेखापरीक्षण संस्थाहरुद्वारा जारी गरिएका मापदण्ड तथा असल अभ्यासहरु प्रयोगमा ल्याउने ।

(ग) विद्यमान सन्दर्भमा समयसापेक्ष लेखापरीक्षण ऐन तर्जुमा गरिने ।

(घ) लेखापरीक्षणलाई थप व्यवस्थित बनाउन लेखापरीक्षण नियमावली तर्जुमा गरी लागू गरिने ।

(ङ) महालेखा परीक्षकको कार्यालयका कर्मचारी व्यवस्थापन र सञ्चालन गर्न लेखापरीक्षण सेवा सञ्चालन नियमावली तर्जुमा गरी लागू गरिने ।

(च) सार्वजनिक निकायका पदाधिकारीको जवाफदेहिता यकिन गर्न वित्तीय जवाफदेहिता कानुन जारी गर्न पहल गर्ने ।

(छ) लिमा तथा मेक्सिको घोषणापत्र अनुरुपको वित्तीय र प्रशासकीय स्वायतता हासिल गर्न कानुनी सुधार गर्ने ।

(ज) सार्वजनिक क्षेत्र लेखामानको सन्दर्भमा नियन्त्रक तथा नियन्त्रित निकाय तोकी जिम्मेवारी र जवाफदेहिताको सुनिश्चितता गर्न आर्थिक कार्यविधि ऐनमा परिर्माजंन गर्न सुझाव दिने ।

(झ) विद्यमान लेखा ढाँचाको उपयुक्तताबारे अध्ययन गरी परिमार्जन गर्न सुझाव दिने ।

(ञ) सार्वजनिक निकायहरुले प्रयोगमा ल्याउने सूचना प्रणाली तथा अन्य सफ्टवेयरहरुको वैधानिकताको लागि महालेखा परीक्षकको स्वीकृति गराउने व्यवस्था गरिने ।

(ट) अर्थतन्त्रका विविध क्षेत्रको कारोबारको सन्दर्भमा लेखापरीक्षकले हेर्नुपर्ने विषयबारे सम्बन्धित नियमनकारी निकायहरुमार्फत आवश्यक नीतिगत र कानुनी व्यवस्था गर्ने ।

३. लेखापरीक्षण प्रक्रियामा सुधार

(क) नेपालको संविधान र प्रचलित कानुनबमोजिम पारदर्शिता र जवाफदेहिता सुनिश्चित हुने वित्तीय (**Financial**), कार्यमूलक (**Performance**), परिपालना (**Compliance**) तथा विषय विशेष (**Specialised**) लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षण मानदण्ड, निर्देशिकाहरु अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक गरी कार्यान्वयन गरिने ।

(ख) संघ, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण तथा प्रतिवेदन पद्धति सम्बन्धमा लेखापरीक्षण निर्देशिका र मार्गदर्शन तयार गरी लागू गरिने ।

(ग) नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुसार सबै नियन्त्रक निकायहरुको वित्तीय विवरणमा राय प्रदान गरिने ।

(घ) लेखापरीक्षण सम्पन्न हुने बित्तिकै निकायगत लेखापरीक्षण प्रतिवेदन जारी गर्ने तथा संवैधानिक एवं कानुनी व्यवस्थाबमोजिम वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था गरिने ।

(ङ) संगठित संस्थाहरुको लेखापरीक्षण गर्ने, बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा उनीहरुको कार्यको अनुगमन गर्नेबारे **Standard Operating Procedures (SOP)** तयार गरी कार्यान्वयन गर्ने ।

(च) पूर्णस्वामित्वका संगठित संस्थाहरुको लेखापरीक्षण गर्न आवश्यक क्षमता अभिवृद्धि गरी कार्यालयका कर्मचारीबाट समेत गर्ने व्यवस्था मिलाउने । त्यस्ता संस्थाहरुको सञ्चालन दक्षता **(Operating efficiency)** उत्पादन र सेवाप्रवाहको प्रभाव मूल्याङ्कन गरिने ।

(छ) वित्तीय **(Financial),** कार्यमूलक (Performance), परिपालना (Compliance) को लेखापरीक्षण प्रतिवेदन छुट्टाछुट्टै जारी गर्ने व्यवस्था मिलाउने ।

(ज) लेखापरीक्षकको आचारसंहितालाई अद्यावधिक गर्ने र आचारसंहिता परिपालना एवं अनुगमनमा प्रभावकारिता ल्याउने ।

(झ) लेखापरीक्षणमा सूचना प्रविधिको उपयोग अभिवृद्धि गर्दै कागजविहीन लेखापरीक्षण प्रणाली कार्यान्वयन गरिने ।

(ञ) लेखापरीक्षण गरिने निकायहरुले प्रयोग गरेका सूचना प्रणालीमा लेखापरीक्षकको पहुँच स्थापित गरिने । ती सूचना प्रणालीको उपयोग गरी जोखिम विश्लेषण गर्ने ।

४. लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार

(क) नेपालको संविधानबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणबाट प्रभावकारी ढङ्गले लेखापरीक्षण गर्न जनसरोकार र सार्वजनिक महत्वका विषयहरु, राजस्व प्रक्षेपण तथा सङ्कलन प्रणाली, दिगो विकास तथा वातावरण, प्राकृतिक स्रोत र साधनको उपयोग, सांस्कृतिक सम्पदा संक्षण, सार्वजनिक खरिद, सार्वजनिक स्वास्थ्य, महामारी तथा प्रकोप व्यवस्थापन, र सार्वजनिक सेवा प्रवाह जस्ता क्षेत्रहरुमा जोखिमका आधारमा विशेष ध्यान केन्द्रित गर्ने ।

(ख) सार्वजनिक वित्त व्यवस्थापन तथा सेवाप्रवाहमा अत्यधिक अनियमितता, हिनामिना तथा हानि नोक्सानी र भ्रष्टाचारको जोखिम रहेका क्षेत्रहरुमा पहिचान गरी तदनुरुप वित्तीय, कार्यमूलक, परिपालना तथा विशेष लेखापरीक्षण **(Financial, Performance, Compliance and Specialised)** गरिने । साथै जोखिमको गाम्भीर्यताको आधारमा लेखापरीक्षणको कार्यदक्षता र प्रभावकारिता कायम गर्न सामयिक **(Concurrent),** अनुसन्धानात्मक **(Detective)** लगायतका लेखापरीक्षणका विविध वैज्ञानिक तरिकाहरु अवलम्बन गरिने ।

(ग) सार्वजनिक निकायहरुमा कार्यरत पदाधिकारीहरुको कार्यसम्पादनको आधारमा संस्थागत उद्देश्य प्राप्तिमा परेको प्रभाव तथा असर यकिन गर्न नेतृत्व परीक्षण **(Auditing Leadership)** विधि अवलम्बन गरिने ।

(घ) आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित निकायहरुसँग समन्वय गरी अन्तिम लेखापरीक्षणलाई नतिजामूलक क्षेत्रमा केन्द्रित गरिने ।

(ङ) कार्यमूलक लेखापरीक्षण र विशेष प्रकृतिको लेखापरीक्षणमा सेवा वा कार्यहरुको असर वा प्रभाव मूल्याङ्कन गर्न आवश्यकताअनुसार सामाजिक लेखापरीक्षणको (Social Audit) अवधारणा अनुरुप नागरिक समाजको समेत सहभागिता बढाइने ।

(च) सार्वजनिक वित्तीय व्यवस्थापन तथा सेवा प्रवाहमा देखिने कमी कमजोरी तत्काल रोक्न (Preventive) र समयमै सुधार गर्ने (Corrective) व्यवस्था गर्न सामयिक लेखापरीक्षण गरिने ।

(छ) लेखापरीक्षण प्रतिवेदनहरुको गुणस्तर नियन्त्रण र गुणस्तर आस्वस्तताको लागि विशेष संयन्त्र (Quality Assurance Unit) बनाइने तथा लेखापरीक्षण गुणस्तर नियन्त्रण समिति बनाई बेरुजूमा एकरुपता ल्याई गुणस्तर अभिवृद्धि गरिनेछ ।

(ज) लेखापरीक्षणको गुणस्तर मूल्याङ्कनको आधारमा उत्कृष्ट लेखापरीक्षण टोलीलाई पुरस्कृत गरिनेछ । साथै लेखापरीक्षण गरिएको विषयको सम्बन्धमा प्रचलित कानुन तथा लेखापरीक्षणमानको आधारमा लेखापरीक्षकको जिम्मेवारी सुनिश्चितता गरिने ।

(झ) लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने **(Pre-issuance Review)** नीति तयार गरी कार्यान्वयन गरिने । बाह्य समकक्षी पुनरावलोकन (Peer Review) गराई प्रतिवेदनको गुणस्तर आश्वस्तता यकिन गर्ने ।

५. वित्तीय अनुशासन तथा जवाफदेहिता

(क) सार्वजनिक निकायहरुमा वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलगायत जिम्मेवारी र जवाफदेहिता निर्वाहका निरोधात्मक उपायहरु अपनाउने ।

(ख) सार्वजनिक निकाय र संस्थाहरुको लेखा व्यवस्थापन र कार्यप्रणालीमा सुधारात्मक उपायहरु अवलम्बन गरी अनियमितता र बेरुजू न्यूनीकरण गर्ने । सकभर बेरुजू हुनै नपाउने व्यवस्था गर्ने ।

(ग) लेखापरीक्षणको व्यहोरा फछ्यौंट गर्न सार्वजनिक निकायहरुमा संस्थागत व्यवस्था गरी समयमै अनियमितता तथा बेरुजू फछ्यौंट गर्ने । बेरुजू फछ्यौंट कार्यलाई प्रभावकारी बनाउन अभियान चलाउने ।

(घ) पूर्वक्रियाशील सम्परीक्षण प्रणाली (Proactive follow up system) लागू गरी लेखाउत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिहरुबाट समयबद्ध बेरुजू फछ्यौंट कार्ययोजना माग गरी अनुगमन गरिने ।

(ङ) अत्यधिक बेरुजू हुने निकायहरुलाई उच्च जोखिम समूहमा वर्गीकरण गरी विशेष निगरानी तथा अनुगमनको व्यवस्था गरिने ।

(च) स्थलगत लेखापरीक्षणको क्रममा लेखापरीक्षणबाट देखिएका व्यहोरा तत्काल फछ्यौंट गर्ने गराउने, जटिल प्रकृतिका व्यहोराबाहेक अन्य सबै व्यहोरा प्रतिवेदन अगावै फछ्यौंट गर्ने गराउने ।

(छ) लेखापरीक्षण गरिने निकाय र लेखापरीक्षकबीचको अन्तर सम्बन्ध प्रभावकारी बनाउने ।

(ज) वित्तीय अनुशासन पालना र बेरुजू फछ्यौंटमा उदासीन पदाधिकारीहरुको अभिलेख तयार गरी सम्बन्धित निकायहरुलाई सूचित गरिने ।

(झ) वित्तीय जवाफदेहिताको मूल्याङ्कन गरी कार्यालयको र जिम्मेवार पदाधिकारीको वर्गीकरण Grading) गरी प्रतिवेदनमार्फत सार्वजनिक गरिने ।

(ञ) सार्वजनिक पदमा बहाल रहेका पदाधिकारीलाई विशेष जिम्मेबारी दिनु पर्दा आर्थिक अनुशासन वित्तीय जवाफदेहिता पालनाको स्तर समेतको आधार लिने व्यवस्था मिलाउने ।

६. संस्थागत सम्बन्ध र सञ्चार

६.१ संवैधानिक तथा संसदीय सम्बन्ध

(क) लेखापरीक्षणको कार्य समयमै सम्पन्न गरी राष्ट्रपतिसमक्ष प्रतिवेदन गर्ने ।

(ख) प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदनको व्यवस्था गर्ने ।

(ग) व्यवस्थापिका-संसद र संसदीय समितिहरुसँगको सम्बन्ध प्रभावकारी बनाउने ।

(घ) व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमार्फत लेखापरीक्षण प्रतिवेदनउपर छलफल र कार्यान्वयनको व्यवस्था मिलाउने ।

(ङ) प्रदेश तथा स्थानीय तहका लेखापरक्षिण प्रतिवेदनहरु छलफल तथा कार्यान्वयको व्यवस्था मिलाउने ।

(च) सार्वजनिक लेखा समितिलाई महालेखा परीक्षकको प्रतिवेदनउपर गरिने छलफलका विषयबारे छलफल अघि जानकारी गराउने व्यवस्था गरिने ।

(छ) व्यवस्थापिका-संसद र संसदीय समितिहरुसँग निकट सम्बन्ध स्थापित गरी निर्देशन र सुझाव कार्यान्वयन गर्ने ।

(ज) संवैधानिक निकाय र तिनका पदाधिकारीहरुसँग सम्पर्क स्थापना, सम्बन्ध विकास तथा सूचना आदान प्रदान र सहकार्य गर्ने ।

(झ) लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन र प्रभाव मूल्याङ्कन गर्ने ।

(ट) लेखापरीक्षण सल्लाहकार समितिलाई क्रियाशील गराई प्रभावकारी बनाउने ।

६.२ बाह्य सम्पर्क तथा सञ्चार

(क) कार्यालयको सञ्चार रणनीति (Communication Strategy) परिमार्जन गरी कार्यान्वयनमा ल्याइने ।

(ख) आम नागरिकमा लेखापरीक्षण र लेखापरीक्षण नतिजाको पहुँच बढाउन सार्वजनिक सञ्चार माध्यम र नागरिक समाजसँगको सहकार्य बढाउने । हटलाइन र लाइभ च्याटमार्फत सूचना प्राप्त गर्ने ।

(ग) लेखापरीक्षण तथा वित्तीय अनुशासनसम्बन्धी गतिविधिहरु समेटी मासिक बुलेटिन प्रकाशन गर्ने । रेडियो, टेलिभिजनबाट नियमित रुपमा सो सम्बन्धी कार्यक्रम सञ्चालन गरिने । नियमित रुपमा पत्रकार भेटघाट गरिने ।

(घ) वैदेशिक दातृ निकायका प्रतिनिधिहरुसँग छलफल र अन्तरक्रिया गरी वैदेशिक स्रोतको परिचालनमा प्रभावकारिता ल्याउने एवं प्राविधिक तथा वित्तीय सहयोग परिचालन गर्ने ।

(ङ) वित्तीय व्यवस्थापन र आर्थिक अनुशासन सम्बन्धमा संघ, प्रदेश र स्थनीय तहका सम्बद्ध पदाधिकारीहरुसँग अन्तरक्रिया छलफल तथा व्यापक रुपमा शिक्षा, तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

(च) लेखा तथा लेखापरीक्षण क्षेत्रसँग सम्बन्धित संस्था तथा विज्ञ विशेषज्ञहरु, नागरिक समाज तथा सुशासनसम्बन्धी संस्थाहरुसँग नियमित छलफल अन्तरक्रियाद्वारा सुझाव प्राप्त गर्ने ।

(छ) निजी क्षेत्र, सहकारी र गैरसरकारी क्षेत्रहरुसँग समन्वय गरी सूचना आदान प्रदान तथा प्रवर्धनात्मक कार्यहरु गर्ने ।

(ज) आम जनसमुदायमा आम्दानी, खर्च, विकास र लेखापरीक्षणका बारेमा सुसूचित गर्ने ।

(झ) वित्तीय व्यवस्थापन, लेखा, लेखापरीक्षणसम्बन्धी अध्ययन अध्यापन गर्ने गराउने संस्थाहरुसँग समन्वय गरी त्यस्ता संस्थामा अध्ययनरत व्यक्तिहरुलाई कार्यालयमा प्रशिक्षार्थी सेवा (Intern) लिने व्यवस्था मिलाउने ।

(ञ) अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्थाहरु, सार्वजनिक क्षेत्रको लेखापरीक्षणसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरुसँगको सम्बन्ध विस्तार गरी अन्तर्राष्ट्रिय क्षेत्रमा कार्यालयको उपस्थिति रहने व्यवस्था गर्ने ।

Photo Gallery



Staffs of the Office of the Auditor General welcoming the newly appointed Auditor General Mr. Tanka Mani Sharma Dangal



Honorable Auditor General assumes office on 22 May, 2017.



Honorable Auditor General addressing to the OAGN staffs



Hon. Auditor General addressing to the Secretaries of Govt. of Nepal on Asadh 2nd, 2074 on 'Financial Accountability and Financial Management'.



Honorable Auditor General with Chief Secretary during the meeting with Secretaries of Govt. of Nepal on 'Financial Accountability and Financial Management' on Asadh 2nd, 2074.



वित्तीय अनुशासन कायम गर्ने सन्दर्भमा महालेखापरीक्षकज्यूबाट नेपाल सरकारका मुख्य सचिवको उपस्थितिमा सार्वजनिक संस्थानका प्रमुख र लेखा प्रमुखहरुसँग मिति २०७४ असार ०४ गते सम्पन्न अन्तरक्रिया कार्यक्रम



Honorable Auditor General with Chief Secretary and other Secretaries during the meeting on 'Maintaining Financial Discipline' on Asadh 4th, 2074.



Interaction and Discussion of Hon. Auditor General with Chartered Accountants appointed by the Office of the Auditor General for Public Enterprises.



महालेखापरीक्षकज्यूबाट सार्वजनिक संस्थानको लेखापरीक्षण गर्ने लेखापरीक्षकहरुसँग लेखापरीक्षणका विविध विषयहरुमा मिति २०७४ असार ०६ छलफल तथा अन्तरक्रिया कार्यक्रम



२०७४ जेष्ठ २८ देखि ३० सम्म र जेष्ठ ३१ देखि असार २ गतेसम्म सञ्चालित CPE तालिम ।

NEPALESE JOURNAL OF GOVERNMENT AUDITING

The objective of this journal is to highlight contemporary issues relating to public financial management, public sector auditing and provide information regarding the activities of the Office of the Auditor General. Besides, it attempts to throw light on the financial management system of public enterprises.

Everybody is welcome to send in thought-provoking and research oriented articles for the journal.

The opinion expressed in this journal are personal views of the writer. They do not reflect the policies and views of the Office of the Auditor General of Nepal.

The Journal is published twice a year.

Patron

Honorable Auditor General Mr. Tanka Mani Sharma (Dangal)

Editorial Board

Co-ordinator	Mr. Mohadatta Timilsina
Member	Mr. Baburam Gautam
Member	Mr. Ishwor Nepal
Member	Mr. Padamraj Poudel
Executive Editor	Mr. Chandrakanta Bhandari
Co-editor	Mr. Roshan Das

Computer layout & Design

Mr. Bishnugopal Dangol

Published by:
Office of the Auditor General,
Babar Mahal, Kathmandu, Nepal.

Subscription Rate
Single Copy Rs.50/-

Printed Copies : 700

लेखक एवं पाठकवर्गमा अनुरोध

१. लेखापरीक्षण पत्रिका अर्ध-वार्षिक रूपमा प्रकाशन गरिन्छ ।

२. यस पत्रिकामा लेखापरीक्षण, आर्थिक प्रशासन एवं सार्वजनिक प्रशासनसँग सम्बन्धित लेखहरु प्रकाशित गरिन्छ ।

३. पत्रिकाको लागि लेख रचना पठाउँदा ए-फोर **(A4);** साइजको कागजमा **(Preeti Font Size 14) / Times New Roman (Font size 12)** फन्टमा टाइप गरिएको ५ देखि ८ पृष्ठसम्मको हुनुपर्दछ ।

४. लेखकले लेखसँगै लेखको डिजिटल कपी बुझाउनु पर्नेछ ।

५. अन्यत्र प्रकाशित भैसकेका लेख रचनाहरु प्रकाशित गरिनेछैन ।

६. प्रकाशित लेखका लागि तोकिएको दरमा पारिश्रमिक उपलब्ध गराइनेछ ।

७. अस्वीकृत एवं कुनै कारणवश प्रकाशन नगरिएका लेखहरु फिर्ता गरिने छैन ।

८. पत्रिकामा प्रकाशित लेखहरुमा व्यक्त विचार सम्बन्धमा सम्पूर्ण दायित्व लेखकमा नै निहित हुनेछ । जसले कार्यालयको नीति एवं कामको आधिकारीक प्रतिनिधित्व गर्ने छैन ।

९. लेखापरीक्षण कार्यलाई उपयोगी हुने लेख रचनालाई प्रकाशनमा प्राथमिकता दिइनेछ ।

१०. पत्रिकामा प्रकाशित लेख तथा अन्य विषयमा पाठक प्रतिक्रियाको स्वागत गरिनेछ ।

११. पत्रिकाका लागि लेख निम्न ठेगानामा पठाउन सकिनेछ ।

फोन नं. : ४२६२३८१
४२६२४१५
४२६२६४९
फ्याक्स: ९७७-०१-४२६२७९८
इमेल: info@oag.gov.np
वेभसाईट: www.oagnep.gov.np
नोटिस बोर्ड सर्भिस : १६१८०१४२५३२७०

सम्पादक मण्डल :
लेखापरीक्षण पत्रिका
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाण्डौ ।

ISSN Number: 2505-0893